# अध्याय एक
# परिचय

## (१). पृष्ठभूमि

नेपाल एक वहुजातिय, वहुभाषिक र वहुधार्मिक देश हो । सन् २००१ को जनसंख्यायिक तथ्याङ्क अनुसार ९२ वटा भाषा, ५९ जनजाति समुहहरु रहेका छन् । सन् २००१ को जनसंख्यायिक तथ्याङ्क अनुसार, कूल जनसंख्यामा ५०.०४ % महिला रहेका छन् । सन् २००१ को जनसंख्यायिक तथ्याङ्क अनुसार ८०% भन्दा वढि नेपालका महिलाहरु ग्रामीण क्षेत्रमा वसोवास गर्छन् । नेपाल एक पुरुष प्रधान समाज हो, जसले गर्दा महिलाहरुलाई अनुत्पादक कार्यको रुपमा हेरिन्छ । वर्तमान समयमा महिलाहरुलाई आर्थिक सहभागिता र आर्थिक विकाशको क्षेत्रमा महत्वपूर्ण मानिदै आएको छ । धेरै जसो राष्ट्रमा महिलालाई दोश्रो दर्जाको रुपमा हेरिन्छ । विकसित राष्ट्रमा "एउटै रथका दुई पाङ्ग्रा"जस्तै गरेर महिला र पुरुष विकासको विभिन्न कार्यमा लागेको पाइन्छ।

सन् १९५० पछि नेपालको महिलाहरु आधुनिक विश्वमा प्रवेश भएको पाइन्छ । विभिन्न पक्षहरुले गर्दा समाजमा महिलाको अवस्थामा परिवर्तन आएको छैन । हिन्दु दर्शनले गर्दा सामाजिक प्रणाली र शक्ति संरचनाहरु पुरुष प्रधान छ । UN ले April सन् १९९२ मा महिला विरुद्धको सम्पूर्ण विभेदको अन्त्य गरीन पर्छ भन्ने कुरालाई श्री ५ को सरकारले सहमती जनाउँदै औपचारीक रुपमा महिला मन्त्रालयका सन् १९९५ मा स्थापित गऱ्यो । नेपालको महिलाको अवस्था सुधार गर्नको लागि विभिन्न चरणहरुलाई जोड दिइएको छ । पश्चिमी राष्ट्रहरुमा जस्तै अमेरिका ,जर्मन ,व्रीटेन,, फ्रान्स जस्ता राष्ट्रमा महिलाको स्थान पुरुष सरह समान रहेको पाइन्छ । उनिहरु समाजमा घट्ने विभिन्न घटनाहरु जस्तै वालविवाह, वहुपत्नी जस्ता प्रथाहरुबाट टाढा छन् । औद्योगिक क्रान्ती पछि पश्चिम राष्ट्रका महिलाहरुले केहि अन्य अधिकारहरुको माग गरेको छन् । सामान्यतया कस्तो विश्वास छ भने "छोरा भएको खण्डमा आर्थिक र राजनैतिक उत्तराधिकारी उनै हुने र छोरी भएको खण्डमा भने अरुको पधेरोमा पानी भर्ने"(Rosa,1995)

सन् १९६० मा देखा परेको नारी आन्दोलन पछि सन् १९७० को प्रारम्भमा WID, सन् १९७० को उतरार्धमा WAD र सन् १९८० को दशकमा GID आयो । यस अवधारणाले एकतर्फबाट मात्र महिलालाई नहेरी पुरुषलाई पनि हेर्छ । किनकी महिलालाई पुरुषबाट छुट्याउन सकिन्न । यसले विभिन्न समाजमा लैङ्गिक संरचनाको जाँच र खोज गर्छ । यसले लैङ्गिक सम्बन्ध, लैङ्गिक श्रमको विभाजन र लैङ्गिक स्तरीयकरण आदिको आवश्यकताको खोज गर्छ । यसले महिलाको कल्याण, आधारभूत आवश्यकता, दक्षता, महिला श-शक्तिकरणको धारणा आदि जुन पुरुष प्रधान समाजमा रहेर विश्लेषण गर्छ ।

महिलाहरुको राजनैतिक श,शक्तिकरणको मुल्याङ्कन स्थानिय र राष्टिय चुनावमा हुने उनिहरुको सहभागिताले देखाउछ । (UNDP,1995)

मध्य र सुदुर पश्चिमाञ्चल विकाश क्षेत्रमा उच्च जनसंख्या र उच्च गरीवी रहेको छ । न्यून लैगिंक श-शक्तिकरण र न्यून लगानी जसको परीणाम न्यून मानव विकाश र सीमीत व्यक्तिहरु मात्र अवसर र क्षमतावान छन् । अझै पनि नेपालको ८० % जनसंख्याहरु कृषि क्षेत्रमा निर्भर गर्दछन् । सामाजिक र आर्थिक शक्तिको प्रभाव र विवरणमा असमानताले गर्दा नेपलामा अझ पनि थुप्रै व्यक्तिहरु गरीवीको रेखामुनी छन् । तराइको GDI लैगिंक विकाश

सुचकाङ्क सामान्य तह भन्दा पनि न्यून छ । यद्यपी HDI मानव विकाश सुचकाङ्क राष्ट्रको सामान्य तह भन्दा वढि छ । जसले के सल्लाह दिन्छ भने राष्ट्रको सम्पूर्ण क्षेत्रमा महिलाहरुलाई अतिरीक्त श-शक्तिकरणको आवश्यकता छ । (ADB 2001)

अवसर, सुरक्षा र श-शक्तिकरण तीन मुख्य तत्वहरु गरीवी घटाउन र मानव विकाशको लागि आवश्यक छ । शिप र शिक्षाको वृद्धि द्धारा मानव विकाश, स्वास्थ्यमा सुधार, उत्पादन वृद्धि गर्न सकिन्छ । जसले गुणस्तरीय जिवन प्रदान गर्छ । मानवीय विकाशमा गरीवी निवारण एउटा यस्तो निती हो, जसले संस्थाहरुको विकाश, सहभागिता, समानता, न्यायीकता, पारदर्शिता, उत्तरदायित्वता, दक्षतामा वृद्धि गर्छ । (NPC,2002)

नेपालको कूल जनसंख्यामा ५०% महिला र उनिहरु नेपालको ४९.९% पुरुषद्धारा शोषित छन् । उनिहरुको सामाजिक,आम्दानी, भू-स्वामीत्व, विवाहको उमेर आदिले महिलाको स्तर मापन गर्छ । महिलाहरुलाई पुरुषहरुको सहायकको रुपमा हेरिन्छ भने पुरुषहरु सम्पूर्ण कार्यहरुको निर्णय स्वयंम गर्ने गर्छ ।केहि सीमीत शहरी क्षेत्रमा महिलाहरु मात्र वाह्य कियाकलापमा सहभागि छन् ।  नेपाल जस्तो गरीव राष्ट्रमा गरीवी, अशिक्षा, रुढीवादी परम्परा जस्ता पक्षले गर्दा पुरुषको तुलनामा महिलाहरुसंग कम शक्ति रहेको छ । (C.B.S.,1995)

शिशु मृत्यु दर प्रति हजारमा ६४.४ % छ भने वाल मृत्यु दर  प्रति हजार १०.०२% छ । ७ वर्ष भन्दा माथिको अशिक्षित जनसंख्या ४६.४ % जम्मा र अशिक्षित महिला ५७.५ % छ । मातृ मृत्यु दर १,००,००० मा ५३ % छ भने प्रति महिला कुल प्रजनन् ६.१ छ । (C.B.S.,2003)

सन्  १९८१ मा Acharya & Bennett को अध्ययनको तथ्याङ्क अनुसार ९०%  भन्दा वढि ग्रामीण महिलाहरुले गाउँमा हुने छलफलमा भाग लिएका थिएनन् , ३१%  महिलाहरुले कहिल्यै पनि Vote दिएका थिएनन् ,१०%  ले मात्र चुनावमा नियमीत Vote दिएका थिए । वर्तमानमा धेरै महिलहरुले संसदिय चुनावमा भोट दिएका छन् ।

नेपालि  समाज (छुत) (अछुत) गरी विभाजन छ । जसमा अछुतहरुको जात अनुसारको कार्य छ । त्यसैले उनिहरुले सामान्य श्रोतहरुको पहुँच समेत प्राप्त गर्न सकेको छैन । महिलाहरुले निरन्तर रुपमा विभेदहरु भोग्दै आएका छन् । जे भएपनि मानव विकाशमा महिलाको दिगो सुधारलाई जोड दिनुपर्छ । (Acharya & Bennett,1981)

महिलाको निर्णय प्रकृया आर्थिक स्तर संग जोडिएको छ । आर्थिक रुपले उच्च भएका महिलाको निर्णय प्रकृयामा उच्च सहभागिता हुन्छ भने आर्थिक रुपले न्यून भएका महिलाको निर्णय प्रकृयामा कम सहभागिता हुन्छ । आर्थिक, जनसंख्यायिक र सामाजिक तत्वहरुले प्रत्यक्ष र अप्रत्यक्ष रुपमा महिलाको निर्णय प्रकृयामा प्रभाव पार्दछ । जो महिलाहरु शिक्षित र वाह्य रोजगार, आय आर्जन जस्ता क्षेत्रमा सहभागि भएका छन् । तिनीहरुको निर्णय प्रकृयामा बढि सहभागिता भएको पाइन्छ । (Acharya & Bennett,1982)

लैगिंक असमानता हटाउनको लागि महिलालाई लैगिंक विकाशको मुख्य तहमा समावेश गराइनु पर्छ । महिलालाई विकाशको मुल प्रवाहमा ल्याउन प्रतिवद्धता, खुलापन र लचकताको वातावरण हुनु पर्दछ । समान अवसर र अधिकार महिला र पुरुष दुवैको जिम्मेवारी पूर्ण भूमिका छ । लैगिंकको आधार भनेको अवसर नभई भिन्न ठाउँमा महिलाको आवश्यकता र उनिहरुको कार्यलाई महत्व दिनु हो । महिलालाई राजनैतिक, निती निर्माणको प्रक्रिया र

अन्य कृयाकलापहरुमा समेत समावेश गराइनु पर्छ । यो सम्पुर्ण प्रकृयाले महिलालाई आत्म निर्णय, नेतृत्वदायी क्षमता र अन्य क्षमताको पनि विकाश गर्छ । (Thapa,2002)

वर्तमान समयमा, महिलाहरु राजनितीक र अन्य क्षेत्रमा समेत सामेल भएको पाइन्छ । जस्तै :- इन्दिरा गान्धी, वेनजीर भूटो र खालिदा जीया । धेरै महिलाहरु डाक्टर, इन्जीनीयर, वकिल, पाइलट, वैज्ञानिक साथै अन्तरीक्षमा समेत पुगिसकेका छन् ।

पश्चिमी राष्ट्रहरुको तुलनामा उत्तर एशियाका महिलाहरुलाई वढि कमजोरको रुपमा हेरिन्छ । उत्तर एसीयाको महिलाहरु धेरैजसो सामाजिक, परम्परागत र संस्कार जस्ता कुराहरुद्धारा प्रभावित भएका छन् । यस्ता राष्ट्रहरुमा, छोराको जन्मलाई ठूलो खुसीयालि संग मनाइन्छ भने धेरै छोरीको जन्मले परिवारमा निरासापन ल्याउँछ ।

सन् १९८० को दशक संगै महिलाको अवस्था सामाजिक, सांस्कृतिक पक्ष र विकाशको सवालमा लैङ्गिक पक्षलाई सम्बन्धित गरेर नगन्य रुपमा अध्ययन अनुसन्धान भएका छन् । विशेष गरी सन् १९९० को राजनैतिक परिवर्तन पछि सरकारी र गैर सरकारी क्षेत्रवाट यस्ता अध्ययन अनुसन्धान हुन थालेका छन् । एक्सन एड नेपाल,(CCIC), लुथ्रन वर्ड सर्भिस, प्याक्ट, युनिसेफ, संयुक्त राष्ट्र संघीय विकाश कार्यक्रम जस्ता अन्तराष्ट्रिय गै.स.स. र विसी नेपाल, सिविन, स्त्री शक्ति, माइती नेपाल आदि गै.स.स. तथा विभिन्न अध्ययन संस्थाहरु र स्वतन्त्र तहवाट महिला विकाश, जनचेतना, लैङ्गिक सम्वन्ध, लैङ्गिक शोषण र दमन, आदि क्षेत्रमा केन्द्रित रहेर अध्ययन अनुसन्धान भएका छन् ।

(१).ख. समस्याको कथन

सन् २००१ को जनसंख्यायिक तथ्याङ्क स्रोत अनुसार कुल जनसंख्या २,३१,५१,४२३ मा ५०.०४ % जनसंख्या महिलाको छ । नेपाली महिलाहरुको विभिन्न समस्याहरुको सवालमा सरकार मौन हुनु हुँदैन । यद्यपी, समाजमा महिलाले न्यूनतम स्रोतहरुको पहुँच, सुचना र सेवा जस्ता पक्षवाट समेत वञ्चित छन् । यसवाट के देखिन्छ भने महिलाहरुले विभिन्न विभेद, सामाजिक असमानताको सामना, न्यून आर्थिक अवस्था जस्ता पक्षलाई सामना गर्नु परेको देखिन्छ ।

वास्तवमा, महिलाको आर्थिक श्रमको योगदान पुरुषको तुलनामा धेरै देखिन्छ । महिलाहरु सामान्यतया विहानको सूर्य उदय देखी घाम नअस्ताउन्जेल सम्म काम गर्दछन् । आर्थिक क्षेत्रको अलावा महिलाहरु घरभित्रको विभिन्न कार्यहरु जस्तै :-वालवच्चा हेर्ने, खाना पकाउने, लुगा धुने, जस्ता कार्यमा वढि सकृय देखिन्छ र यो तथ्याङ्क अन्तराष्ट्रिय श्रम संगठन अन्तर्गत (सन् १९८२) को हो । यसवाट के देखिन्छ भने महिलाहरु घरभित्रको कार्यको साथै उत्पादन कार्यमा समेत सहभागि भएका हुन्छन् ।नेपाल एक अविकसित राष्ट्र हो । विभिन्न सामाजिक सांस्कृतिक, मुल्य,मान्यता,धर्म,परम्परा,विश्वास तथा पुरुष प्रधान समाजले गर्दा महिलाहरु परिवार र समाजमा पछाडि परेको पाइन्छ । महिलाहरु प्राँय जसो समय घरभित्रको कार्य र आर्थिक क्रियाकलापमा विताउँछ । यद्यपी महिलाहरुको विवाहको उमेर कानुनले १८ वर्ष तोके पनि महिलाको विवाह १३ वर्षमा पनि भएको पाइन्छ । साथै ५० % महिलाको विवाह १६ वर्ष भित्र पनि भएको पाईन्छ। (UNFPA,1993)

नेपालको निशुल्क प्राथमिक शिक्षामा महिला भन्दा पुरुष बढि छन् । आधारभूत आवश्यकताहरुको नितीहरुमा" ( १९८५ -२०००) मा प्राथमिक शिक्षा सवैको लागि भनी समावेश गरी महिला शिक्षा विस्तारमा जोड दिइयो । प्राय

जसले आर्थिक रुपले सक्रिय जनसंख्याहरु कृषिमा भर पर्दछन् । महिलाहरुमा श्रोत र साधनहरुको पहुँच न्यून छ । महिलाको भन्दा पुरुषको औसत आयु धेरै छ । नेपालको मुलुकी ऐनमा सम्पत्ति माथिको अधिकार र व्यक्तिगत अधिकारहरु महिलाको पक्षमा छैन । (Rosa,1995)

महिलाहरुले आफ्नो श्रीमानको केहि सम्पत्तिमा अधिकार वाहेक उत्तराधिकारीको रुपमा सम्पत्ति माथि अधिकार प्राप्त गर्न सकेको छैन । सन् १९७५को "विश्व महिला सम्मेलन"पछि नैरेवीले विश्वको जनसंख्याको आधा भाग ओगटेको महिलाहरु लैगिंक कारणले गर्दा उनिहरुलाई वेवास्ता गरेको छ भनि भनिएको छ । १९९२-२००० मा नेपालको जनसंख्या वृद्दिदर २.४ %थियो भने युवा साक्षरता दर ३९.६% र र महिला साक्षरता २५% र पुरुष साक्षरता दर ५४.५% थियो । (ADB Nepal,2001)

सन् मार्च २००४ मा ९४ औं अन्तराष्ट्रिय महिला वर्षमा नेपालको महिलाको अधिकार सम्बन्धी प्रमुख रुपले समावेश गरियो । यद्यपी केहि घटनाहरुमा नेपाली महिलाहरु अन्यायमा परेको देखिन्छ । यस वर्षले महिलाको अधिकार सम्बन्धी सकारात्मक कार्य गरेको देखिन्छ । ३९ जना प्यूठानका विधवा महिलाहरुले सेतो लुगा लगाएनन् भने नवलपरासीका ७७ जना महिलाहरुले परम्परागत विभेदको व्यवहार विरुद्व रातो लुगा लगाएका थिए ।

सन् १९९० पछिको प्रजातन्त्रको पुर्नस्थापना पछि थुप्रै महिला संगठन केन्द्रहरुको शुरुवात भएको पाइन्छ । जसमा समान सम्पत्तिको अधिकार, गुणस्तरीय शिक्षा र रोजगार (सरकारी र गै.स.स.) जस्ता सवालहरुलाई राजनैतिक संस्थाहरुले उठाएका थिए । नेपाल सरकारले महिलाको नाममा जग्गा दर्ता गर्दा १०%,छुट र विभिन्न भौगोलिक क्षेत्रको आधारमा ५०० - १८०० सम्म सुत्केरी खर्च सेवा समेत दिएको पाइन्छ । ६३.६% ,महिलाहरु (१० वर्ष भन्दा माथिका) ले कृषि कार्यमा श्रमको योगदान दिएको छ भने पुरुषभन्दा वढि महिलाहरु घरभित्रको कार्यमा सम्लगंन भएको पाईन्छ । (CBS,2001)

सन् १९७५–२००० सम्मको तथ्याङ्क हेर्दा अर्जेन्टीनामा २७% गर्भवती महिलाहरुमा रगतको कमी भएको पाइयो । त्यस्तै गरी भारतमा ८८% , पाकिस्तानमा ३७%, वंगलादेशमा ५३% गर्भवती महिलाहरुलाई रगतको कमि भएको पाइयो । त्यस्तैगरि नेपालमा ६.५%, गर्भवति महिला यसरोगवाट ग्ररित छन् । (NPC 2002)

दशौं पञ्चवर्षीय कार्यक्रमको रणनितीहरुलाई हेर्ने हो भने पनि सम्पूर्ण सामाजिक, राजनैतिक क्षेत्रको विकाश गर्न र महिलाको श-शक्तिकरण गर्न र उनिहरुलाई केन्द्धित गरी निती कार्यक्रमहरुको निर्माण गरिएको छ । सरकारी एवं अन्य क्षेत्रहरुमा महिलाको रोजगारको सहभागिता वृद्धि गर्ने , दलित महिलाहरुलाई श-शक्तिकरण गर्न विभिन्न तालिम कार्यक्रमद्धारा उनिहरुको अधिकार सम्बन्धी ज्ञान बढाउने कार्यक्रम रहेको छ । (Npc2002,10th plan)

३ जना महिलाहरु प्रथम श्रेणीको महिला कर्मचारी ( 1st Class Women Officer) र ७१६४ महिलाहरु सरकारी सेवामा आवद्ध भएका छन् । (UN 2003)

कामको अवसरहरु, सहभागिताको दर, व्यक्तिगत सम्पत्तिको अधिकार, निर्णय प्रक्रियामा आर्थिक भूमिका जस्ता जटिल प्रक्रियामा सहभागिताले आर्थिक स्थितिको मुल्यांकनको विश्लेषण हुन्छ । वाली रोप्ने, गोड्ने र काट्ने समयमा पुरुष, महिला र वच्चाहरु समेत सहभागि हुन्छन् । कृषि कार्य र व्यापार जस्तो कुरामा पुर्ण रुपमा पुरुष

सहभागिता हुन्छन् भने महिलाहरु घरभित्रको कार्यहरु जस्तै (खाना पकाउने, खुवाउने, वाल वच्चा हेर्ने) मासंलग्न हुन्छन् । नेपालको महिलाहरु सानो उमेरमा विवाह गर्ने, वाल वच्चा हेर्ने र कामको वोझ जसले गर्दा महिलाहरुको पुरुषको तुलनामा औषत आयु न्यून देखिन्छ । विभिन्न कार्यक्रमहरुको माध्यमद्धारा महिलाको उत्पादन श्रममा वृद्धि गर्न सकिन्छ । (Acharya & Bennett,1981)

व्राम्हण क्षेत्रीहरुको सामाजिक संरचना हिन्दु धर्मको नियम अनुसार छ । हिन्दु धर्म संस्कृतिले गर्दा महिलाको प्रजनन् दर उच्च रहेको छ भने गर्भपतनलाई अपराधको रुपमा हेरिन्छ । अन्तराष्ट्रिय महिला वर्षमा राजनैतिक संरचनाको सम्पूर्ण तहमा महिला सहभागिता वृद्धि गर्ने पक्षमा जोड दिइएको थियो । (Bennett Lynn,1983)

सामान्यतया घरको विभिन्न कार्यहरुमा जस्तै पानी ल्याउने, इन्धनको खोजी, खाना पकाउनको लागि सामाग्रीको तयारी, वालवच्चा स्याहार जुन महिलाहरुको प्राथमिक जिम्मेवार जस्तै देखिन्छ । शहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रका महिलाहरु बढि आर्थिक कार्यमा ९६%,सक्रिय छन् । महिलाहरु कृषिमा सकृय सहभागि छन् । (Acharya,1997)

नेपाली समाज हिन्दु वर्ण व्यवस्थामा आधारित समाज हो । यहाँका गौर हिन्दुहरुमा पनि हिन्दु धर्म, दर्शन व्यवहार तथा सामाजिकीकरणको प्रभाव परेको छ । अनेकौ सामाजिक कट्टरताहरु कायमै छन् । पुरातन धार्मिक मान्यताले समाजलाई गांजेको छ । शैक्षिक रुपले मुलुक अन्य देशको तुलनामा निकै पछि छ । यस्तै राजनैतिक रुपले सुसंस्कृति र दिर्घकालिन सोचको विकाश हुन सकेको छैन भने आर्थिक रुपले विश्वको अति गरिव राष्ट्रको दर्जामा नेपाल पुगेको छ । यस अवस्थामा हरेक दुष्टिकोणवाट हाम्रो समाजमा लैङ्गिक विभेद छ । शासन संचालन गर्ने शासकीय प्रवृति स्वयंममा पूर्वाग्रही छ भने समाजका पुरातन धारणा र मान्यतालाई वदल्न नसकेको अर्को अवस्था छ । साथै हाम्रो सामाजिक रचनाको प्रारुप र सामाजिकीकरणको स्वरुप पनि पुरुष केन्द्रित नै छ । (Bista,1991)

नेपालको महिलाको साक्षरता दर पनि विभिन्न जातजाती अनुसार फरक रहेको पाइन्छ । महिलाको भूमिका र अवस्था सामाजिक र सांस्कृतिक रुपमा पुरुष प्रधान धारणा र हिन्दु धर्मको मुल्य मान्यता अनुसार व्याख्या गरिएको छ । नेपालको समाजमा महिलाहरु सुद्धता र असुद्धतासंग सम्बन्धित छन् । विवाह पछि महिलाले आफ्नो लोग्ने , सासु-ससुराको मान सम्मान र बाल बच्चाको स्याहार गर्नु पर्छ भन्ने कुरा सिकाईन्छ । महिलाले सामाजिक, सांस्कृतिक, आर्थिक र धर्म भित्रको क्षेत्रमा महत्वपूर्ण भूमिका खेल्छ जसले गर्दा उनिहरु घर वाहिर न्यून सहभागि छन् । महिलाहरुको विकाशमा संस्कृति नै वाधक रहेको पाइन्छ । विशेषतः पुरुष र सामाजिक सांस्कृतिक नियम मुख्य रुपमा छन् । वर्तमान नेपालको महिलाको क्रियाकलापहरु चार प्रकारको रहेको छ ।

१) घरभित्रको कार्यहरु

२) कृषिको कार्यहरु

३) स्थानिय अर्थ बजारमा सहभागिता

४) गाउँ वाहिरको अर्थमा सहभागिता जस्तै (छोटो समयको रोजगारको लागि बसाई सराई)

महिलाहरु घर भित्रको कार्यमा ८६ र जिवन यापनको कृषि सहभागितामा ५७%,सहभागि रहेको छ।

(Acharya,1997)

हिन्दु धर्ममा जातहरुको विभाजन र स्तरीकरण छ। महिला कमजोर रुपमा समाजमा स्थापित हुनु वाहुन ठुलो जात काम गर्न नहुने अरु तल्ला जातकोले उसको सेवा गर्ने जस्ता कुराको वारेमा उल्लेख भएको पाइन्छ।

(Bista,1989)

हाम्रो राष्ट्रमा विशेष गरी ग्रामीण क्षेत्रमा महिलाको निर्णय प्रकृयालाई महत्व दिइन्छ। त्यसैकारण अझै पनि महिलाहरुले महत्वपूर्ण निर्णय प्रकृयामा समावेश हुन सकेको छैन। तर, हामी यो भन्न चाहन्छौं कि यदि महिलाहरुलाई अवसरहर दिइएको खण्डमा राष्ट्रको जुनसुकै महत्वपूर्ण कार्य पनि सक्षमताका साथ भूमिका निर्वाह गर्न सक्ने छन्। साथै घर भित्रको निर्णय प्रकृयामा समेत दक्ष हुनेछन्।

नेपालको इतिहासमा पहिलो पटक छैठौं पञ्च वर्षिय योजनामा महिलालाई राष्ट्रिय विकाशमा सहभागि गराइएको थियो। यद्यपी, महिलाहरुलाई निर्णय प्रकृयाको कुरामा कम महत्व दिइन्छ। उनीहरु अझै पनि महन्वपूर्ण निर्णय प्रकृयावाट वञ्चीत छन्। आर्थिक विकाशको लागि शिक्षा र शिप अति निकट छ। ज्ञानको विकाश र उद्यमशिलताको दक्षताले उच्च रोजगारको अवसर, साथै परिवारमा निर्णय प्रकृया बढ्छ।

हाम्रो जस्तो पुरुष प्रधान राष्ट्रमा थुप्रै लैङ्गिक असमानता देखिन्छ। पुरुषहरु समाजिक, आर्थिक कृयाकलापमा वढि सकृय देखिन्छ। साथै महिलाको तुलनामा पुरुषहरु राष्ट्रिय विकाशको कार्यक्रमहरुमा वढि सकृय देखिन्छ। घर भित्रको र वाहिरको निर्णय प्रकृयामा र रोजगारको विभिन्न अवसरहरुमा महिला सहभागिता न्यून देखिन्छ।

गोदावरी गा.वि.स. मा महिलाको तुलनामा पुरुषको संख्या केही मात्रामा धेरै छ। यहाँको जम्मा घरधुरी सख्या १,३५३ वटा छन् भने पुरुष सख्या ३,१७६ र महिला सख्या ३,०८१ रहेको छ। (C.B.S.,2001)

घरभित्र र वाहिरको स्रोत र प्रयोगको निर्णय प्रकृयामा न्यून मात्रामा महिलाहरु सहभागि छन् भने पुरुषहरुको उच्च सहभागिता देखिन्छ। त्यसैकारण किन पुरुषहरु मात्र यस्तो निर्णय प्रकृयामा सहभागि हुन्छ भन्ने कुराको अध्ययन पनि यसमा गरीन्छ। राज्यवाट कुनै पनि विकाश कार्यक्रमको निर्माण गर्दा समाजमा निर्णय प्रकृयावाट टाढा रहेको महिलालाई लक्षित गरी गर्नुपर्छ। "महिलाहरुको घरायसी निर्णय प्रकृयाको भूमिकामा एक अध्ययन लाई निम्न प्रश्नहरुले समाधान गर्नेछ।

## (१).ग . अनुसन्धानको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य भनेको गोदावरी गा.वि.स. को महिलाहरुको घरभित्र र वाहिरको निर्णय प्रकृयामा उनीहरुको भूमिकाको वारेमा विश्लेषण गर्नु हो। साथै समाजिक, आर्थिक पक्षमा महिलाहरुको भूमिकाको वारेमा समेत विश्लेषण गर्नु हो।

सामाजिक पक्षको अध्ययन र त्यसको विश्लेषण गर्ने।

आर्थिक पक्षको अध्ययन र त्यसको विश्लेषण गने।

निर्णय प्रकृयामा महिलाको भुमिका र त्यसको विश्लेषण गर्ने।

## (१). घ . अनुसन्धानको महत्व

हाम्रो अध्ययनको विशेषता भनेको सैदान्तिक  र व्यवहारीक रुपमा दुवै तहमा छ । घर भित्रको स्रोत र प्रयोगको निर्णय प्रकृयामा  महिलाको भूमिकाको व्याख्या गर्नु हो । पुरुष प्रधान समाजमा सामाजिक, आर्थिक, राजनैतिक जस्ता पक्षमा महिला सहभागितालाई वेवास्ता गरिन्छ । यस अध्ययन र अनुसन्धानवाट प्राप्त तथ्याङ्कले योजना र निती निर्माताकर्तालाई लैङ्गिक समानता प्रति जोड दिदैं भावी कार्यक्रमहरुको निर्माणमा सल्लाह दिन्छ । त्यस्तै लैङ्गिक असमानता विभेदलाई महिलासंग सम्वन्धीत गरि विभिन्न कार्यक्रमद्धारा सीप र क्षमताद्धारा राम्रो र सफल जीवन प्रदान गर्न समेत यसले जोड दिएको छ । यहि सीप र सक्षमताले गर्दा नै महिला र पुरुषमा शक्तिको वाडफड हुन्छ । यो अध्ययन प्रत्यक्ष रुपमा परिवारमा महिलाको भूमिकाको व्याख्यासंग संवन्धीत छ । साथै विकाशको विविध क्षेत्रमा महिला सहभागिता माथी थुप्रै नयाँ कुराहरु माथि प्रकाश र नया परिणाम समेत पहिचान यस अध्ययनले गराएको छ ।

(१). (ङ०) शब्दावलिको परिभाषा

विभिन्न शब्दावली र अवधारणाहरु यस अध्ययनमा परिभाषित गरिएको छ । जुन यस प्रकारको छ ।

उमेर

उमेर समुहमा यहाँ २० भन्दा तल, २०-३४ सम्मको युवा समुह, ३५-५९ सम्मको मध्य उमेर समुह र वृद्ध ६० भन्दा माथि लाई समावेश गरिएको छ ।

लिङ्ग

लिङ्ग भन्नाले जैविकिय तत्व हो । यस अध्ययनमा लिङ्गलाई महिला र पुरुष भनेर छुट्याइएको छ ।

शिक्षा

शिक्षा भन्नाले यस अध्ययनमा उत्तरदाताको लेख्ने र पढ्न सक्ने क्षमतालाई जनाउँछ । शिक्षालाई विशेष गरी यहाँ दुई प्रकारमा विभाजन गरिएको छ । शिक्षित भन्नाले तिनीहरुलाई जनाइन्छ जसले पढ्न र लेख्न सक्छ ।अशिक्षित भन्नाले तिनीहरुलाई जनाइन्छ ,जसले पढ्न र लेख्न सक्दैन ।

वैवाहिक स्थिति

यस अध्ययनमा वैवाहिक स्थिति भन्नाले उत्तरदाताको विवाहित वा अविवाहितलाई जनाउँछ । अन्तरवार्ताको कममा विवाह भैसकेको लाई विवाहित र अन्तरवार्ताको कममा विवाह नभएकालाई अविवाहित भनी जनाउछ ।

परिवारको आकार

परिवारको आकार भन्नाले उतरदाताको परिवारको सम्पूर्ण सदस्यलाई जनाउँछ । परिवारको आकारलाई यहाँ तीन भागमा विभाजन गरिएको छ । सानो परिवार (चार भन्दा कम), मध्यम परिवार (पाँच देखि आठ सम्मको सदस्य) र ठूलो परिवार (९ सदस्य र त्यसभन्दा माथि)

आम्दानी

आम्दानी भन्नाले उत्तरदाताको सम्पूर्ण स्रोतहरुवाट हुने वार्षिक रुपमा आम्दानीलाई जनाउँछ । आम्दानीलाई यहाँ तीन भागमा विभाजन गरिएको छ । घरको न्यून आम्दानीको तह (वार्षिक रुपमा रु. ५०,०००- भन्दा कम) ,

घरको मध्यम आम्दानीको तह (वार्षिक रुपमा ५०,००० - १,००,०००) सम्म र उच्च आम्दानीको तह (वार्षिक रुपमा १,००,००० भन्दा माथि) ।

जमिनको आकार

जमिन भन्नाले उत्तरदाता वा परिवारको अन्य सदस्यसंग रहेको जम्मा जमिनलाई जनाउँछ । जमिनको आकारलाई जम्मा तीन भागमा विभाजन गरीएको छ । जमिनको क्रमशः क्षेत्रमा (५ रोपनि भन्दा कम), जमिनको मध्यम क्षेत्रमा (५ देखि १० रोपनि), जमिनको उच्च क्षेत्रमा (१० देखि २० रोपनि सम्म) ।

पेशा

अध्ययनको क्रममा पेशा भन्नाले उत्तरदाता वा परिवारका अन्य सदस्यहरुको रोजगार वा व्यवसायलाई  जनाउँछ ।

उत्पादन

अध्ययनको क्रममा उत्पादन भन्नाले उत्तरदाता वा परिवारको अन्य सदस्यको कूल उत्पादनलाई जनाउँछ । यसलाई दुई भागमा विभाजन गरिएको छ । घरको उपभोग्यको उत्पादन (जुन उत्पादन वेच्नको लागि हुदैन) ,व्यापारिक उत्पादन (जुन उत्पादन वेच्नको लागि गरीन्छ) ।

(१.).च. अनुसन्धानको सिमीतता

यो अध्ययन अनुसन्धानले सम्पुर्ण नेपालको महिलाहरुको प्रतिनिधित्व गर्न सक्दैन । किनकी यसले सानो क्षेत्रलाई मात्र समेटेको छ । यो अध्ययन एउटा विद्यार्थीले आफ्नो डिग्री प्राप्त गर्नको लागि गरेको हुँदा यसको आफ्नो सिमीतता छ । जस्तैः आर्थिक अभाव, समयको कमी, जनशक्तिको अभाव आदि कारणले गर्दा सिमीत क्षेत्रलाई अध्ययनको केन्द्र मात्र पर्ने वाध्यता छ ।

यस अध्ययन "महिलाहरुको घरायसी निर्णय प्रकृयाको भूमिकामा एक अध्ययन " भन्ने  गोदावरी गा.वि.स. को महिलाहरु संग सम्वन्धीत छ । महिला र पुरुषको घर भित्रको स्तरलाई समेत यसमा  विश्लेषण गरिएको छ । किनकी महिलाहरु पुरुषहरुभन्दा ( सामाजिक, आर्थिक, राजनैतिक ) रुपमा पछाडि रहेका छन् । यस अध्ययनले गोदावरी गा.वि.स. को सानो भौगोलिक क्षेत्रलाई अध्ययनमा समेटेको छ । यस अध्ययनले समाजको वृहत क्षेत्रलाई समेट्न नसकेता पनि एक सानो रुपमा महिला र पुरुषको स्तरलाई समेत मापन गरी नीकाल्ने प्रयास गरिएको छ । त्यसैले यो अध्ययन सीमीत घर परिवारको तुलनात्मक अध्ययनवाट सम्पूर्ण राष्ट्रको महिलाको स्तर निकालिन्छ ।

# अध्याय दुई

२) साहित्य पुनरावलोकन

एशियाको महिलाहरुलाई सामाजिक, आर्थिक, राजनैतिक पुर्वाग्रही रुपमा हेरिन्छ । जुन विगत देखि वर्तमान सम्म पनि छ भने केहि मात्रामा न्यून पनि भएको छ । असमानतालाई सन्तुलन गर्नको लागि तीन तत्व छन् :- आर्थिक, राजनैतिक शक्ति र ज्ञान। उनले आफ्नो अध्ययनको निस्कर्षमा निर्णय प्रकृयाको निर्धारकको रुपमा परिवारीक संरचना, अशिक्षा, परम्परागत धारणा, र महिलाको क्षमतालाई लिएका छन् । उनले गरीवी हटाउनका लागि तल्लो तहबाट नै शुरु गर्नु पर्ने वताएका छन् । सामाजिक कल्याणकारी निती जस्ता कुरा भन्दा महिलाको विभिन्न क्षेत्रमा हुने शोषणको पुन संरचनालाई कति जोड दिइएको छ भन्ने कुरा महत्वपूर्ण हुन्छ । Mazumdar ले एसीयाको वास्तविकलाई प्रकाश पारेका छन् । जसमा महिलाहरु खाद्य उत्पादन र कृषिमा सहभागी छन् । केहि एसीयाको परम्परागत धारणामा महिलाले नै कृषिको उत्पत्ति गरेको हुन् भन्दछन् । साथै निर्णय प्रकृया वाहेक सकृय सहभागी श्रम प्रकृयामा पनि देखिन्छ । महिलाले परिवारको सम्पूर्ण सदस्यलाई खाना खुवाउने जिम्मेवारी हुने हुँदा कृषिको निर्णय प्रकृयामा नियन्त्रण रहेको देखिन्छ । (Mazumdar,1982)

खाद्य उत्पादनमा वृहत संख्यामा महिला समावेश रहेको देखिन्छ । सवैभन्दा बढी ५०% अफ्रिकामा, ३०-४० % एशियामा र त्यस भन्दा कम लेटिन अमेरिकामा रहेको छ । महिलाहरुले पुरुषको तुलनामा न्यून ज्याला पाउँछन् भने महिलाहरुको प्रजनन् दर उच्च देखिन्छ । तेश्रो राष्ट्रका १ करोड महिलाहरु पढ्न सक्दैनन् । उनीहरुको शैक्षिक स्थिति मनोवैज्ञानिक रुपमा नै आत्म निर्णय गर्ने शक्ति दविएको देखिन्छ । उनले महिला र पुरुष वीचको पुलको रुपमा कार्य गरेको पाइन्छ । Krishana Ahooja- Patel ले विकाशको रणनितीमा महिलाको सवाललाई महत्वपूर्ण रुपमा समावेश गर्नुपर्छ भनेका छन् । यद्यपी यस्ता सवालहरुलाई विगतमा राष्ट्रिय र अन्तराष्ट्रिय स्तरको छलफलहरुमा महत्व दिएको छ । “महिला र विकाश” को प्रारम्भिक शब्द हाल “विकाशमा महिला” मा परिवर्तन भएको छ । केहि मूल्य मान्यताहरु महिलाको विकाशमा वाधा ल्याएको देखीन्छ । उनको अनुसार “विना स्थान” भन्नाले महिलाहरु दुईवटा ध्रुवबाट बाँधिएका हुन्छन् । कार्य प्रणालीमा (उत्पादन) र जिवन प्रणाली ( प्रजनन्) यी दुई तत्वहरुले महिलालाई हल्लीन पनि दिएको हुँदैन । उनले खाद्य उत्पादन, औद्योगिक कार्य, शिक्षा, स्वास्थ्य औद्योगिक धारणाले वाँच्नको लागि महिलाहरुले संघर्ष गर्न आवश्यक छ भन्ने कुरा प्रष्ट गर्छ । जव महिलाको लागि उपयुक्त रोजगार खाली हुन्छ, पुरुषहरु नै त्यस रोजगारमा राखीन्छ । तल्लो स्तरको कार्यमा मात्र प्राय महिलाहरु सहभागी हुन्छन् । साथै स्वास्थ्य उपचारमा समेत वेवास्ता गरिन्छ । केहि राष्ट्रहरुमा कूल जनसंख्याको ९०% महिलाहरु अशिक्षित छन् । महिलाको शिक्षामा, अर्थमा र अन्य समान महत्वको कुराहरुमा पनि न्यून महत्व दिइन्छ ।

अन्त्यमा, Krishna Ahooja-Patel ले निश्कर्षमा के प्रश्न राखेका छन् भने “महिलालाई स्रोतहरुको प्रयोग गर्नबाट वञ्चित गरी के हामी पूर्ण विकाश गर्न सक्छौं ”? उनले मुख्य गरी राष्ट्रको सन्तुलित विकाश गर्नको लागि महिलामाथि मानवीय स्रोत र त्यसको परीचालन गर्न आवश्यक छ भन्ने कुरालाई जोड दिएका छन् । (Ahooja,1982)

विशेष गरी गाउँ घर र कृषि क्षेत्र सम्बन्धी अध्ययनमा महिलाको निर्णय प्रक्रियालाई शिक्षाले महत्वपूर्ण रुपमा प्रभाव पार्छ भनेका छन् । महिलाहरुले वाल वच्चाको खाद्यान्न र पोषण बाहेक अन्य क्षेत्रको निर्णय प्रक्रियामा समावेश भएको पाइन्न । यदि महिलाहरु मध्यम स्तरको परिवारबाट छन् भने उनीहरुको घर भित्रको श्रोत साधनको निर्णय प्रक्रियामा उच्च सहभागिता रहेको हुन्छ । सामाजिक, आर्थिक स्तर निर्णय प्रकृयासंग निकट हुन्छ। अशिक्षित महिलाहरुको आम्दानीमा न्यून पहुँच हुने हुँदा उनीहरु आफ्नो बालबच्चाको राम्रो हेरचाह गर्न सक्दैनन् । उनले के निश्कर्ष निकालिन् भने निर्णय प्रकिया जस्तो कुरामा महिलाको स्तर न्यून देखिन्छ । त्यसैकारण योजना कार्यक्रमहरु महिलाको निर्णय प्रकृया क्षमतालाई सहयोग हुने खालको निर्माण गर्नु पर्छ ।

(Kaur Sathan,1987)

राष्ट्रको विकाशमा महिलाको आर्थिक र समाजिक क्षेत्रमा योगदान निकै कम छ । न्यूनतम शैक्षिक योग्यताले गर्दा ग्रामीण क्षेत्रका महिलाहरुमा रोजगारको कम अवसर हुन्छ । राष्ट्रिय र स्थानिय स्तरमा १०% मात्र महिला निर्णय प्रकृयामा सहभागि छन् । यस अध्ययनवाट ५०% पुरुष, १९% संयुक्त र ३१% महिलाले निर्णय प्रकृयामा सहभागि छन् । (UNICEF report,1987)

महिलाहरुले सामान्य जिवन बाँच्न र आफ्नो व्यक्तिगत लक्ष्यको लागि अझै पनि संघर्ष गर्दैछन् । साथै सामाजिक, आर्थिक, कानुनी पक्षहरु पनि कमजोर छन् । पुरुषहरु सधैं छोरालाई समर्थन गर्ने हुँदा महिलाहरु सधैं असुरक्षितको सामना गर्ने गर्छन् । समान कार्यमा महिलाहरुले प्राप्त गर्ने ज्यालामा पुरुषको तुलनामा एक तिहाई वा एक चौथाई मात्र हुन्छ । जुन धेरै फरक हो । पुरुष र महिला विच प्रजनन्को निर्णय प्रकृया जस्तै, उनीहरुको जिम्मेवारीमा, घरभित्रको तहको नियममा समेत असमानता छ । (Bruce,1989)

Jiggins ले Sub Saharan Africa का महिलाहरु जो प्रायँजसो घरमा आधारित कृषि कार्यमा सकृय छन्, जसले ग्रामीण जिवनलाई सहयोग गर्छ भनेका छन् । एक तिहाई आम्दानी साना व्यापार र सामान्य श्रम छन् । साथै उनीहरुलाई सरकार र वजारद्धारा महिला सेवामा न्यून प्रयाँस गरीएका छन् । महिलाको अर्पयाप्त स्वास्थ्य शेवाको अभावले गर्दा अल्प विकसित राष्ट्रमा उच्च मातृ मृत्युदरको सम्भावना वढि छ । यद्यपी, महिलाहरुले घरभित्रको अर्थलाई सहयोग गरेका छन् । महिलाहरु परनिर्भरवाट आत्मनिर्भरतातिर उन्मुख हुँदैछन् । कारण आर्थिक, सामाजीक र कानुनले समेत महिलाको उत्पादकत्व वढाउन केहि अवसरहरु प्रदान गरेका छन् । कानुनी रुपमा महिलाहरु सम्वन्ध विच्छेद र छुट्टिएर पनि वस्न सक्छन् । तर उनीहरुसंग न्यून पहुँच र न्यून सामाजिक सहयोग छन् । त्यसैकारण महिला छुट्टिएर वस्न चाहँदैनन् र केहि आर्थिक उत्तरदायीत्व र निर्णय छुट्टिएर वसेको पुरुषप्रति धेरै देखीन्छ । निरन्तर पुरुषको दमन र घरभित्र असमान जिम्मेवारीले गर्दा महिलाहरुको अवस्था न्यून देखीन्छ । यद्यपी, अनौपचारिक संस्थाहरुले विशेष गरी व्यापारमा महिला उद्यमशीलता वा साना कृषि उद्योगमा जोड दिएको छ । पुरुषहरुले घरको खर्च र राज्यको उद्यमीहरुसंग समेत सामेल भई अगाडि जाने गर्दछन् ।

उनले विभिन्न समस्याहरुलाई सुक्ष्म रुपमा सुझाव दिएका छन्, जुन आम्दानीको रुपमा श्रम प्रकृया र घरभित्रको कार्यमा महिलाको अवस्थालाई वलियो जोड दिएका छन् ।

प्रायँ जसो महिलाहरु कृषिमा आधारित घरका कार्यहरु गर्छन् । २०% महिलाहरु घरको कार्यमा सहयोगको रुपमा र ८०%कृषि श्रममा (विना ज्याला) संलग्न रहेको पाइन्छ । साथै परिवार पुरुष प्रधान छ र न्यून महिलाहरु मात्र

सम्पत्तिमा अधिकार र निर्णय प्रकृयामा पहुँच भएको पाइन्छ । उनीहरुको व्यय (खर्च) र सामाजिक सहयोगमा न्यून पहुँच रहेको देखिन्छ । उनले श्रम प्रकृयामा महिलाको अवस्था बलियो हुनु पर्ने र स्वतन्त्र आम्दानी (ज्याला) मा जोड दिनु पर्छ भनेका छन् । (Giggins j., 1989)

विश्वको जनसंख्याको आधा भाग ओगटेको महिला अल्प विकसीत राष्ट्रमा गरीवीको अवस्थामा रहेका छन् । यद्यपी अल्प विकसीत राष्ट्रमा गरीवीको विरुद्ध विभिन्न कार्यक्रमहरु संचालित छन् । घर भित्रको कार्य जसमा विना ज्याला महिलाले ७० घण्टा (एक हप्तामा) कार्य गरेको पाइन्छ । जे भएपनि मूल्य तिरेर गरीने कार्यमा समेत महिला  पुरुषले उस्तै कार्यमा सहभागी भएको खण्डमा समेत उनीहरुले प्राप्त गर्ने ज्याला असमान देखीन्छ ।

Grown and Sebstad ले उद्यमी, रोजगार, आम्दानीमा आधारित भइ अर्प्रयाप्त र जिवन यापन प्रणालीको परिभाषित गरेका छन् । अन्त्यमा महिला सहभागिताको अर्थ क्षेत्रको प्रकृति र घरको कार्यमा तिनीहरुको योगदान, सामुदायीक र राष्ट्रिय आम्दानीमा समेत छ । यस्तो सत्यपूर्ण अवधारणाले महिला र पुरुष विचको घरभित्र र वाहिरको सम्बन्ध वुझ्न  सकिन्छ ।

निती निर्माण कर्ताले लैगिंक आधारित र विमुख पिछडिएको महिला वर्गलाई लैगिंक  समानताको वृद्धिको लागि स्रोत साधनको पहुँच पुग्ने गरी नितीहरुको निर्माण गर्नुपर्छ भन्ने कुरामा जोड दिएका छन् । (Grown & Sebstad,1989)

Joycelin Massiah  ले क्यारीवीयन क्षेत्रको महिलाको जिवनयापनको वारेमा प्रकाश पारेका थिए । यी महिलाहरुले अल्पविकसित राष्ट्रको तुलनामा थुप्रै फाइदाहरु लिएका थिए । जस्तैः शिक्षामा पहुँच, श्रमशक्ति सहभागिता दरको पक्षमा, यस्ता मान्यताले के प्रष्ट हुन्छ भने “सामाजिक, आर्थिक अवस्थाले निरन्तर रुपमा अर्थ क्षेत्रमा महिला सहभागितालाई अवरोध ल्याउँछ ।” १९८० मा महिलाको सुक्ष्म अर्थ विकाश रणनितीले श्रोतको पहुँचलाई वेवास्ता गर्‍यो । त्यसैकारण वाह्य क्षेत्रमा महिलाहरुले वेरोजगारको सामना गर्नु परेको देखीन्छ ।उच्च रोजगारमा सीमीत महिलामात्र समायोजन हुन्छन् । महिलाले घरभित्रको विभिन्न कृयाकलापहरुमा (विना ज्याला, परिवारको व्यापार) मा समेत सहभागी भएको पाइन्छ ।

क्यारिवियन क्षेत्रका महिलाहरु १६ वर्षको उमेरदेखी नै आम्दानीको क्षेत्रमा सहभागी हुन्छन् जसमा, उनीहरुले पुरुषसाथी वा नातेदारवाट वित्तिय सहयोग प्राप्त गर्ने गर्दछन् । केहि व्यक्तिगत आम्दानीको लागि उनीहरुलाई स्वीकृत दिइएको छ । पुरुष साथीबाट आर्थिक परनिर्भर हटाउन आम्दानी समेत गर्छन् । Massiah ले घरभित्र र वाहिर महिला र पुरुष विचको राम्रो सम्बन्ध र आर्य आर्जनको निती कार्यक्रमहरु पनि निर्माण गर्न जोड दिएका छन् । (Massiah,1989)

कृषि उत्पादनको जिवन यापन गरीव महिलाहरुको न्यून भूमि वा भूमिहिन संग निकट छ । सानो क्षेत्रमा कार्य गर्ने व्यक्तिको न्यून ज्याला हुन्छ । कृषि क्षेत्रमा दिइने श्रमको ज्याला पुरुषको तुलनामा महिलाको न्यून छ । महिलाहरुले धेरै जसो समय घर भित्रको कार्यमा विताउने हुँदा उनीहरुको उत्पादनमा न्यून भूमिका भएको पाइन्छ। (UNICEF/Nepa,1991)

प्रजनन्को मुख्य प्रभावको विशेषतालाई हेर्दा सार्क (SAARC) राष्ट्रहरुमा कोरा मृत्युदर (CDR) श्रीलंका, माल्दिभ्स र भारतमा कमशः प्रती हजारमा ५.५%, ६.१%, ९.६% छ भने वंगलादेश, पाकिस्तान, नेपाल र भुटानमा कमशः ११.३%, १२% , १३.३ % र १९.३% छ । वंगलादेश, पाकिस्तानको तुलनात्मक रुपमा हेर्दा नेपालको कोरा जन्मोदर (CBR) वढि देखिन्छ । नेपालमा कूल प्रजनन् दर प्रति महिला ५.४% र श्रीलंका, भारत र वंगलादेशमा कूल प्रजनन् दर प्रति महिला कमशः कूल प्रजनन् दर कमशः ५.८%, ६.१%र ६.१% छ । (UNFPA,1993)

पहिलो विश्व महिला सम्मेलन १९७५ मा मेक्सिकोमा भएको थियो । जसमा स्वास्थ्य, सुरक्षा र महिला शिक्षामा जोड दिइएको थियो । महिला दशक १९७५-१९८५ जसमा समानता, शान्ति मुख्य नारा थियो । (United Nation,2000 )

महिला सहभागिताको विकाशको कार्यक्रममा आलोचनात्मक तत्वलाई हेर्दा विश्वको जनसंख्याको आधा भाग ओगटेको महिलाहरु पुरुषहरुबाट शोषित छन् । प्रायँ जसो सम्पूर्ण राष्ट्रमा पुरुष प्रधान समाज छ । वर्तमानमा पुरुषहरुको दमन गर्ने प्रकृति घट्दो छ । नेपालको विकाश कार्यक्रम लैगिंक सवालहरुसंग केन्द्रित गरिदै छ । विशेष गरी महिलाको विकाश सम्बन्धीको रणनितीमा गरीव, पिछडिएको समुहहरु सधैं पछाडि छोडिन्छ । (Mope,2001)

महिलाको प्रतिनिधित्व नागरिक सेवामा ८.५५%, पत्रकारितामा ५.१२% , प्रथम श्रेणीको महिला कर्मचारी०४.०२%, दोश्रो श्रेणीको महिला कर्मचारी ५.०४%, तेश्रो श्रेणीको महिला कर्मचारि ५.३४ %, स्वास्थ्य सेवामा ४८.९० % ,प्रशासनिक सेवामा ३९.६७ % र अन्य क्षेत्रमा ११.३ % २ छ

९:बींबि ७ उबलमभथ द्दण्ण्०

महिलाको श-शक्तिकरण र आत्मनिर्णयको लागि राजनैतिक, सामाजिक, आर्थिक, स्वास्थ्य स्थितिमा उच्च सुधार गर्न आवश्यक छ । लैगिंक विभेदलाई अन्त्य गर्दै मानव अधिकारलाई जोड दिनु पर्छ । (UN,2000)

Tibeto Brman समुदायका महिलाहरुको न्यून सामाजिक अवरोध छन् । जस्तैः घुमफीर, विवाह, पुर्नविवाहको अवसर, आम्दानीको अवसरहरुलाई वढि महत्व दिइन्छ । Indo Aryan समुदायका महिलाहरुमा न्यून सामाजिक, आर्थिक, अवसर हुन्छ । सामाजिक विभेदलाई हेर्दा तराई समुदायका महिलाहरुको ज्यादै दयनिय अवस्था छ भने मध्य र सुदूर पश्चिमाञ्चल क्षेत्रमा सामान्य छ ।

माथिका यस्ता कुराले के देखाउँछ भने निर्णय प्रकृयालाई विभिन्न तत्वहरुले प्रभाव पार्छ । नेपालको कूल जनसंख्यामा हेर्दा महिलाको अवस्था ज्यादै दयनिय देखीन्छ । जे भएपनि राष्ट्रको विकाशको लागि निर्णय प्रकृया सहित महिला शशक्तिकरण मुख्य सवाल हो । (Asian Development Bank Berifing Paper,2001)

Thakurathi का अनुसार, लैगिंक दूरी घटाउन महिला रोजगार, ज्याला, शिक्षामा पहुँच, स्वास्थ्य सुविधाहरुको प्राथमिकतामा जोड दिनुपर्छ । नेपालको ग्रामीण समुदायमा व्यक्तिको स्थानको प्राथमिक निर्धारण भू-स्वामित्व र स्रोतको पहुँचले गर्छ । उनको अनुसार २००१ को जनसंख्यायीक तथ्याङ्क अनुसार जमीनमाथि महिलाको स्वामीत्व

न्यून देखिन्छ । १४%, महिलाको नाममा केहि जमीन छ,पूर्वाञ्चल क्षेत्रमा २१%, सुदूरपश्चिमाञ्चल क्षेत्रमा ४% महिलाको नाममा भूमि रहेको छ । त्यस्तै गरी काठमाण्डौ र कास्की जिल्ला जुन शहरी क्षेत्र हो, जहाँ ३०% महिलासंग आफ्नो भूमि छ । त्यस्तै दार्चुला, बझाङ्ग, हुम्ला र वाजुराको महिलासंग २% मात्र आफ्नो भूमि छ । सम्पत्ती माथि महिलाको वलियो नेतृत्वदायी सकारात्मक सम्बन्धको स्थापना स्थान र जमीनको अधिकार वीचको सम्बन्धले गर्छ । जहाँ महिलाको अधिकार न्यून हुन्छ, त्यहाँ महिलाको स्थान न्यून हुन्छ ।

तुलनात्मक रुपमा काठमाण्डौ, इलाम र कैलाली जिल्लाहरुलाई हेर्दा ग्रामीण क्षेत्रको तुलनामा शहरी क्षेत्रमा उच्च भू-स्वामीत्वको अधिकार महिलामाथि भएको पाइन्छ । काठमाण्डौ र इलाममा ३०% घर परिवारको महिलासंग भू-स्वामीत्व रहेको पाइन्छ । जाती र जनजाती भित्र हेर्दा शहरी क्षेत्रका ब्राम्हण र क्षेत्री महिलाहरुमा भू-स्वामीत्व २९% र ग्रामीण क्षेत्रमा २०% देखीन्छ । साथै दलीत, नेवार र तराइको महिलाहरुमा भू-स्वामीत्व वढि देखिन्छ । (Thakurathi,2004)

सयौं करोड वालवालिकाहरु जो प्राथमिक स्कूल जाने उमेरका छन्, उनीहरु कक्षामा हुँदैनन्, भने ति मध्ये पनि साठी करोड वालिकाहरु कक्षामा हुदैनन् । सामान्यतया, अफ्रिका जस्तो गरीव राष्ट्रमा पनि दुइमा एक वालीका स्कूल जाने गर्दैनन् । अर्को संकटलाई हेर्ने हो भने एक सय पचास करोड वालिकाहरुले कहिल्यै पनि प्राथमिक शिक्षा पुरा गर्दैनन् । (Aryetal,2004)

महिलाहरु अझै परम्परागत भूमिका र सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक र कानुनी क्षेत्रभित्र पुरुषको सहायकको रुपमा हेरीन्छ । यद्यपी, नेपाली समुदाय पुरुष प्रधान संरचनामा आधारीत छ । विभिन्न समुदायमा वजार अर्थ क्षेत्रभित्र र घरभित्रको निर्णय प्रकृयामा समेत महिलालाई विभेदपूर्ण परिभाषित गरीएको छ । विशेषतः महिलाहरु घरभित्र र पुरुषहरु घरवाहिर सम्वन्धीत भएको देखीन्छ । (Stri Shakti,1996)

महिलालाई उच्च तहमा पुऱ्याउन शिक्षाको अनिवार्य छ । निर्णय प्रकृयाका क्षमता हुनको लागि महिला शिक्षा निःशुल्क र अनिवार्य हुनुपर्छ । औपचारीक र अनौपचारीक शिक्षा कार्यक्रम नेपालको अशिक्षित महिलाको विचमा ल्याइनु पर्छ । (Subedi,Prtiva,1993)

नवौं पञ्चवर्षिय योजनाको लक्ष्य लैगिंक समानता र महिला शशक्तिकरणद्धारा महिलालाई विकाशको मुल धारमा ल्याउनु हो । महिला सहभागिता हरेक क्षेत्रमा वृद्धि गर्न निर्णय प्रकृयामा लैगिंक धारणा र क्षेत्रीय निती तथा कार्यक्रमहरुको उपयोगिता र मूल्याङ्कनमा जोड दिइएको छ । साथै महिला शशक्तिकरणको विकाश प्रकृया जसमा सामाजिक, आर्थिक, राजनैतिक, कानुनी रुपमा महिला अधिकारको सुरक्षा र विस्तारमा समेत जोड दिइएको छ । साथै महिला विरुद्धको सम्पूर्ण हिंसा, शोषण र असमानताको अन्त्यलाई समेत मुख्य रुपमा समावेश गरीएको छ । (The Ninth Five year plan,1997-2002)

छोराको उच्च प्राथमिकता नेपालमा मात्र नभई अन्य राष्ट्रमा पनि पाइन्छ । जसमा जर्मनको संवैधानिक अदालतले गर्भपतनको नियमलाई पूनर जाँच गरेको थियो किनकी यो प्रमुख समस्या वनेको थियो कारण सन् १९९५ भन्दा सन् १९९६ मा छोराको उच्च प्राथमिकताले गदा विवाहित र अविवाहित महिलाहरुले गर्भपतन गराएका थिए । (The Kathmandu Post,2004)

नेपालको महिलाको जनसंख्या ५०.०४% छ भने साक्षरता दर ४२.५% र पुरुषको साक्षरता दर ६५.४% छ । प्राथमिक शिक्षा पुरा गर्ने महिला ७५% पुरुष ८६% छ । त्यसैगरी महिलाको स्वास्थ्य, आर्थिक र राजनैतिक योगदान ५०% साथै महिलाले ७०.७३% घण्टा र पुरुषले ७.५७%,कार्य गर्ने गर्छ ।

महिलाको साक्षरता दर विकाश क्षेत्र अनुसार हेर्दा पूर्वाञ्चल विकाश क्षेत्रमा ४५%, मध्यमाञ्चल विकाश क्षेत्रमा ४१.६% ,पश्चिमाञ्चल विकाश क्षेत्रमा ४९.१%, मध्य -पश्चिमाञ्चल विकाश क्षेत्रमा ३७.७% , र पश्चिमाञ्चल विकाश क्षेत्रमा ३३.२ %छ । (C.B.S.,2001)

सन् १९९१ मा आर्थिक रुपले सकृय महिला जनसंख्या ४५.५% ,पुरुष ६८.७% , र जम्मा ६८.% , र लैगिंक फरक २३.२ %, थियो भने २००१ मा आर्थिक रुपले सकृय महिला जनसंख्या ५५.३%, पुरुष ७२.७%,जम्मा सकृय जनसंख्या ६३.४% र लैगिंक फरक १६.४% छ । (C.B.S.,2002)

नेपालमा कम उमेरमा महिलाको विवाह भएको पाइन्छ । जसको परिणाम उच्च प्रजनन् दर रहन्छ । नेपालको परम्परागत सामाजिक र आर्थिक परिणामले उच्च प्रजनन् दरलाई समेट्छ । कम उमेरमा गर्भाधारणले आमा र बच्चा दुवैको स्वास्थ्यमा असर पार्छ । नेपालमा महिला र पुरुषको विवाहको उमेर क्रमशः १९.५% र २२.९% छ र फरक ३.४% छ । (C.B.S.,2003)

अविकसित राष्ट्रमा ९९% मातृ मृत्युदरको मुख्य कारण महिलाको उच्च प्रजनन् र न्यून वैवाहिक उमेर हो । नेपालको राष्ट्रिय प्रजनन् स्वास्थ्य रणनितीले प्रजनन् स्वास्थ्य सेवा राज्यको सम्पुर्ण क्षेत्रमा पुर्‍याउनको निम्ति निम्न नितीलाई सम्बन्धीत गरेको छ । परिवार नियोजन, स्वस्थ मातृशिशु सुरक्षा, युवा प्रजनन्,स्वास्थ्य गर्भपतनको जटिलता संरक्षणण व्यवस्थापन जस्ता विषयलाई समेटेको छ । (C.B.S.,2004)

जातजातीलाई फूलवारीको अपरीहार्य अंग मान्नु, जातजातीको व्याख्या गरेका छन् । जसमा उनीहरुको सामाजिक, आर्थिक, सांस्कृतिक, भौगोलिक, धार्मिक कुराहरुको विस्तृत रुपमा परिचय दिएका छन् । उनले नेपाल विभिन्न जातजातीहरु, भाषा भाषिहरु, धर्म संस्कृतिहरु, मुल्य मान्यताहरुको संयुक्ततामा नै पूर्ण नेपालको अस्तीत्व रहेको उल्लेख गरेका छन् । (Bist,1991 1st edition & 19992nd edition)

कैलाश पत्रिकामा प्रकाशित यस लेखले Old Legal code ले हिन्दु धर्मवाट प्रभावित विभिन्न ऐन नियमलाई आधार मानेर यस ऐनले जातिय व्यवस्था, सामाजिक गतिशिलता, संस्कृतिकरणको सम्वन्धमा विभिन्न नियम मान्यताको वारेमा विश्लेषण गरेका छन् । नेपाली समाजको ढाँचा र भारतिय सामाजिक ढाँचा समान प्रकृतीको भएको र दुवै हिन्दु दर्शनवाट प्रभावित र दर्शनमा आधारीत व्यवस्थाले प्राचीन कालदेखी नै समाजमा जरो गाडेको छ । जहाँ महिलाको स्थान र भूमीका पुरुषको तुलनामा न्यूँन छ । हिन्दु धर्म भित्र पनि उच्च र निम्न जातहरुको स्तरीकरण भएको पाइन्छ । लैगिंक रुपमा पनि भेदभाव देखीन्छ । (Sharma,1977)

महिलाहरु पुरुषद्धारा नियन्त्रीत र सुरक्षीत गरीन्छ । अन्तराष्ट्रिय महिला वर्षको समयमा महिलालाई हरेक क्षेत्रको सहभागितामा वृद्धि गरिने छ भनिएको थियो । “समानता र अधिकार” लेखमा राष्ट्रको कुनै पनि नागरिकलाई रङ्ग•, धर्म, लिङ्ग, जात, आदिको नाममा भेदभाव गरिने छैन भनिएको छ । (नेपाल सरकार १९७६) नेपालको शहरी क्षेत्रमा

वस्ने केही सिमीत महिला आर्थिक रुपले आत्म निर्भर भएतापनि परम्परागत आफ्नो छवि पूर्ण रुपले त्याग्न सकेको छैनन् । (Bennet,1979)

महिला र पुरुष विच हुने लैङ्गिक असमानतालाई देखाइएको छ । महिलाले सम्पत्तिको स्रोतको रुपमा विवाहमा प्राप्त गर्ने पेवा वा दाइजोलाई मात्र लिइन्छ । पुरुषले घरभित्रको स्रोत र त्यसको प्रयोगमा समेत आफ्नो निर्णय गर्ने गर्छ । पुरुषहरु वढि जसो समय शैक्षिक, आर्थिक, पूँजी आर्जनमा विताउँछ भने परिवामा महिलाको श्रमको मुख्य आवश्यकताले गर्दा उनीहरुलाई स्कूल पढ्नवाट वञ्चीत गरीन्छ । वर्तमानको निती नियम एकतन्त्र भएको हुँदा यसलाई परिवर्तन गरी लैङ्गिक समानताको दिर्घकालीन कार्यक्रमको तर्जुमा गर्नुपर्छ । (Acharya & Bennett,1981)

नेपाली समाजको के-कसरी विकाश हुँदै वर्तमान सम्म आईपुगेको छ भन्ने कुरा विस्तृत रुपमा यसमा गरिएको छ । वर्तमान समाजमा नेपाल वहुभाषि, वहुजाति, वहुसंस्कृतिमा विभाजन छ । साथै समाज तागाधारी, मतवाली, छोइछिटो हाल्नु नपर्ने र छोइछिटो हाल्नु पर्ने चार प्रकारमा विभाजन गरीएको छ । (Bista,1982)

नेपाली उच्च जातका महिला र पुरुष वीचको सम्वन्धलाई विशलेषण गर्न हिन्दु व्यवस्थाको नियम, प्रकृया तथा व्यवहारहरुको अध्ययन गरिएको छ । विवाहित र अविवाहित हिन्दु महिलाहरुको सामाजिक भूमिकामा के - कस्तो फरक छ भन्ने तथ्यलाई यस पुस्तकमा देखाउन खोजिएको छ । अधिकांश जन्म मृत्यु संस्करहरुमा पुरुषको निर्णयकारी भूमिका वढिरहेको देखाइएको छ । महिला पुरुष वीचको सम्वन्धलाई व्याख्या गर्दै महिलाहरुको न्यून सामाजिक, आर्थिक, संस्कारगत तथा धार्मिक अवस्थालाई औल्याईएको छ । हिन्दु सामाजिक सांस्कृतिक प्रारुपले कसरी महिलाको अवस्थालाई पुरुष सरह हुन दिएको छैन भन्ने तथ्यहरु उल्लेख गरीएको छ । महिलाले महिला प्रति गर्ने नकारात्मक व्यवहारलाई उठाइएको छ । धर्म र संस्कृतिका नाममा महिला दमनका प्रवृतिका वारेमा चर्चा गरिएको छ । (Bennett,1983)

'Weaving,Writing and Gender' भन्ने पुस्तकमा पनि नेपाली तामाङ्ग समुदाय जुन काठमाडौं उपत्यकाको उत्तर र पश्चिमी क्षेत्रमा वसोवास गर्दछन् तिनीहरुको जनजातिय अध्ययनका आधारमा तयार पारिएको हो । यसमा लेखकले बुनाई र लेखाइलाई तामाङ्गहरुको प्राविधिक क्षमता मात्र नमानी त्यस कार्यमा लैङ्गिक प्रतिकात्मक रहेको उल्लेख गरेका छन् । तामाङ्ग समाजमा महिला र पुरुषको भिन्न भिन्न भूमिका हुन्छ, महिलाहरु तान वुन्ने, वालवच्चा हेर्ने घरको कार्यमा व्यस्त र केहि आर्थिक कार्यमा समेत संलग्न भएको र पुरुषहरु औपचारिक शिक्षा लिने, व्यापार गर्ने, आर्थिक रुपले वढि सकृय हुने हुँदा उनीहरुको घर भित्र र वाहिरको क्षेत्रमा निर्णय प्रकृया धेरै रहेको पाइन्छ । (March s.Kathryan,1983)

सामाजिक स्तरीकरण भित्र रहेको सामाजिक, राजनैतिक, आर्थिक, मनोवैज्ञानिक पक्षको विश्लेषण चाकरी प्रथाको विश्लेषणका साथसाथै एक एकाईमा परिवर्तन आउँदा सिङ्गो संरचना नै प्रभावित हुने तर्क दिइएको छ । लेखकले नेपाली जातीय व्यवस्था, भाग्यवादि संस्कार, चाकरी प्रथा, आफन्तवाद, परम्परागत धारणाले नेपाली सामाजिक ढाचाँको प्रत्येक तहमा नकारात्मक प्रभाव परेको हुनाले यहि सामाजिक ढाँचा नेपाल विकाश र समृदिको वाधक भएको कुरा उल्लेख गरेका छन् । नेपाली समाज वन्दस्तरीकरण र खुल्ला स्तरीकरणमा वढ्छ । स्तरीकरणवाट

प्रभावित छ जहाँ कर्मलाई भन्दा भाग्यलाई जोड दिईन्छ । यसवाट छुटकारा पाउन हिन्दु पुरातन मान्यतालाई हटाउनु पर्दछ । (Bista,1989)

'Fatalism and Development' भन्ने पुस्तकमा पनि नेपालको ऐतिहासिक, सामाजिक, भौगोलिक, जातिय, धार्मिक, आर्थिक, राजनैतिक, सामाजिक, सांस्कृतिक, शैक्षिक पक्षको चित्रण गरेका छन् । महिलाको वारेमा Manusmriti मा पनि महिला विवाह पहिले वावुको, विवाहपछि श्रीमान् र वृद्धमा छोराको अधीनमा हुनु पर्नेले महिला कमजोर रुपमा स्थापित गरेको देखीन्छ ।

(Bista,19911st edition & 1999 2nd edition)

तुलनात्मक रुपमा हेर्दा विकाशोन्मुख राष्ट्रमा पुरुषको तुलनामा महिलाहरुलाई ज्यादै जटिल अवस्थामा अस्पताल ल्याइन्छ । (Suvedi,1993)

नेपालको महिलाहरुको स्वास्थ्य स्थितिलाई हेर्दा उनीहरुलाई वाल्य अवस्था देखि नै यस प्रति वेवास्ता गरेको देखिन्छ । सांस्कृतिक मूल्य मान्यता, आर्थिक अवस्था, परम्परागत धारणा छोरा र छोरी प्रतीको दृष्टिकोण, गरीवी जसले गर्दा महिला स्वास्थ्य प्रति न्यून जोड दिएको पाइन्छ ।

वर्तमान समयमा विकशित राष्ट्का व्यक्तिहरुले महिलाप्रति सकारात्मक धारणा राखेको पाइन्छ । शहरी क्षेत्रको परिवार भित्र महिलाहरु पनि केहि आम्दानी हुने कार्य गर्नु पर्छ भन्नेमा लागेको पाइन्छ । यो विश्वास त्यतिवेला स्वीकार्य भयो जुन वेला मानिसहरुले आफ्नो घरको महिलाहरुलाई शिक्षा र रोजगार सम्बन्धी तालिमको लागि बाहिर जाने अनुमति वा निर्णय दिएका थिए । (ADB,2001)

श्रेष्ठले जब निति निर्माण र योजनाको सम्पूर्ण तहहरुमा समान सहभागिता हुन्छ, त्यसवेला निर्णय प्रकृयाको क्षमतामा वृद्धि हुन सक्छ भनेका छन् । यो भन्न खोजिएको छैन कि एक दुईजना महिलाहरुलाई नेतृत्वदायी भूमिकामा सहभागी गराइनु पर्छ । ठूलो समुदायमा समान निर्णय प्रकृयामा महिला र पुरुषहरुलाई सहभागी गराइनु पर्छ । उनको अनुसार महिलाहरु स्रोतहरुबाट वञ्चीत नभई प्राप्त श्रोतहरुको प्रयोग गर्नबाट वञ्चित छन् । उनीहरु शोषण र असमानताबाट ग्रस्त छन् । यस अवस्थावाट महिलालाई माथि उठाउन महिलाहरु आफै आत्म निर्णय प्रति सचेत हुनुपर्छ । उनीहरुलाई शिक्षाद्धारा विकाशको सहभागिता वढाउनपर्छ । जसले घरभित्रको निर्णय प्रकृयामा महत्वपूर्ण प्रकार्य गर्न सहयोग गर्छ । निर्णय प्रकृयाको भूमिकाले र घर भित्रको प्रणालीमा महिलाको स्तरलाई संकेट गर्छ । साथै उच्च स्तर भएका महिलालाई आर्थिक आम्दानीको रोजगारमा सहभागी हुन वन्देज छ । सांस्कृतिक मुल्य र मान्यताले गर्दा घरभित्रको निर्णय प्रकृयामा घरमूली नै वढि शक्तिशाली भएको पाइन्छ । शिक्षाको कमीले गर्दा सीमीत महिलाहरु मात्र आफ्नो वालवच्चाहरुलाई सिकाईमा महत्व दिन्छन् । न्यून महिलाहरु मात्र शिक्षीत छन् । गरिव परिवारहरु जसले वालवच्चाको शिक्षामा व्यवस्था गर्न सकेको पाइन्न ।

(Shrestha M,2003)

राष्ट्रिय र अन्तराष्ट्रिय विकाश प्रकृयामा महिला सहभागितालाई जोड दिइनु पर्छ । ग्रामीण क्षेत्रको महिलालाई सामाजिक, आर्थिक, सांस्कृतिक कृयाकलापद्वारा उनीहरुको अवस्था सुधार गर्न सकिन्छ । समान शैक्षिक पाठ्यक्रम द्धारा महिला र पुरुषलाई अगाडि लैजानु पर्छ । (Acharya,1997)

रेग्मीले नेपालको जनसंख्या, सांस्कृतिक इतिहास, विवाह, पर्व, हिन्दु धर्म, महिला हैसियत जस्ता विभिन्न पक्षको चर्चा उनले यहाँ गरेका छन् । नेपाल वहुजातिय, वहुभाषिक, वहुधार्मिक, वहुसांस्कृतिक राष्ट्र हो । महिलाको स्तर न्युन भएको र विविध पक्षमा पहुचँ पुग्न नसकेको कुरा उल्लेख छ । समाजलाई सन्तुलित रुपमा अगाडि वढाउन विभिन्न एकाइका नियम, आदर्श, दण्ड सजायको व्यवस्था गरिएको र जुन मान्यता हिन्दु धर्मवाट प्रभावित भएको उल्लेख छ । (Regmi,1999)

महिला सधै सानो उद्योग व्यवसाय र न्यून ज्यालाको रोजगारमा संलग्न रहेको पाइन्छ । नवौं पञ्चवर्षीय योजनामा एक लाख मानिसलाई रोजगारको अवसर प्रदान गरीने छ भन्ने लक्ष्य राखीएता पनि जव अवसरहरुको प्रदान गर्ने समयमा यस योजना लैगिंक समानता प्रति मौन रहेको देखीन्छ ।

महिला श-शक्तिकरण, आत्मनिर्णय र महिलाको सामाजिक, आर्थिक, राजनैतिक स्तरको सुधार जिवनको सम्पूर्ण क्षेत्रको दिगो विकासको लागि आवश्यक छ । महिलाको स्तर माथि ल्याउनको लागि शक्तिमा महिलाको सहभागिता र निर्णय प्रकृयामा सहभागिता आवश्यक छ । यद्यपी महिलाहरुको निर्णय प्रकृयामा जस्तै साधारण कुरामा महिलाको निर्णय सहभागिता केहि मात्रामा वृद्धि भएको छ । (Thapa,2002)

समुदायमा आधारित विकाश र कल्याणकारी कार्यक्रमहरुले महिलाको निर्णय प्रकृयामा प्रतिनिधित्व वढाउन जोड दिन्छ । आय आर्जनसंग सम्वन्धीत गरी अन्य कार्यक्रममा पनि जोडदिनुपर्छ । विभिन्न सफल कार्यक्रमद्धारा पनि आर्थिक आत्मनिर्भरता व्यक्तिगत निर्णय र श्रोतमा पहुँचमा समेत जोड दिनुपर्छ भनेर भनेका छन् । (Pandit Baburam,2003)

पुरुष प्रधान समाजले महिलालाई सामाजिक, सांस्कृतिक रुपले निकै कमजोर वनाएको छ । प्राँयजसो महिलाहरुको आर्थिक आधार न्यून छ । त्यसैकारण प्रायँजसो अल्प विकसित राष्ट्रमा महिला शिक्षा, स्वास्थ्य, अर्थ र सरसफाईलाई प्रमुख रुपमा जोड दिएको पाइन्छ ।

विकाशको हरेक प्रकृयामा लैगिंक सवालहरु महत्वपूर्ण क्षेत्र हुन् । नेपालको योजना र नितीहरुमा लैगिंक सवाल एक नयाँ अवधारणा हो । रोजगार र शिक्षामा सहभागिता लैङ्गिक असन्तुलन छ । सामान्यतया नेपालको महिलाहरु पुरुषको तुलनामा हरेक क्षेत्रमा पिछडिएका छन् । महिलाहरुलाई विकाशको पहुँचमा जोड दिनु पर्छ । सामाजिक, आर्थिक, तत्वहरुको प्रभावले गर्दा घर भित्रको आर्थिक पक्षमा महिलाको योगदान न्यून देखिन्छ । यस लेखले विशेष गरी नेपालको पक्षमा जोड दिएको छ । यसले नेपाल सरकारलाई लैगिंक सम्बन्धी निती र कार्यक्रम निर्माण प्रति पनि ध्यानाकार्षण गराएको छ । (Pant,2003)

आफ्नो अध्ययन संग सम्वन्धीत विभिन्न पुस्तकहरुलाई लिइएको छ । गोदावरी गा.वि.स. को महिलाको निर्णय प्रकृयाको अध्ययन संग  सम्वन्धीत गरेर विभिन्न लेख, पत्रिकाहरु पनि अध्ययनको क्रममा समावेश भएका छन् ।

## (अध्याय तीन)

## (३). अनुसन्धान पद्धति

यस अध्यायमा तथ्याङ्क संकलनको विधी, त्यसको विश्लेषण र व्याख्या विभिन्न प. मा पर्दछ ।

### (३).क. अनुसन्धान ढाँचा

सामान्य भाषामा कुनै अनुसन्धानको योजनालाई नै अनुसन्धान ढाँचा भनिन्छ । अनुसन्धान गर्नुभन्दा पहिले त्यसको पुरा योजना वनाइनु आवश्यक छ । "महिलाहरुको घरायसी निर्णय प्रकृयाको भूमिकामा एक अध्ययन "सँग सम्वन्धित सामाजिक, आर्थिक, तथा निर्णय प्रकृयामा महिलाको भूमिका र यसका सहायक पक्षहरुको विश्लेषण गरिएको छ ।

अनुसन्धानको कार्यमा अध्ययनको विश्लेषण समेत महत्वपूर्ण पक्ष हो । त्यसैले यस अध्यायको अ. मा घर धूरीको तहको समेत विश्लेषण गरिएको छ। यसमा संख्यात्मक र गुणात्मक दुवै तथ्याङ्क संकलन गरिएको छ।

यो अनुसन्धानको ढाँचा वर्णात्मक विधीमा आधारीत छ । प्राथमिक र सहायक तथ्याङ्क सूचनाहरुको लागि विभिन्न विधीहरुको उपयोग गरिएको छ । ती मध्ये प्राथमिक तथ्याङ्क संकलनको क्षेत्रगत अध्ययनबाट र सहायक तथ्याङ्कहरु विभिन्न प्रकाशित/अप्रकाशित लेखरचनाहरुबाट संकलन गरिएको छ। यस अध्ययनमा प्राप्त सूचना आकडाँहरुको आधारमा नयाँ कुराहरुको खोज गरी प्रस्तुँत गरिएको छ। विभिन्न पेशा, तथा व्यवसायमा संलग्न व्यक्तिहरुसंग महिलाको अवस्था, समस्या आदि समेत विश्लेषण गरी प्रश्नावली निरीक्षणको माध्यमबाट तथ्याङ्क तथा सूचनाहरु संकलन गरेर वर्णनात्मक अनुसन्धान गरिएको छ।

### (३).ख. अध्ययनको क्षेत्र

गोदावरी गा.वि.स. ल.पु जिल्लाको मंगलवजारवाट १० कि.मी. पूर्व टाढा पर्छ । गोदावरी गा.वि.स. को पूर्वमा काभ्रेपलाञ्चोकको न्याले गा.वि.स. पर्छ । दक्षिणमा यसै जिल्लाको लेले र भारदेउ, पश्चिममा धरुवाराषी र वडिखेल पर्दछन् भने उत्तरमा गोदामचौर र ठैव गा.वि.स. पर्छ । गोदावरी गा.वि.स. मा पिचरोड वार्ड नं. १ देखि वार्ड नं. ५ वडासम्म पर्छ ।

उच्च माध्यमीक विद्यालय सहित करिव ३ सरकारी स्कूल श्री किटनी उच्च मा.वि. जसमा स्नातक तह सम्मको पठनपाठन हुन्छ भने श्री सीदेश्वर नि.मा.वि. कक्षा १ देखि ७ सम्मको पठनपाठन हुन्छ र श्री इश्वरी प्राथमिक विद्यालयमा कक्षा १ देखि ३ सम्म पठनपाठन हुन्छ भने निजी विद्यालयहरु यस गा.वि.स. मा ८ वटा छन् ।

गोदावरी गा.वि.स. भित्र ९ वटा वार्डहरु पर्दछन् । जनसंख्यात्मक तथ्याङ्क अनुसार यस गा.वि.स. मा महिलाको संख्या ३०८१ र पुरषको संख्या ३१७६ रहेको छ भने जम्मा जनसंख्या ६,१५७ रहेको छ । (C.B.S.2001)

गोदावरी गा.वि.स. मा वहुजाती, वहुभाषि, वहुधार्मिक संस्कृति रहेको छ । विभिन्न जातजातीहरुमा व्राम्हन, क्षेत्री, नेवार, राई, मगर लगायत दलीत पनि छन् । यहाँको मुख्य पेशा कृषि हो भने यस ठाउँमा व्राम्हन क्षेत्रीको वाहुल्यता रहेको देखीन्छ । अन्य पेशाहरुमा , व्यापार, नोकरी, वैदेशिक रोजगार, व्रिटिस र भारतीय आर्मी, साथै विद्यार्थीहरु पनि पर्दछन् । साथै अन्य सहायक पेशावाट समेत व्यक्तिले अतिरीक्त आम्दानी गरेको पाइन्छ । जस्तै : माटोको भाँडाकुँडाको निर्माण, लुगा सिलाउने, फर्निचरको काम, साथै घरेलु व्यवसायमा समेत पुरुष र महिलाहरु संलग्न रहेको पाइन्छ ।

गोदावरी गा.वि.स. मा कालो पत्रे सडक १ नं. वडा देखि ५ नं. वडा सम्म रहेको छ। यस ठाउँमा ज्यादै रमणिय स्थान गोदावरी पार्क रहेको छ । यसको सुधारले एकातिर पर्यटनको विकाश र अर्कोतिर यहाँको स्थानिय व्यक्तिहरुको आर्थिक स्थितिमा समेत सुधार गर्नेछ । यस कालो पत्रे सडकको निर्माणले गर्दा यहाँको स्थानिय व्यक्तिहरुलाई प्रत्यक्ष फाइदा भएको देखीन्छ। यस गा.वि.स. मा शिक्षा, यातायात, संचारहरु समेत पुगेको छ भने एक मात्र स्वास्थ्य उपचारको लागि प्राथमिक स्वास्थ्य चौकी छ।

कालो पत्रे सडकको निर्माणले गर्दा त्यहाँको कृषि उत्पादनमा समेत प्रत्यक्ष फाइदा पुऱ्याएको देखीन्छ। जसले गर्दा यहाँको व्यक्तिहरुको जिवनशैली समेत परिवर्तन भएको छ। यसैकारण यस ठाउँलाई आफ्नो अध्ययनमा समावेश गरेको छु।

(३).ग. नमुनाको छनौट

सामाजिक अनसन्धानमा अनसन्धानको समग्रतावाट निश्चीत प्रतीनिधि मुलक एकाइ छनौट गरी त्यसको निष्कर्ष लाई समग्रतामा लागु गर्ने विधी र प्रकृयालाई नमुना छनौट भनिन्छ । नमुना छनौट विधीमा सानो एकाईले सम्पूर्णताको प्रतिनीधीत्व गरेको हुन्छ । नमुना छनौट दुई प्रकारको हन्छ । सक्भावनायुत्त नमुना छनौट र सम्भावनारहित नमुना छनौट , सक्भावनायुत्त नमुना छनौट : यसमा समग्रता भित्रको प्रत्येक ईकाईहरु नमनाको रुपमा छनौटमा छानिन सक्ने वरावर सम्भावना रहन्छ भने सम्भावनारहित नमुना छनौट : यसमा समग्रता भित्रको प्रत्येक ईकाईहरु नमुनाको रुपमा छनौटमा छानिन सक्ने वरावर सम्भावना रहन्न । यस प्रकारको नमुना छनौट प्रकृया अनसन्धानकर्ताको रुचि , आवश्यक्ता र अवस्थामा निर्भर रहने हुदा अनृसन्धानकर्ता पूर्वाग्रहि हुन सक्ने सम्भाना रहेपनि स्वतन्त्र पनि हुने हुदा विवेकको सदपयोग र दुरुपयोग पनि रहन सक्छ। ठूलो क्षेत्रलाई समेटन सकिने ,सिमीत स्रोत ,साधन र समयवाट सम्पन्न गर्न सकिने ,अनुसन्धानकर्ता स्वतन्त्र हने हुदा यो वढि लचकदार पनि हुन्छ । यस अध्ययन सम्भावनारहित नमुना छनौट विधी सग सम्वनधित छ । तथ्याङ्क सँकलनको लागि गोदावरी गा.वि.स. को ९ वटा वार्डहरुमा १,२ र ३ लाई छनौट गरिएका छन्। वार्ड नं. १ भोटेगाउँ, वार्ड नं. २ किटनी र वार्ड नं. ३ टौखेल गा.वि.स. पर्दछन्। भोटेगाउँमा भोटे समदायको उच्च वसोवास रहेको र किटनी र टौखेल गा.वि.स.मा अन्य जातिहरुको समान वसोवास रहेको हुदा यी तिन गा.वि.स.लाई नमुनाको रुपमा समावेश गरिएको छ। अन्य वडाहरुलाई छनौट गरीएको छैन। किनकी आर्थिक अभाव, समयको कमी, जनशक्तीको अभाव, आदि कारणले गर्दा सिमीत क्षेत्रलाई अध्ययनको केन्द्र मान्न पार्ने वाध्यता छ। गोदावरी गा.वि.स. को वार्डहरु १, २ र ३ मा क्रमशः ३१७, ७०, ८७ घर धूरीहरु रहेका छन्। (C.B.S.,2001)

वार्ड नं. १,मा ५ % , २, र ३ नं. वार्डमा २५,२५% जनसख्यालाई नमुनाको रुपमा लिइएको छ। वार्ड नं. १ को जनसख्या अनुपात २ र ३ को तुलनामा वढि रहेको हुदा वार्ड १ लाई ५ मात्र नमुनाको रुपमा छनौट गरिएको छ। अध्ययन क्षेत्र भित्रको नमुनाको रुपमा छनौट भएका घरधूरीहरुलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. १ अध्ययन क्षेत्र भित्रको नमुनाको रुपमा छनौट भएका घरधूरीहरु

| गा.वि.स. | छनौट भएका वार्ड | वार्डको कूल घरधूरी | न्मुनाको आकार | उत्तरदाताको वास्तवीक संख्या |
|---|---|---|---|---|
| गोदावरी | १ | ३१७ | ५ % , | १५ |
| गोदावरी | २ | ७० | २५ %, | १७ |
| गोदावरी | ३ | ८७ | २५ %, | २० |
| जम्मा | ३ | ४७४ | ५५ % | ५२ |

Source ,CBS 2001

(३).३.घ. तथ्याङ्कको प्रवृति

यस अध्ययनको मुख्य उद्देश्य भनेको गोदावरी गा.वि.स. को "महिलाहरुको घरायसी निर्णय प्रकृयाको भूमिकामा एक अध्ययन "को विश्लेषण गर्नु हो । यहि उद्देश्य परिपूर्तिको लागि अ. संग सम्बन्धीत रहेर विभिन्न प्राथमिक र दितीय तथ्याङ्क लाई समावेश गरिएको हो ।

३.१ प्राथमिक तथ्याङ्क

प्राथमिक तथ्याङ्क जुन अध्ययनको क्षेत्रमा संकलन गरिन्छ । "महिलाहरुको घरायसी निर्णय प्रकृयाको भूमिकामा एक अध्ययन "संग सम्वन्धीत शिक्षा ,स्वास्थ्य, रोजगार ,पेशा ,उमेर ,लिङ्ग,परिवारको आकार ,आम्दानी, विवाह, परिवार नियोजनको साधनको प्रयोग आदि सग सम्वन्घित विभीन्न प्रश्नहरुको निमार्णद्धारा तथ्याङ्क संकलन गरीएको छ ।

(३).२ द्वितिय तथ्याङ्क

द्वितिय तथ्याङ्कहरु विभिन्न स्रोतहरुवाट संकलन गरिएका छन् । जस्तै त्रि.वि. Library, CBS, ECDA, प्रकाशित - अप्रकाशित विभिन्न पत्रिकाहरुको लेख, रचना, साथै जि.वि.स. र गा.वि.स. को अभिलेख लैङ्गिक संग सम्वन्धीत विभिन्न पुस्तकहरु गो.प. र स. पु. समेत जुन यस अध्ययनको लागि सहयोगीको रुपमा लिइएको छ ।

(३).३.(ङ) तथ्याङ्क संकलनको उपकरण र तरिका

विभिन्न विधिद्धारा अनुसन्धानको कममा संख्यात्मक र गुणात्मक तथ्याङ्क संकलन गरिएको छ । जस्तै सम्वन्ध स्थापीत, सामाजिक सर्वेक्षण **,** प्रश्नावली ,अवलोकन । सम्वन्ध स्थापीत : प्रत्येक सुचना सकंलन गर्न वातावरणको सृजना गर्नु नै सम्वन्ध स्थापीत गर्नुको उदेश्य हो । पक्षपात रहित व्यवहार नै सबै ठाउँमा सम्वनध स्थापित गर्ने मूल आधार हो । सामाजिक सर्वेक्षण :सामाजिक सर्वेक्षण भन्नाले वर्णानात्मक प्रकृतिको सुचना सकंलन गर्न र अनुसन्धानको विभीन्न पक्षहरुमा जानकारी प्राप्त गर्ने उदेश्यले वृहत रुपमा प्रश्नावली ,अर्न्तवार्ता ,अवलोकन आदि माध्ययमवाट अध्ययन अनुसन्धान गर्ने प्रकृयालाई जनाउँछ । अवलोकन : अनुसन्धानकर्ताले आफूले अनुसन्धान गर्ने विषयमा केन्द्रित रहेर कुनै अनुसन्धान परिवेशलाई नियाल्दछ भने त्यसलाई अवलोकन भनिन्छ । छिटो प्रतिकृया वभ्mनको लागि यो विधी वढि उपयुक्त हुने भएकोले मैले यस विधीलाई वढि अवलम्वन गरेक छु । तथ्याङ्कहरु स्प्रष्ट् ,पारदर्शि र अर्न्तवार्ता निष्पक्ष , सजिलो र सहज वातावरण वनोस भनेर मैले अनुसन्धान पूर्व नै अनुसन्धान क्षेत्रको सामाजिक सर्वेक्षण, सम्वन्ध स्थापीत, र अवलोकन गरेक छु । जस्तै :अनुसन्धान पूर्व नै उनिहरुसग कुराकानी गर्ने त्यस ठाउँको वारेमा सामान्य जानकारी लिने गरेक छु । घटनाको प्रत्यक्ष अवलोकन, प्राथमिक तथ्याङ्क सकंलन ,वैज्ञानिक पद्दतिमा आधारीत सुक्ष्म अध्ययनसग सम्वनधित रहेर गरेको छु । उत्तरदाता राजी

गराइसकेपछि मात्र अन्तरवार्ता गरी सुचना संकलन गरिएको छ। तथ्याङ्क संकलन घरमूली, सासु, वुहारी, छोरीलाई समेत अन्तरवार्तामा समावेश गरिएको छ।

गुणात्मक तथ्याङ्क प्राप्त होस् भन्ने तरीकाले प्रश्नावलीहरु दैनिक २ वटा घरधूरीलाई अध्ययन गरी समावेश गरिएको छ। अध्ययन क्षेत्रमा २६ दिन लागि तथ्याङ्क संकलनमा समय छुट्टाएको छ।

(३).३.(च) विश्वसनियता र वैद्यता

अध्ययन अनुसन्धानवाट प्राप्त गरेको सूचना जानकारी तथा तथ्याङ्कहरुमा विश्वसनीयता तथा वैद्यता छ कि छैन भनेर जाँच्नको लागि अनुसन्धानकर्ताले एकपटक भरेर ल्याएको प्रश्नावली फेरी २ /३ दिनपछि सोही व्यक्तिलाई पुनः भराएर प्राप्त उत्तर एउटै आएमा विश्वसनीयता तथा वैद्यता भएको अनुमान गरिएको छ । साथै समाजशास्त्रीय क्षेत्रमा संलग्न विद्यानहरुवाट आएका नतिजा देखाएर वा जाँच गर्न लगाएर पनि विश्वसनीयता र वैद्यताको तथ्याङ्क तयार गरिएको छ।

समाजशास्त्रीय अध्ययनमा सामाजिक अनुसन्धानको क्षेत्रमा मानविय सम्वन्ध, व्यवहार, भावना र दृष्टिकोण वाट सधैं प्रभावित हुन्छ।

अनुसन्धानको कममा संरचीत प्रश्नावलीहरुलाई उत्तरदाताको क्षमता अनुसार गरिएको छ । प्रायँजसो गोदावरी गा.वि.स. मा वसोवास गर्ने मानिसहरुले नेपाली भाषाको प्रयोग गर्ने हुँदा उनीहरुलाई नेपाली भाषाद्धारा प्रश्न गरिएको छ।

(३).३.(छ).विश्लेषणको पद्धति

विशेषत प्राप्त भएका तथ्याङ्कहरुलाई दुई भागमा विभाजन गरिएको छ। उत्तरदाताहरुको सामाजिक , सास्कृतिक र आर्थिक विशेषताहरुलाई तालिकाद्वारा प्रस्तुत गरी विश्लेषण र सम्पा. गर्ने र अर्कोतिर घरभित्रको विभिन्न कृयाकलापमा महिला र पुरुषको निर्णय प्रकृयालाई तालिका द्वारा प्रस्तुत गरिएको छ।

प्राथमिक तथ्याङ्कहरुलाई विभिन्न शिर्षक तथा उपशिर्षकहरुमा विभाजन तथ्याङ्कहरुलाई तालिकाद्धारा प्रस्तुत गरिएको छ। विभिन्न विधीवाट प्राप्त तथ्याङ्कहरुलाई संकलन गर्दा वैज्ञानिक तरीकावाट विश्लेषण गरिएको छ।संख्यात्मक भन्दा गुणात्मक तथ्याङ्कहरुलाई वढि प्राथमिकता दिइएको छ । प्राथमिक र द्धितिय तथ्याङ्क सूचनाहरुलाई प्रकृतिको आधारमा तथ्याङ्कहरुलाई आवश्यकता अनुसार तालिका चार्ट, पाईचार्ट, औसत, प्रतिशत आदि विधीद्धारा प्रस्तुत गर्दै व्याख्या र विश्लेषण गरिएको छ। प्राप्त गरिएको तथ्याङ्कहरुलाई साधारण तथ्याङ्किय पद्धति प्रतिशत औसत आदिको माध्यमबाट विश्लेषण गरिएको छ।

तथ्याङ्कहरुलाई छोटो र स्पष्ट कममा राख्नलाई गाउँमा महिलाहरुको सम्बन्धमा संकलन गरिएका तथ्याङ्कहरु साधारण र प्रष्ट भाषाको प्रयोग गरी समस्या र विषयवस्तुहरुको व्याख्या गरिएको छ।

गोदावरी गा.वि.स. को भौगोलिक क्षेत्रको जानकारी, परिवारको संरचना, महिलाको घरदैलोको सामाजिक र आर्थिक पक्षमा निर्णयकारी भूमिका, आम्दानी र खर्चमा महिला र पुरुष सहभागिता, शैक्षिक अवस्था, जनसंख्याको वनौट, आदिलाई समेत विश्लेषण अध्याय ४ ,५,६,७ मा कमश गरिएको छ। महत्वपूर्ण तथ्याङ्कलाई तालिकिय माध्यम द्वारा प्रस्तुत ,व्याख्या तथा विश्लेषण गरिएको छ

अन्त्यमा अन्य अध्यायमहरुमा यसको विस्तृत पक्षको विश्लेषण गरिएको छ

# अध्याय ४

## (४) पृष्टभूमि

नेपाल अधिराज्यको मध्यमाञ्चल विकास क्षेँत्र अर्न्तगत बाग्मती अञ्चलको आठ जिल्लामध्ये एक ललितपुर जिल्ला काठमाण्डौ ऊपत्यकाका तीन जिल्लाहरु मध्ये दक्षिणी भेगमा अवस्थित छ । हिन्दु तथा वौदंहरुको पवित्र एव प्रशिद्ध कृष्ण मन्दिर, महावौद्ध पाटन दरबार स्क्वायर , बगंलामखी , विशंखुनारायण , कालेश्वर महादेव स्थान , बज्रवाराहि , मछिन्द्धनाथ लगायत विभिन्न मठ मन्दिर , पाटि पौवा ,स्तम्भहरु एव सदर चिडियाखाना ( जावलाखेल) तथा शाही वनस्पति (गोदावरी ) रहनुले यस जिल्लाको प्रतिष्ठा नेपालको साथै विश्वमा समेत विस्तारीत हुन पुगेको छ । एतिहासिक र पुरातात्विक सम्पदाले भरिपुण पाटन दरवार स्क्वायरलाई युनेस्कोले विश्व सम्पदा सुचिमा समावेश गरेको छ । भौगोलिक बनावट, हावापानी , वन जगल, नदीनाला र ताल विभिन्न जनजातिहरुको रहनसहन , भेषभुषा आदिको विभिदताले गर्दा यस जिल्लाले विशिष्ट महत्व वोकेको छ ।

## (४). १. भौगोलिक स्थिति

नेपालको मान चित्रमा ललितपुर जिल्लाको फैलावट २७ .२२ देखि २८. ५० उतरी आकाक्षाँ र ८५ .१४ देखि ८५ .२६ पूर्विय देशान्तर सम्म रहेको छ। यस जिल्ला समुन्द्धि सतहदेखी ४५७ मिटर उचाइदेखी २८३१ मिटर ऊचाई सम्म रहेको छ। यस जिल्लाको धरातलमध्ये करिव एक तिहाइ भाग उपत्यका भित्र र दई तिहाई भाग पहाड तथा दुर्गम स्थानहरुमा ठुलार्दुलग, कालेश्वर, प्युटार आश्राड.,गिम्दि , चन्दनपुर आदि पर्दछन।

## (४).२. भौगोलिक सिमाना

ललितपर जिल्लाको पूर्वमा काभ्रेपलाञ्चोक ,पश्चिममा काठमाण्डौ, उत्तरमा भक्तपुर र दक्षिणमा मकवानपुर जिल्लाहरुसग सिमाना जोडिएको छ । यस जिल्लाको क्षैंत्रफल ३८५ वर्ग रहेको छ।

## (४).३. राजनैतिक तथा प्रशासनिक व्यवस्था

यस जिल्लामा एक वटा उपमहानगरपालिका , ४१ वटा गा.वि. स,३ वटा ईलाका क्षैंत्र र ३ वटा संसदिय निवाचन क्षेत्र रहेका छन।

## (४).४. भू-उपयोग

यस जिल्लाको कुल क्षैंत्रफल ३८५ वर्ग कि. मि मध्ये ९९.२ भाग पहाड र ०.८ भाग सिवालिक क्षेत्र मध्ये भूँउपयोगाको दृटिष्कोणमा कृषियोग्य क्षैंत्रफल १५२.९७ वर्ग कि.मि र वाकि वर्ग कि.मि,वनजंलले ढाकिएको भू. भाग १९७.९७ वर्ग कि.मि र वाकि३४.०७ वर्ग कि.मि भाग चरन भाडी तथा घासले ढाकिएको छ। खेतीयोग्य भूमि मध्ये सिचित क्षैंत्र ६६.२५ र्वग कि. मि, आकासे पानिमा निर्भर ८६.७१ वर्ग कि.मि र सिचाईको संभाब्य क्षैंत्रफल ८८.६८वर्ग कि. मि रहेको छ।यस जिल्लाको खाधान्नँ वालीहरुमा धान, मकै, कोदो, फापर, जौ, भटमास,केराउ, आलु र फलफुल वालीमा स्याउ, ओखर ,नास्पाति , सुन्तला, केरा , कागति ,कफि आदिको खेति गरिन्छ। यहांको वन जंगल भेगमा साल, वास कटुस ,निगालो चिलाउने ,उतिस ,कपुर, काईयो ,पैयुं, आदि वनस्पति

रहेको छ। यहाको वन जंगलमा बाघ , भालु ,वनेल, हरिण , चितुवा ,मृग जस्ता जनावर लगायत नेपालमा मात्र पाईने चरा काडेभ्याकुर ( Spiny Babblar ), तित्रा ,भ्रदाई, बट्टाई,ढुकुजस्ता पक्षिँहरु रहेका छन।

(४).५. जलवायु

यस जिल्लाको अैसत अधिकतम तापक्रम्र २३.६ सेल्सियस छ भने न्युनतम तापक्रम १०.७ सेल्सीयस रहेको छ। यस जिल्लाको वार्षिक वर्षा सरदर १२३ २ ६ मि. मि रहेको छ। यस जिल्लाको हावापानि समसितोष्ण खालको रहेको तथा औसत सापेक्षिँक आदता ५० देखी ८० प्रतिशत रहेको छ । यस जिल्लाको भौगोलिक धरातलिय अवस्था अनुसार ललितपुर जिल्लमा मुख्यतय तिन प्रकारको हावापानी पाईन्छ ।

(४).५ (क)सम उष्ण प्रदेशिय हावापानी

जिल्लाको दक्षिँणि क्षेँत्रमा पर्ने समुद्रसतह भन्दा १,००० माथि सम्म रहेको भू भाग विशेषतया जलाधार क्षेँत्रको खोचहरुमा यस प्रकारको हावापानि पाईन्छ । यस क्षेँत्रको वार्षिक सरदर औसत तापक्रम २० डिग्री सेल्सीयस रहन्छ ।

(४).५ (ख) न्यानो सासितोष्ण हावापानी

ललीतपुर जिल्लाको महाभारत पर्वत श्रृखलाको १,००० देखि २,००० मिटर सम्मको भू भागमा यस प्रकारको हावापानी पाईन्छ । वार्षिक सरदर औसत तापक्रम १५ देखि २० डिग्री सेल्सीयस रहेको छ भने यस क्षेँत्रमा सरदर वार्षिक वर्षा २,००० देखी २,४०० मी .मी रहेको छ ।

(४).५(ग). ठण्डा समसितोष्ण हावापानी

यस प्रकारको हावापानी विशेषतया महाभारत पर्वत श्रृखलाको उच्च भू भाग अर्थात २,००० मी भन्दा उचाईको क्षेत्रमा पाईन्छ । वार्षिक सरदर औसत तापक्रम १० देखि १५ डिग्री सेल्सीयस रहने यस क्षेत्रमा वार्षिक वर्षा भने १,३०० देखि २,००० मी .मी रहेको छ ।

(४).६ .जलभण्डार

जलभण्डार वा जलसोतको हिसावले ललितपर जिल्लामा नदि नालाहरु प्रचुर मात्रामा रहेका छन। वागमति, गोदावरी , नख्खु खानीखोला , कोडकु ,टुङगुन , ठोटने , दुलुङ्ग ,मनोहरा आदि यस जिल्लाका प्रमुख नदि तथा खोलाहरु हुन। जिल्लाभरि जम्मा ६५ नदि तथा खोलाहरु रहेका छन भने तिनिहरुको कुल लम्वाई ३१४,९ कि, मि रहेको छ । जिल्लाको उत्तर ,पश्चिम र दक्षिण सिमाना हुदै वग्ने वागमति नदिलाई गोदावरी कोडकु , नख्खु , मनोहरा , खानी खोला र दुर्लुङ्ग गरी ६ वटा प्रमुख उप प्रणालिमा वाडन सकिन्छ । ललितपुर जिल्लाको उत्तरी भेगमा वग्ने गोदावरी नदिले ४२.९६ वंग कि. मि क्षेँत्रफल ओगटेको छ भने लुभु खोला यसको प्रमुख खोला रहेको छ । भागावान डॉडॉको उत्तरी भेगवाट प्रवाहित हुने कोडकु खोला जसलाई कर्मनासा खोला पनि भनेर चिनिन्छ । यसले २८.७५ वर्ग कि . मि ठाउँ ओगटेको छ । नख्खु खोलाले ५४.८५ वर्ग कि .मि क्षेँत्रफल ओगटेको छ भने यसको प्रमुख खोलाहरुमा लेले र नल्लु खोलाहरु पर्दछन ।

महाभारत पर्वत श्रृखलाको दक्षिँणी पाखोमा प्रवाहित हुने खानी खोलाले ११३.३८ वर्ग कि. मि क्षेँत्रफल ओगटेको छ । यसका २० वटा सहायक खोलाहरु रहेका छ। ठिप्चे , ठोटने र टुङ्गन खोलाहरु यसका

सहायक खोलाहरु रहेका छ । जिल्लाको दक्षिणी पूवि भेगमा प्रवाहित हुने दुलुङ्ग खोलाले चर्केको भू भाग २७.१९ वर्ग कि. मि मात्र रहेको छ भने यसका ६ वटा सहायक खोलाहरु छन ।

ललितपुर जिल्लामा रहेको अन्य जलभण्डारको स्रोतहरुमध्ये ताल तथा पोखरीहरुमा ग्वालिनदह ,कटुवालदल , गोदावरी कुण्ड ,नागदह ,बोभ्के पोखरी र सरस्वती कुण्ड रहेको छन।

(४).७. जनसख्या

यस जिल्लाको जनसख्या २०५८ सालको जनगणना अनुसार जम्मा ३,३७,७८५ मध्ये महिला १,६५,३३० (४८.९५) र पुरुष १,७२,,४५५ (५१.५५) रहेको छन । विगत १० वर्षको अर्न्तरालमा जनसख्या ८०,६९९ जनाले वृदि भएको छ । यस जिल्लाको वार्षिक जनसख्या वृदिदर २.७३% रहेको छ भने लैगिंक अनुपात १०४ रहेको छ । यस जिल्लाको जनघनत्व ८७,७३६ व्यक्ति वर्ग कि मी रहेको छ । यहाँको घरधुरी संख्या ६८,९२२ रहेको छ भने औषत घर परिवार संख्या ४.९० रहेको छ । यहाँको जनसख्या नेपालको जनसख्याको १.४६ ५ रहेको छ । साथै यहाँको शहरी जनसख्या १,६२,,९९१ छन भने ४१ वटा गा. वि. स को जनसख्या १,७३,६३६ र सथांगत जनसख्या १,१५८ छन ।

यस जिल्लाको जनसख्या प्रवृति निम्न तालिका अनुसार रहेको छ ।

तालिका न. २ जिल्लाको जनसख्या प्रवृति

| वर्ष(सन्) | जम्मा | महिला | पुरुष |
|---|---|---|---|
| १९५२/ ५४ | १,३३,७४३ | प्राप्त नभएको | प्राप्त नभएको |
| १९६१ | १,४५,३०१ | ७२,,४२१ | ७२,,८८० |
| १९७१ | १,५४,९९८ | ७६,३६९ | ७२,८८० |
| १९८१ | १,८४,३४१ | ८६,६६३ | ९७,६७८ |
| १९९१ | २,५७,०८६ | १,२६,७६० | १,३०,३२६ |
| २००१ | ३,३७,७८५ | १,६५३३० | १,८२,४५५ |
| २००६ प्रक्षेपण | ३,८१,३२७ | १,९४,०५२ | १,८७,२७५ |

स्रोत : जि . वि .स २०६३ /६४ को रेर्कड

(४).८. यातायात

यहाँ यातायातको सुविधा रहेको देखिन्छ । जिल्लाको सदरमुकामदेखि लामाटार ९ कि. मि , चापागाउँ ७ कि. मि ,पक्की बाटो भट्टेडॉडाको छपेलि सम्म ३२ कि. मी. , गोटिखेल माथि चन्दनपुर सम्म ५३ कि .मी बुंगमती टिकाभैरव यस जिल्लाको पहाडी क्षैत्रमा वाहेक उपत्यकामा धेरैजसो सडक ७ कि . मी र लेले भञ्ज्याङ्ग ननान डॉडा २ कि. मी कच्ची वाटो निमार्ण भएका छन्। यस्ता बाटोहरुमा हिउदमा मात्र सवारी

साधन चल्नुका साथै वर्षा याममा वाडिपहिरोको कारण यातायातमा अवरोध उत्पन्न भैरहेको छ । यस जिल्लामा १ उपमहानगरपालिका पनि रहेको कारणले गर्दा १२२ कि .मि कालो पत्रेसडक रहेको छ भने १२० कि.मि ग्राभेल रहेका छन् । यस जिल्लाका निम्न मुख्य सडकहरुलाई प्राथमिक सडक गरी जम्मा ४७२ कि .मी सडक रहेका छन् । यस जिल्लामा पक्की पुल १०, अन्य झोलुङ्गे पुल २५ वटा तत्काल निर्माण गरिनु पर्ने देखिन्छ ।

**(क)**.उत्यकालाई तराईसग जोड्ने जम्मा ८७ कि. मी लम्वाई भएको अवधारणा विक्रम सम्वत २०१३ सालमा आएको भएतापनि २० कि. मी खण्डास्थित सडक खण्ड मात्र सडक यातायात संचालन हुन सकेको छ । सदरमुकामवाट २६ कि. मी पर्ने काल्चेभिर ट्याक खोला एंव ३४ कि .मी पर वैकल्पिक राजमार्गको रुपमा विकास गर्न सकिने कान्तिराजपथमा पर्ने वागमति नदिमा करिव १०५ कि.मी . लम्वाई र ८.५ कि . मी चैडाईको स्टिल ट्स (steel truss) को पुल निमार्ण गर्न सके यो वाटो संचालनमा ल्याउन सकिने छ ।

(ख) त्यस्तै दुर्गम क्षेत्रका १२ वटा गा.वि . स लाभान्भित हुने ४५ कि . मी को लेले चन्दनपुर सडकले पूर्णता पाएमा त्यस क्षेत्रका कृषि तथा पशुजन्य उत्पादनले वजार प्राप्त गर्ने हुनाले यसवाट गरिवी निवारणमा ठूलो टेवा पुग्नेछ ।

( ग). ललितपुर ग्वार्को लामाटारवाट काभ्रको पनौति जोड्ने करिव ३८ कि. मी को सडकले दुई जिल्लाका वासिन्दा मात्र नभई उपत्यकालाई नै लाभ पुग्ने देखिन्छ ।

(४).९. शैक्षिक गतिविधी

यस जिल्लाको सहरी क्षेत्रमा पर्याप्त मात्रामा शैक्षिक सुविधाहरु उपलब्ध छन् र दुर्गम भेगमा तुलनात्मक रुपमा कमि देखिन्छ । साक्षरता ७०.८५ प्रतिशत रहेको यस जिल्लामा पुरुष तर्फ ०. ५ प्रतिशत र महिला तर्फ ६०.३ साक्षरता रहेको देखिन्छ। उच्च शिक्षा तर्फ पनि यस जिल्ला अग्र पंत्तीमा रहेको छ ।

यस जिल्लाको शैक्षिंक गतिविधि यस प्रकार छ ।

| सामुदायिक विधालय तर्फ | | संथागत तर्फ | |
|---|---|---|---|
| प्राथमिक विधालय | १० | प्राथमिक विधालय | ७० |
| निम्न माध्यमिक विधालय | ३० | निम्न माध्यमिक विधालय | २१ |
| माध्यमिक विधालय | ४७ | माध्यमिक विधालय | १४५ |
| उच्च माध्यमिक विधालय | १० | उच्च माध्यमिक विधालय | ४१ |

| सामुदायिक विधालय मध्ये निजी स्रोतमा सचांलित | | अध्ययनरत विधार्थी सख्या | |
|---|---|---|---|
| प्राथमिक विधालय | ९ | प्राथमिक विधालय | |
| निम्न माध्यमिक विध्यालय | २३ | निम्न माध्यमिक तह | २५७४६ जना |
| माध्यमिक विधालय | २४ | माध्यमिक विधालय तह | २४२८२ जना |

(४).९. (क)क्याम्पस

(४).११वटा मध्ये त्रिभूवन विश्वविधालय तर्फ पुल्चोक क्याम्पस (इन्जिनियरि) अध्ययन संथान र पाटन संयुक्त क्याम्पस रकेको छ ।

(४).१०.स्वास्थ्य

यस ललितपुर जिल्लामा केन्दिय स्तर र निजि क्षेत्र समेत गरी ५ वटा अस्पताल रहेका छन् र प्राथमिक स्वास्थ्य केन्द्ध ३ , हेल्थपोष्ट १०, उपस्वास्थ्य चौकी २९, आयुर्वेद औषधालय १, होमियोप्याथिक अस्पताल १, जिल्ला आयुर्वेद केन्द्ध १ रहेका छन् ।

(४). ११ . हुलाक सेवा

यस ललितपुर जिल्लामा १ जिल्ला हुलाक , ९ ईलाका हुलाका कार्यालय र ३६ हुलाक कार्यालय गरी जम्मा ४६ वटा हुलाक कार्यालय सचांलित छन् । २ वटा हुलाक वाट वचत बैंक सेवा लागू भएका छन्। ३ वटा हुलाक वाट धनादेश सेवा उपलब्ध छ । वैंदेशिक द्रुत सेवा जिल्ला हुलाक कार्यालय ललितपुरवाट संचालित भै रहेको छ ।

(४).१२ . विद्युत सेवा

ल. पु उपमहानगरपालीकाको प्राय सवै क्षेत्रमा विधुत शेवा उपलव्ध भएको छ भने विधुत शेवा उपलव्ध भएका गा.वि.स डुकुछाप, छम्पी, चापागाउँ वडिखेल , झरुवारासी , गोदावरी , गोदामचौर विशंखुनारायण , लामाटार , लुभु, टिकाथलि , सिद्धिपुर , इमाडोल , सैवु , खोकना , सुनाकोठी,, ठैंव हरिसिद्धी बुङ्गमति , ठेचो र लेले रहेका छन् भने स्थानिय श्रोत परिचालन गरि भट्टेडाँडॉ र गोटिखेल गा.वि.स . ले पनि विधुत उपयोग गरेका छन् । नल्लु र भारदेव गा .वि. स . मा पनि विधुतिकरण शुरु भएको छ । साथै चौघरे , गोटीखेल, शंखु चन्दनपुर आदि क्षेत्रमा पोलीड. कार्य भैरहेको छ ।

स्रोत जि . वि . स . २०६४

(४).२.गोदावरी गा .वि . स . को सक्षिंप्त परिचय

नेपाल अधिराज्यलाई क्षत्रीय तथा प्रशासकीय ,आधारमा पांच विकास क्षेत्र, चौध अचंल र पचहत्तर जिल्ला विभाजन गरिएको छ । मध्यमाचंल विकाश क्षेत्र अन्य विकाश क्षेत्रको दांजोमा अगाडि रहेको छ । यस विकाशक्षेत्र मा जम्मा तिन अचंल पर्दछन् । तिन अचंल मध्ये वागमति अचंलमा आठ जिल्ला रहेका छन् । यिनैआठ जिल्लामध्ये ललितपुर पनि एक हो । यस जिल्लामा रहेका गा.वि.स. मध्ये गोदावरी गा .वि . स . पनि एक हो । महिलाको सामाजिक , सांस्कृतिक र आर्थिक अवस्थाको अध्ययन र्गनको लागि छनोट गरिएको यस गा . वि . स . को वडा नं १,५,८ र ९ ललितपुर जिल्लाको सदरमुकाम मंगलवजारवाट करिव १० कि .मि. टाढा पूर्वमा पर्दछ । यस गा .वि . स . लाई जिल्ला सदरमुकाम देखी कालो पत्रे सडकले जोडिएको छ । यस गा. वि . स . को पूर्वमा कार्भेपलान्चोक जिल्लाको न्याले गा . वि . स . पर्दछ । दक्षिणमा यसै जिल्लाको लेले र भारदेउ ,पश्चिममा झरुवारासी र वडिखेल , उत्तरमा गोदामचैर र ठैव गा .वि .स . पर्दछ । काभ्रेपलान्चोक जील्लामा पर्ने काठमाडौ उपत्यकाको सवैभन्दा अग्लो पहाड फूलचोकि डाडां जाने वाटो पनि सै गा.वि . स . भित्र पर्दछ । गोदावरी क्षेत्र विविधता भित्र एकता भएको गा . वि . स . हो । यहा व्राम्हण , क्षेत्री, नेवार तामाङ. गिरी , पुरि दमाई , कामी , सार्कि , आदि विभिनं जातका मानिसहरु वसोवास

गर्दछन् । गोदावरी गा. वि .स.को जनसख्या ६,३५७ मध्ये पुरुषको सख्या ३,१७६ छ भने र महिलाको सख्या ३,०८१ रहेको छ ।

(४).१३.गोदावरी गा वि.स.को जनसख्याको वनौट

यस गा.वि .स . को कुल जनसख्या ६,२५७ रहेको छ । जसमध्ये महिलाहरुको सख्या ३,०८१ र पुरुषहरुको सख्या ३,१७६ रहेको छ । करिव १,३५३ घरधूरी रहेको यस गा.वि.सको वडागत आधारमा गोदावरी गा.वि.स.जनसख्यालाई यसरी प्रष्ट्याउन सकिन्छ ।

वडागत आधारमा गोदावरीको जनसंख्यालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका न. ३ वडागत आधारमा गोदावरीको जनसंख्या

| वडा नं . | पुरुष | महिला | कुल सख्या | घरधूरी |
|---|---|---|---|---|
| १ | ७६७ | ७३३ | १,५०० | ३१७ |
| २ | १८२ | १८६ | ३६८ | ७० |
| ३ | २१३ | २१० | ४२३ | ८७ |
| ४ | २८४ | २५५ | ५३९ | १०५ |
| ५ | ८६० | ७८५ | १,६४५ | ४०९ |
| ६ | ३२४ | ३५५ | ६७९ | १३९ |
| ७ | १८७ | १८७ | ३७४ | ७४ |
| ८ | १६८ | १९५ | ३६३ | ८० |
| ९ | १९१ | १७५ | ३६६ | ७२ |
| जम्मा ९ | ३,१७६ | ३,०८१ | ६,२५७ | १,३५३ |

स्रोत, जनगणना २०५८ को रेर्कड

माथिको तालिका अनुसार गोदावरी गा .वि स . को वडागत आधारका सवैभन्दा वढि जनसख्या वडा नं . ५ मा १,६४५ छ भने सवैभन्दा कम जनसख्या वडा न . ८ मा ३६३ रहेको छ । महिलाको कुल सख्या ३,०८१ र पुरुषको कुल सख्या ३,१७६ रहेको छ । पुरुषको कुल संख्या भन्दा महिलाको कुल संख्या ५ ले वढि छ ।

(४).१३ (ख). जातजातिको आधारमा जनसख्या

गोदावरीमा व्राम्हण , क्षेत्री , नेवार , मगर , दलित , र अन्य जातजातिहरु पनि रहेको छ। जनगणना २०५८ को तथ्यांङ्कलाई हेर्दा यस गा .वि . स .मा जातजातिका आधारमा जनसख्याको अवस्था यस प्रकार रहेको छ। जातजातिको आधारमा जनसख्यालाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं . ४ जातजातिको आधारमा जनसख्या

| क.सं. | जतजातिको विवरण | सख्या | प्रतिशत |
|---|---|---|---|
| १ | वाम्हण | १,००१ | १६ |
| २ | क्षैंत्री | १,५०१ | २४ |
| ३ | भोटे | १,१२६ | १८ |
| ४ | नेवार | ६८८ | ११ |
| ५ | पहरी | ६२५.७ | १० |
| ६ | तामाङ्ग | ५०० | ८ |
| ७ | दलित | ३,७५.४२ | ६ |
| ८ | अन्य | ४३७.९९ | ७ |
| | जम्मा | ६,२५७ | १०० |

श्रोत, गोदावरी गा.वि.स.को रेर्कड ,२०५७

माथिको तालिका अनुसार गोदावरी गा.वि.स.को जनसख्या ६,२५७ रहेको छ । व्राम्हण, क्षेत्री ,भोटे ,नेवार,पहरी ,तामाङ्ग, दलितहरुको जनसख्या प्रतिशत कमश १६,२४ , १८, ११, १०, ८ ,६, ७ रहेको छ। अन्य जनसख्या ४३७.४२ रहेको छ । सवैभन्दा वढि क्षैंत्रीको सख्या १,५०१ रहेको छ। त्यस्तै गरेर सवैभन्दा कम जनसख्या दलितहरुको रहेको छ।

(४).१३ (ग). गोदावरी गा.वि. स. को उमेर अनुसारको जनसंख्याको वनौट

गोदावरी गा. वि .स.मा रहेको जनसख्यालाई विभिनं उमेर समुहमा विभाजन गरेर जनसख्या आकडां तल तालिकामा उल्लेख गरिएको छ।

गोदावरी गा .वि.स.को उमेर अनसारको जनसख्याको वनौटलाई तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं . ५ गोदावरी गा .वि.स.को उमेर अनसारको जनसख्याको वनौट

| विवरण | वडा न .१ | वडा न २ | वडा न ३ | वडा न.४ | वडा न ५ | वडा न.६ | वडा न.७ | वडा न.८ | वडा न.९ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ० देखि १४ सम्म केटा | १६० | ४३ | ४९ | ५८ | १६७ | ९४ | ६० | ५५ | ६८ | ७५४ |
| ० देखि १४ सम्म केटि | १८२ | ४४ | ४८ | ६४ | १७८ | ८२ | ६३ | ६२ | ६३ | ७८६ |
| १५ देखि ४९ सम्म पुरुष | २९९ | ९० | १०४ | ११६ | ३१६ | १३७ | ९६ | १०८ | ८५ | १,३५१ |
| १५ देखि ४९ सम्म महिला | २९७ | ८४ | ८१ | ११२ | ३३६ | १२१ | ९२ | १०१ | ९५ | १,३१९ |
| ५० भन्दा माथिको पुरुष | १३२ | १८ | ३० | ४३ | १२५ | ३२ | ३६ | ३५ | ४७ | ४९८ |
| ५० भन्दामाथिको महिला | १२८ | १५ | ४४ | ३९ | १२९ | ४० | २६ | २३ | ५२ | ४९६ |
| जम्मा | १,१९८ | २९४ | ३५६ | ४३२ | १,२५१ | ५०६ | ३७३ | ३८४ | ४१० | ५,२०४ |

श्रोत ,गोदावरी गा .वि . स . को रेर्कड , २०५७

यसरी माथि तालीकामा उल्लेख गरिए अनुसार यस गा .वि .स. रहेको कूल जनसख्या ६,२,५७ रहेको छ । जसमा ० देखी १४ वर्ष सम्मको केटा र केटि को कुल सख्या कमश ७५४,७८६ छ भने त्यस्तै गरी १५ देखि ४९ वर्ष सम्मको पुरुष र महिलाको सख्या कमश १,३५१, १,३१९ र ५० भन्दा माथिको पुरुष र महिला को कुल सख्या कमश ४९८,४९६ रहेको देखिन्छ । १५देखि४९ सम्मको पुरुष र महिलाको सख्या सवै भन्दा वढि देखीन्छ ।

(४).१३ (घ) गोदावरी गा.वि. स. को जनसख्याको शैक्षिंक स्थिती

यस गा.वि.स.भित्र उच्च माध्यमिक विधालय सहित तीन सरकारी स्कूल र आठवटा निजी गरी जम्मा ११वटा स्कूलहरु सचांलीत छन् । जसको नाम र सचांलन भएको कक्षाहरु यस प्रकार छन् । श्री किटनी उच्च माध्यमिक विध्यालय कक्षा १ देखी स्नातक तह्सम्म ,श्री सिद्देश्वर निम्न माध्यमिक विध्यालय कक्षा १ देखी ७ सम्म , वडा नं.८ मा अवस्थित श्री ईश्वरी प्राथमिक विधालय कक्षा १ देखि ३ सम्म संचालित छन् । प्राईभेट तर्फ मा.वि,नि .मा.वि,र प्रा. वि गरी जम्मा आठवटा विधालय संचालित छन् । श्रोत (स्थलगत सर्वेक्षण २०६४)

यस गोदावरि गा .वि . स. भित्र यी स्कूलहरुको स्थापना भएतापनि यहांको शौक्षिक स्थिति त्यति राम्रो देखिदैन् । गोदावरी गा .वि . स. ले यहाँको शौक्षिक स्थितिलाई साधरण लेखपढ गर्न जान्ने प्रौढ महिला ,पुरुष,एस.एल.सी वा सो भन्दा वढी उर्तीण संख्या महिला , पुरुष र ६ वर्ष देखि १४ वर्ष सम्मका विधालय नजाने वालवालीका भनि विभाजन गरेर अध्ययन गरेको पाईन्छ ।

गोदावरी गा.वि.स.को शौक्षिक स्थितिलाई तलको तालिकाद्धारा प्रस्तुत गरिएको छ ।

तालिका नं . ६ गोदावरी गा.वि.स.को शौक्षिक स्थिति

| विवरण | वडा न १. | वडा न. २ | वडा न.३ | वडा न. ४ | वडा न. ५ | वडा न. ६ | वडा न. ७ | वडा न.८ | वडा न.९ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६देखि१४ वर्षका विधालय नजाने वालिका | २६ | | | ३० | २३ | १४ | १२ | | | १०५ |
| ६देखि १४ वर्षका विधालय नजाने वालक | ११ | | | ४ | १६ | १० | ४ | ३ | | ४८ |
| साधारण लेखपढ गर्न जान्ने प्रैाढ महिला | ४६ | ५ | १० | २० | १४१ | २४ | ४ | ६२ | २२ | ३३४ |
| साधारण लेखपढ गर्न जान्ने प्रैाढ पुरुष | ९८ | १५ | ३ | ४२ | ४५५ | ३२ | ८ | ५० | ७० | ७७३ |
| एस.एल.सी.वा सो भन्दा वढि उर्तिण महिला सख्या | ५१ | १० | १५ | १७ | १३ | ५ | | ८ | ९ | १२८ |
| एस.एल.सी.वा सो भन्दा वढि उर्तिण पुरुष सख्या | १०९ | १५ | २५ | २२ | ७२ | ९ | १ | ४६ | २१ | ३२० |

श्रोत गोदावरी गा.वि.स. रेकर्ड २०५७

यसरी यस गा.वि.स.भित्र रहेको शैक्षिँक अवस्थालाई हेर्दा के देखिन्छ भने यहाँको कूल जनसख्या ६,२४७ रहेको छ । यँहा साधारण लेखपढ गर्न जान्ने प्रौढ महिला र पुरुषहरुको संख्या १,१०७,एस.एल.सी.वा सो भन्दा वढि उतिर्ण महिला र पुरुषहरुको संख्या ४४८ र ६ देखि १४ वर्ष का विधालय नजाने र वालवलिकाहरुको सख्या १०५ रहेको छ ।

## (४).१४ . धर्म सस्कृति र रितिरिवाज

यस गा .वि.स.मा हिन्दु वौद्ध र क्रिश्चियन धर्मका अनुयायीहरु रहेका छन्। यस गा .वि.स.मा मुलत हिन्दु धर्मका अनुयायीहरु रहेका छन ्। यस.गा .वि .स .मा व्राम्हण, क्षैत्री ,नेवार , भोटेहरुको वाहुल्यता रहेको छ । नेवार समुदायले भने दंशै तिहारको अलावा मौलिक गुठि , जात्रा र चैत्रपूणिमालाई समेत महत्व दिएको पाईन्छ । साथै यहाँको व्राम्हण क्षैत्री समुदायले हिन्दु धर्मको चालचलन तथा रितिरिवाजलाई नै अंगालेको पाईन्छ । जस्तै ,दशै ,तिहार माघेसंक्रान्ति ,चैत्य दशै,साउने संक्रान्ति ,तिज,जनै पूर्णिमा,आमाको मख हेर्ने ,वावु खुवाउने औशी, असार १५ ,श्रावण १५ आदि अंगालेको पाईन्छ ।

## १४ (क). गुम्वा ,मन्दिर र जात्रा

यस गा .वि .स .मा विभिन्न ठाउमा विभिन्न देवदेविताहरुको मूर्ति तथा मठमन्दिरहरु रहेका छन् । यस गा.वि.स .भित्र प्रसिद्ध सिदेश्वर महादेवको मन्दिर पनि रहेको छ । यस मन्दिरलाई गोदावरी कुण्डको नामले पनि चिन्ने गरिन्छ । यस धार्मिक स्थलमा प्रत्येक वाह्र वर्षको भाद्र महिनामा एक महिना सम्म मेला लाग्ने गर्दछ जसलाई सिंह अस्त मेला पनि भन्ने गरिन्छ । साथै नौधारा मन्दिर पनि रहेको छ प्रत्येक वर्ष दशैमा यहा नैरथा पनि लाग्ने गर्दछ ।

साथै यस गा .वि.स.को ७ नं.वडा भित्र वुद्धको ठूलो स्तुपा पनि रहेको छ । वुद्ध गुम्वाहरुमा चैत्र पूर्णिमामा मुख्य रुपमा ४ दिन सम्म जात्रा मनाईन्छ । यहा कृष्ण अष्टमकिो दिनमा राधाकृष्णको मन्दिरमा ठूलो उत्सव मनाईन्छ ।

१४ (ख). वैवाहिक प्रथा

यहाको विवाह प्रथा परम्परागत रुपमा नै छ । हिन्दु समाजमा मागि विवाह नै प्रमुख रुपमा रहेको छ भने कतै कतै फटफुट रुपमा प्रेम विवाह र वहुपत्नी विवाह पनि रहेको देखिन्छ । विवाह हिन्दु वैदिक परम्परा अनुसार हुने भएको पाईन्छ । प्राँयजसो विवाहको उमेरलाई र्हेर्दा यहा किशोर अवस्था अर्थात १४ वर्ष देखि २० वर्ष को उमेर मित्र भएको पाईन्छ ।

(४).१५.प्राकृतिक स्रोतहरु

हावापानी ,वनजगल, वन्यजन्तु

(४).१५. (क). हावापानी

यस गा.वि.स.को हावापानी समसितोष्ण प्रकारको छ । अैसत अधिकतम तापकम २३.६ सेलसियस छ भने न्युनतम तापकम १०.७ सेल्सीयस रहेको छ। यस गा.वि. स .को वार्षिक वर्षा सरदर १२३ २ .६ मि. मि रहेको छो तथा औसत सापेक्ष्िक आदता ५० देखी ८० प्रतिशत रहेको छ ।

(४).१५.(ख).वनजंगल

गोदावरी ,ललितपुर जिल्लाको सदरमुकाम मंगलवजारवाट करिव १० कि.मि टाढा पूर्वका पर्छ । यहां इलाका वन कार्यालय रहेता पनि यंहाको वनजंगलहरु यहांकै व्यक्तीहरुकै अग्रसरतामा सामुदायकि वन उपभोक्ता गठन गरि वन जंगललाई संरक्षित गरिएको छ ।

यसरी समुदायको संरक्षणमा रहेको सामुदायिक वनमा विभिन्न प्रकारका जडिवुटिहरु तथा विशेष प्रकारका वन उत्पादनहरु रह्ेको छन् । जसमा नुन ढिकि , बोजो , धसिगारे ,वकाइनो, टिम्मुर ,च्याउ आदि रहेका छन् भने प्रमुख वोटविरुवाहरुमा सल्लो, कटुस चिलाउ ,उतिस , जुरेकाफल , हाडेकाफल , कालिकाठ , लप्सी , वास , निगाल , गोफलो , उन्यू , खश्रु , वांफ ,वकैनो आदि रहेका छन् । यस्तैगरी यहांका वन जगलमा पाईने सुनगाभा जस्ता विभिन्न फूलहरु टिपि त्यस समुदायका मानिसहरुले वजारमा विकि गरी आय आर्जन गर्ने जस्ता कामहरु र्पनि गरेको पाईन्छ ।

फट्टहेर्दा सानो र सुन्दर देखिने यस गा .वि . स . मा रहेको वन जंगललाई एउटा सुन्दर गहनाको रुपमा लिन सकिन्छ । समुदायकै व्यवस्थापनमा संरक्षित भैरहेका ती वनहरुलाई उत्पादन्मुखी वनाउन सकिने संभावनाहरु प्रश्स्त मात्रामा रहेका छन् । जस्तैः पिकनिक स्थल ,दृष्य टावर, हिमालय रेन्ज हेर्न सकिने र

रिर्सटको स्थापना गर्न सकिने सभांवनाहरु प्रशस्त रहेका छन् । काभ्रेजिल्लामा पर्ने फूलचोकि डाडां ,शाहि वनस्पति उध्यान पनि यसै क्षेत्रमा अवसथित भएकोले पर्यटकिय दृष्टिकोणले पनि यो क्षेत्र निकै महत्व पूर्ण छ। समुदायवाट संरक्षित गरिएका सामुदायीक वनहरुलाई तलको तालिकाद्धारा प्रस्तुत गरिएको छ ।

तालिका नं . ७ समुदायवाट संरक्षित गरिएका सामुदायीक वनहरु

| सि नं . | नम | क्षैत्रफल |
|---|---|---|
| १ | जयभद्र सामुदायिक वन उपभोत्ता समिती | १३५ हेक्टर वन |
| २ | दियालो सामुदायिक वन उपभोत्ता समिती | २८३ हेक्टर वन |
| ३ | गोदावरी कुण्ड वन उपभोत्ता समिती | १५३ हेक्टर वन |
| ४ | नौधारा वन उपभोत्ता समिती | ३५० हेक्टर वन |

श्रोत.गोदावरी गा.वि.स.२०६४ रेर्कड

(४).१५.(ग).वन्यजन्तु

यस गा.वि.स.मा रहेका विभिन्न ४ वटा सामुदायिक वनहरु छन् ।जसमा विभिन्न प्रजातिका वन्य जन्तुहरु पाईन्छ । यहाँ शाहि वनस्पति उध्यान ,ईलाका वन कार्यालय , क्षेत्रीय वन तालिम केन्द समेत रहेका छन् । यहाँ पाईने वन्यजन्तुहरुमा खरायो , स्याल , दुम्सी , भालु , चितुवा , मृग , वनविरालो , र कहिले काहि वाघ पनि देखा पर्दछन् । पंक्षिहरुमा कालिज ,ढुकुर ,लुईचु ,भ्याकुर , लामापुछरे आदि पाईन्छ ।

(४).१६ . अध्ययन क्षैंत्रको विकाशको अवस्था

सिचाई, खानेपानि, स्वास्थ्य, विधुत तथा टेलिफोन सेवा

(४).(१६ (क) सिचाई

कृषि नै मुख्य पेशा रहेता पनि यहाँ सिचाईको अवस्था दयनिय रहेको छ । आकाशे पानीको भरमा यहाको किसानहरु खेति गरिरहेका छन् । यहाँको हालका सिचाईको अवस्थालाई हेर्दा गा .वि.स.को रिपोर्ट अनुसार १४९.६७ हेक्टर जमिन रहेकोमा सिचिंत क्षेत्र ६०.३५ हेक्टर अर्थात ४०.३२ र असिचिंत क्षैंत्र ९.३२ हेक्टर अर्थात ५९.६ रहेको छ ।

(४).१६.(ख) खानेपानि

प्रायँ यस गा. वि.स.मा खानेपानिको अवस्थालाई हेर्दा राम्रै देखिन्छ । प्रायँजसो प्रत्येक घरमा निजी धाराहरु रहेको छ । खानेपानि पाईपलाईन द्धारा वितरण गरिएको छ । साथै कतै ईनार पनि देखीन्छ ।

(४).१६ (ग) स्वास्थ्य

यस गा.वि.स. मा एउटा स्वास्थ्य चौकीले सेवा पुरयाईरहेको छ । सामान्य विरामीहरुलाई यस स्वास्थ्य चौकिमा नै उपचार गरिन्छ भने यहाँ उपचार हुन नसक्ने विरामीहरुलाई अस्पताल लैजाने गरिन्छ । यस गा .वि. स .स्वास्थ्य शेवा को पक्षमा निकै पिछडिएको छ । यो गा.वि.स.जिल्ला सदरमुकामवाट करिव १० कि .मि . मात्र टाढा रहेको र यँहा सडक यातायातको सुविधा पनि रहेकोले गर्दा विरामिलाई तुरुन्तै अस्पताल पु-याउन सजीलो भएको देखिन्छ ।

## (४).१६. (घ) विद्युत तथा टेलिफोन सेवा

गा.वि. स . को प्राँय सवै वडमाा टेलिफोन सेवा उपलव्ध रहेको छ । मान्छेहरुको हातमा यदाकता मोवाइल पनि वोकेको देख्न सकिन्छ । टेलिफोन सेवा दुरसंचार एक्सचेन्ज प्रणाली वाट वितरण गरीएको छ । विजुलि पनि प्राय सवै वडाहरुमा पुगेको पाईन्छ । यस गा .वि . स .मा विधुत केन्दिय प्रशारणवाट संचालन भएको छ भने सडक कच्ची ग्राभेल र कालोपत्रे गरी निमार्ण भएको छ ।

# अध्याय पाँच

## ५. सामाजिक,साँस्कृतिक विशेषता

यस अध्यायमा अध्ययन  क्षेत्रवाट प्राप्त तथ्याङ्कलाई विश्लेषण गरिएको छ । प्राप्त तथ्याङ्कलाई उपयुत्त प्रणालीवाट प्रस्तुत तथा व्याख्या गरिएको छ । यस अध्यायमा उतरदाताहरुको सामाजिक र सास्कृतिक स्थीतीको अध्ययन गरिएको छ । उत्तरदाताहरुको उमेर, शिक्षा, वैवाहिक स्थीती , पारीवारीक आकार र प्रजनन् जस्ता पक्षहरुलाई समेटेको  पाईन्छ ।

### ५.(५)सामाजिक  पक्षहरु

हरेक समाजको निमार्ण साना तथा सुक्ष्म विशेषताहरुवाट भएको हुन्छ । जस्तैः परिवार ,सांना सगठन ,क्लव ,समुह , इत्यादि । यस अध्ययनमा उत्तरदाताहरुको सामाजिक पक्षमा  उमेर , जातिय संरचना , शौक्षिक स्थिती ,वैवाहिक स्थिती , धार्मिक स्थिती, प्रजनन्,परिवारको आकार ,परिवारको संरचना, परिवार नियोजन ,जस्ता पक्षहरुलाई तलको तालिकाद्धारा कमवद्ध रुपमा देखाईएको छ ।

५.(१)  उमेर

जनसख्यायीक  विशेषतामा उमेर एक महत्वपूर्ण पक्ष हो । उमेरले कार्य गर्ने समय , कार्यको  प्रकार र निर्णय प्रकृयामा सहभागिता , जस्ता कुराहरुलाई निर्धारण  गर्छ । यस अध्यायमा १६ देखि ६० वर्ष सम्मको उमेर समुहको महिलालाई नमुनाको रुपमा छनौट गरिएको छ । यसकारण यि उमेर भित्रका ५२ जना विवाहित तथा अविवाहित महिलाहरुको स्थलगत सर्वेक्षणको कममा उमेरगत विवरण तल उल्लेख गरिएको छ ।

५.(२) शौक्षिक  स्थिती

नेपालको जनसंख्याको शौक्षिक स्थितीलाई हेर्दा अशिक्षितको सख्या उच्च र त्यसमा पनि महिलाको साक्षरता दर न्युन देखिन्छ । कूल ५२ जना उत्तरदाताहरुमध्ये पनि धैरै महिलाहरु अशिक्षीत रहेको छन् । महिलाको स्तर निर्धारणमा प्रमुख तत्वको रुपमा शिक्षालाई  लिन सकिन्छ । शिक्षाले आधारभूत सिप र दक्षताको वृदि गर्न सहयोग गर्छ । महिला साक्षरता दर नेपालमा २५.१२ % छ भने पुरुष साक्षरता दर ५४.५% रहेको छ ।

(१९९१) को जनगणना अनुसार उत्तरदाताहरुको शौक्षिक स्थितीलाई  तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका  नं .८        (१९९१) को जनगणना अनुसार उत्तरदाताहरुको शौक्षिक स्थिती

| कम सख्या | शिक्षा | वडा नं १ | वडा नं२ | वडा नं३ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | लेख्न पढ्न नसक्ने | १८ | १२ | १८ | ४८ | १४.८२ |
| २ | लेख्न पढ्न सक्ने | ४२ | १३ | १९ | ७४ | २६.२ |
| ३ | एस.एल. सी. भन्दा तल | २१ | १५ | २० | ५६ | १९.८५ |
| ४ | एस.एल. सी. | १३ | १३ | ८ | ३४ | १२.०५ |
| ५ | उच्च शिक्षा | ७ | २३ | ४० | ७० | २४.८ |

स्रोत, स्थलगत सर्वेक्षण  २०६४

माथिको तालिकावाट लेख्न र पढ्न नसक्ने १४.८२ प्रतिशत , लेख्न पढ्न सक्ने २६ प्रतिशत,एस.एल. सी. भन्दा तलको प्रतिशत १९.८५ र त्यस्तै गरेर एस.एल. सी. दिनेको प्रतिशत १२.०५ र उच्च शिक्षाको प्रतिशत २४.८ रहेको छ। लेख्न पढ्न सक्नको प्रतिशत २६.२ सवैभन्दा उच्च र त्यस्तै गरेर एस.एल. सी. दिनेको सवैभन्दा कम १२.०५ प्रतिशत रहेको देखिन्छ । यस गा.वि.स.मा लेख्न र पढ्न सक्ने मानिसको सख्या उच्च देखिएता पनि एस.एल. सी. दिनेको सख्या भने न्यून देखिन्छ । गोदावरी गा.वि.स.मा विगतको तुलनामा वर्तमान समयमा एस.एल. सी. र उच्च शिक्षा अध्ययन गर्नेको सख्यामा वृद्धि आएको देखिन्छ । हाल महिला शिक्षा प्रतिको दृष्टिकोणमा आएको परिवर्तनले महिला साक्षरता ,एस.एल. सी. र उच्च शिक्षा अध्ययन गर्नेको सख्यामा समेत वृद्धि भएको पाईन्छ।

५.(३) वैवाहिक स्थिती

यस अध्यायमा प्रायँजसो उत्तरदाताहरु विवाहित छन् । कम उमेरमा विवाह गर्ने विषेशता नेपालको महिलामा पाईन्छ। वैवाहिक स्थितीले महिलाको स्तरलाई फरक पार्छ। विवाह पछि महिलाको स्तर वुहारीमा परिणत हुन्छ। नेपालको महिलाको प्रायजसो विवाह २० वर्ष अघि नै भएको पाईन्छ। प्रायँ जसो महिलाहरु विवाह गरेर एक्लो वा लोग्नेवाट छुट्टिएर वसेको पाइन्न ।

तलको तालिकामा उत्तरदाताहरुको वैवाहिक स्थितीलाई देखाईएको छ।

तालिका नं ९ उत्तरदाताहरुको वैवाहिक स्थिती

| क .स | वैवाहिक स्थिती | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | विवाहित | ४६ | ८८.४६ |
| २ | अविवाहित | ३ | ५.७६ |
| ३ | एक्लो | १ | १.९२ |
| ४ | विधवा | २ | ३.८४ |
| | जम्मा | ५२ | १०० |

स्रोत, स्थलगत सर्वेक्षण २०६४

कुल उत्तरदाताहरुमा विवाहित उत्तरदाता ८८.४६ प्रतिशत , अविवाहित ५.७६ प्रतिशत , एक्लो १.९२ प्रतिशत र विधवा ३.८४ प्रतिशत रहेको छ। नेपालजस्तो विकाशोन्मुख राष्ट्मा महिलाहरुको विवाह प्रायँ गरेर कम उमेरमा हुने गरेको पाईन्छ। जसले गर्दा विवाहित उत्तरदाताहरुको सख्या उच्च देखिन्छ भने सानो उमेरमा विवाह गर्नाको परिणाम स्वरुप उच्च प्रजनन्दर, उच्च मातृशिशु मृत्युदर र न्यून जिवन स्तर समेत रहेको पाईन्छ।

५.(३)१ उत्तरदाताहरुको विवाहको उमेर

यस अध्यायमा प्रायँ जसो उत्तरदाताहरु विवाहित छन् । वैवाहिक स्थिती जसले महिलाको स्तर र भूमिकालाई परिवर्तन गर्छ। जसले महिलाको कार्य भारलाई वृद्धिगर्छ।

उमेरगत आधारमा उत्तरदाताहरुको वैवाहिक स्थिती तलको तालीकाद्धारा प्रस्तुत गरिएको छ।

तालिका नं १०　　　　<u>उमेरगत आधारमा उत्तरदाताहरुको वैवाहिक स्थिती</u>

| क.स | उमेरगत आधारमा वैवाहिक स्थिती | वार्ड.नं. १ | वार्ड.नं. २ | वार्ड.नं. ३ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | १० देखि १४ | ३ | ५ | ६ | १४ | २६.९२ |
| २ | १५ देखि १९ | ८ | ७ | ९ | २४ | ४६.१५ |
| ३ | २० देखि २४ | ३ | ३ | ३ | ९ | १७.३ |
| ४ | २५ भन्दा माथि | १ | २ | २ | ५ | ९.६१ |
| | जम्मा | १५ | १७ | २० | ५२ | १०० |

स्रोत, स्थलगत सर्वेक्षण २०६४

माथिको तालिका अनुसार उमेरगत आधारमा वैवाहिक स्थितीलाई हेर्दा १० देखि १४ वर्ष भित्र विवाह गर्ने २६.९२ प्रतिशत, १५ देखि १९ भित्र विवाहगर्ने ४६.१५ प्रतिशत र २० देखि २४ वर्ष भित्र विवाह गर्ने १७.३ प्रतिशत र त्यस्तै गरेर २५ वर्ष भन्दा माथि विवाह गर्ने ९.६१ प्रतिशत रहेको छ । परम्परागत सामाजिक ,सास्कृतिक मुल्य मान्यता ,परिवार र समुदायमा महिलालाई हेर्ने दृष्टिकोण ,अशिक्षा जस्ता विभींन्न कारणहरु जसको परिणाम स्वरुप १५ देखि १९ वर्ष भित्र विवाह गर्ने महिलाको सख्या उच्च देखिन्छ । जसले गर्दा उच्च प्रजनन्दर,उच्च मातृशिशु मृत्युदर साथै न्यून जिवनयापनलाई प्रभाव पार्छ ।

५.(३) उत्तरदाताहरुको विवाहको उमेरप्रतिको धारणा

विवाहको उमेर जसले महिलाको स्तरलाई निर्धारण गर्न महत्वपूर्ण भूमिका खेल्छ । विवाहले महिलाको भूमिका,कार्य र प्रजनन्लाई समेत प्रभाव पार्छ । कम उमेरमा विवाह गर्नाले उच्च प्रजनन्लाई पूर्ण रुपमा प्रभाव पार्छ । जसले उच्च मातृशिशु मृत्युदर र न्युन जिवन यापनलाई प्रभाव पार्छ । वर्तमान समयमा महिलाको विवाहको उमेर वढ्दो छ ।

विवाहको उमेरप्रतिको उत्तरदाताहरुको धारणालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं .११　　　　<u>विवाहको उमेरप्रतिको उत्तरदाताहरुको धारणा</u>

| क.स | विवाहको उमेर | वडा नं. १ | वडानं. १ | वडा नं. १ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | १० देखि १४ | ० | ० | ० | ० | ० |
| २ | १५ देखि १९ | ४ | ३ | ५ | १२ | २३.०७ |
| ३ | २० देखि २४ | ९ | १० | ८ | २७ | ५१.९२ |
| ४ | २५ भन्दा माथि | २ | ४ | ७ | १३ | २५ |
| | जम्मा | १५ | १७ | २० | ५२ | ९९.९९ |

स्रोत, स्थलगत सर्वेक्षण २०६४

यहा उमेर समुहलाई चार भागमा विभाजन गरिएको छ । १० देखि १४ वर्ष भित्र विवाह गर्नु पर्छ भन्ने धारणा ० प्रतिशतको रहेको , १५ देखि १९ वर्ष भित्र विवाह गर्नु पर्छ भन्ने धारणा २३.०७ प्रतिशतको रहेको, २० देखि २४ वर्ष भित्र विवाह गर्नु पर्छ भन्ने धारणा ५१.९२ प्रतिशतको रहेको , २५ वर्ष भन्दा माथि विवाह गर्नु पर्छ भन्ने

धारणा २५ प्रतिशतको रहेको देखिन्छ । वर्तमान समयमा शैक्षिक क्षेत्र ,जनचेतनामा आएको वृद्धि र ढिलो विवाहप्रतिको दृष्टिकोण जसले गर्दा १० देखि १४ वर्ष भित्र विवाह गर्नु पर्छ भन्ने धारणा ० प्रतिशत उत्तरादाताको रहेको पाईन्छ ।

५.(४) प्रजनन्

महिलाको स्तर निर्धारणमा प्रजनन् प्रमुख प्रभाव पार्ने तत्व हो । नेपालको महिलाको न्युन सामाजिक, आर्थिक, अवस्थाको कारण उच्च प्रजनन् हो । न्युन प्रजनन् दर जसले महिलाको आय आर्जनको कार्य सहभागितामा वृद्धि र महिलाको स्तर समेत वृद्धि गर्दछ ।

नेपालको ग्रामिण क्षेत्रमा उच्च प्रजनन् दर सामान्य देखिन्छ । नमुना छनौट भित्रका विवाहित उत्तरदाताहरुको प्रजनन् तलको तालीकामा देखाइएको छ ।

परिवार नियोजन तथा अस्थाई साधन प्रयोगकर्ताको तथ्याङ्ग विवरण तल तालीकाद्धारा प्रस्तुत गरिएको छ ।

तालिका नं १२ परिवार नियोजन तथा अस्थाई साधन प्रयोगकर्ताको तथ्याङ्ग विवरण

| सि .नं | परिवार सख्या | सख्या | प्रतिशत |
|---|---|---|---|
| १ | स्थाई परिवार नियोजन | १२ | २३ |
| २ | अस्थाई परिवार नियोजन | ४० | ७६ |
| | जम्मा | ५२ | १०० |

श्रोत , स्थलगत सर्वेक्षण २०६४

माथिको तथ्याङ्गलाई हेर्दा स्थाई परिवार नियोजन गर्ने व्यक्तिहरु २३ प्रतिशत र अस्थाई परिवार नियोजन गर्ने व्यक्तिहरु ७६ प्रतिशत रहेको छ । यस गा.वि.स.मा परिवार नियोजनको स्थाई तथा अस्थाई साधनका प्रयोगको तथ्याङ्ग विवरण स्थलगत सर्वेक्षण गर्दा के देखिन्छ भने त्यस क्षैत्रमा स्थाई परिवार नियोजन र अस्थाई परिवार नियोजन गर्ने व्यक्तिहरुको सख्या अत्याधिक देखिन्छ । परिवार नियोजनप्रतिको चेतनामा आएको वृद्धिले गर्दा यसको प्रयोगकर्तामा वृद्धि साथै न्यून प्रजनन् दर समेत यस क्षेत्रमा देख्न सकिन्छ ।

५.(५) सन्तान प्रतिको दृष्टिकोण

जनजातिय र सांस्कृतिक विविधता पूर्ण नेपाली समाज भएतापनि यहाँ पीतृसतात्मक परिवार छ । यहाँको मानिसहरुले छोरा वा छोरी कसलाई वढि महत्व दिन्छन् भन्ने थाहा पाउन जरुरी हुन्छ किनकी यसद्धारा छोरा र छोरीप्रतिको वास्तविक सामाजिक स्थिती थाहा पाउन सकिन्छ ।

छोरा र छोरी प्रति महिलाको दृष्टिकोणलाई तलको तालीका द्रारा प्रस्तुत गरिएको छ ।

तालिका नं .१३ छोरा र छोरी प्रति महिलाको दृष्टिकोण

| क .स | विवरण | सख्या | प्रतिशत |
|---|---|---|---|
| १ | बराबर | ३६ | ६९.२३ |
| २ | छोरा | १२ | २३.०७ |
| ३ | छोरी | ४ | ७.६९ |
| | जम्मा | ५२ | ९९.९९ |

श्रोत , स्थलगत सर्वेक्षण, २०६४

माथिको तालिका अनुसार कूल ५२ जना उत्तरदाताहरुमा छोरा र छोरी वरावर हुन् भन्ने ६९.२३ प्रतिशत त्यस्तै गरेर छोरालाई प्राथमिकता दिने २३.०७ प्रतिशत,र छोरीलाई प्राथमिकता दिने ७.६९ प्रतिशत रहेको देखिन्छ । परम्परागत सामाजिक, सास्कृतिक पक्ष र पितृसतात्मक सोचमा परिवर्तन र शैक्षिक क्षेत्रमा आएको विकाश आदि कारणले गर्दा उत्तरदाताहरुमा छोरा र छोरी वरावर हुन् भन्ने सोच आएको देखिन्छ ।

५.(६) उपचार गराउने पद्धति

यहॅाको मानिसहरुले विरामी हुदा उपचार गराउने पद्धतिवाट पनि उनिहरुको चेतना,क्षमता,तथा स्वास्थ्य स्थितीको जानकारी लिन सकिन्छ र यसैवाट स्वास्थ्य माथिको असर पनि थाहा पाउन सकिन्छ ।

उपचार गराउने पद्धति सम्वन्धमा उत्तरदाताहरुको दृष्टिकोणलाई. तलको तालीका द्वारा प्रस्तुत गरिएको छ ।

तालिका नं .१४ उपचार गराउने पद्धति सम्वन्धमा उत्तरदाताहरुको दृष्टिकोण

| क .स | विवरण | सख्या | प्रतिशत |
|---|---|---|---|
| १ | स्वास्थ्य चौकि | २६ | ५० |
| २ | धामिझाकि | ६ | ११.५३ |
| ३ | स्वास्थ्य चौकि र धामिझाकि | २० | ३८.४६ |
| | जम्मा | ५२ | ९९.९९ |

श्रोत , स्थलगत सर्वेक्षण ,२०६४

माथिको तालिका अनुसार कूल ५२ जना उत्तरदाताहरुमा स्वास्थ्य चौकिमा उपचार गराउने ५० प्रतिशत, धामिझाकिमा विश्वास गर्ने ११.५३ प्रतिशत र स्वास्थ्य चौकि र धामिझाकि दुवैमा उपचार गराउने ३८.४६ प्रतिशत रहेको देखिन्छ । यस क्षेत्रमा स्वास्थ्य शिक्षा र स्वास्थ्य शेवामा आएक सुधारले गर्दा स्वास्थ्य चौकिमा उपचार गराउने उत्तरदाताहरुको सख्यामा वृद्धि आएको देखिन्छ ।

७) गोदावरी गा.वि.स.को परिवारको किसिम र परिवारको आकार

५.(७). १ परिवारको किसीम

महिलाको सामाजिक, आर्थिक स्थितीमा परिवारले महत्वपूर्ण भूमिका खेल्छ । हाम्रो देशमा एकात्मक एव सयुंक्त परिवारको वनौट भएको पाईन्छ । यस गा.वि .स.को परिवारमा एकात्मक एवं सयुक्त परिवारको वनौट भएको यस अध्ययनवाट स्प्रष्ट हुन्छ । यहाँको परिवारको ढाचालाई एकल र सयुक्तं भनेर छुट्टयाईएको छ ।

स्थलगत सर्वेक्षणवाट प्राप्त तथ्याङ्कलाई तल तालीकामा प्रस्तुत गरिएको छ ।

तालिका नं १५ स्थलगत सर्वेक्षणवाट प्राप्त तथ्याङ्क

| क .स | परिवारको किसिम | घरधूरी | प्रतिशत |
|---|---|---|---|
| १ | एकात्मक परिवार | २४ | ४६ |
| २ | सयुक्त परिवार | २८ | ५४ |
| | जम्मा | ५२ | १०० |

श्रोत , स्थलगत सर्वेक्षण,२०६४

यस गा.वि .स.को परिवारको किसीमलाई हेर्दा एकल परिवार जहा वावु,, आमा , छोरा र छोरीहरु मात्र रहन्छन । यस्तो परिवारमा २ देखि ४ जनाको परिवार सख्या रहेको हुन्छ । जहा दाजु, भाइ , भाउजु , वुहारी , आमा ,

वुवा ,हजुरआमा , हजुरवुवा , काका, काकि , आदि रहेको हुन्छ । एकै परिवारमा एकै भान्छा खाएर वस्ने परिवारलाई यहा संयक्त परिवार भनिएको छ । जुन परिवारमा ५ भन्दा माथि परिवार सख्या रहेको हुन्छ । त्यस्तो परिवारलाई सयुक्त परिवार भनिन्छ । यसरी हेर्दा माथिको चार्ट अनसार एकात्मक परिवार ४६ प्रतिशत र सयुक्त परिवार ५४ प्रतिशत रहेको छ ।

५.(७)२ परिवारको आकार

उत्तरदाताहरुको अनुसार उनिहरु एकल र सयुक्त परिवारमा वस्ने गर्दछन्

तलको तालिकाले गोदावरी गा.वि. स .परिवारको आकारलाई प्रस्तुत गरिएको छ ।

तालिका नं १६ गोदावरी गा.वि. स .परिवारको आकार

| क .स | परिवारको सदस्य सख्या | परिवार सख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ३ देखि ५ | १९ | ३६.५३ |
| २ | ६ देखि ७ | २६ | ५० |
| ३ | ८ देखि ९ | ७ | १३.५६ |
| | | जम्मा ५२ | १०० |

श्रोत , स्थलगत सर्वेक्षण ,२०६४

माथिको तालिका अनुसार ३ देखि ५ परीवारको सदस्य सख्या हुने ३६.५३ प्रतिशत रहेको, ६ देखि ७ परिवारको सदस्य सख्या हुने ५० प्रतिशत रहेको , र ८ देखि ९ परिवार सदस्य सख्या हुने १३.५६ प्रतिशत रहेको छ । यस गा.वि.स.मा ५ देखि ७ परिवारको सदस्य सख्या हुने अत्याधिक अर्थात ५० प्रतिशत रहेको छ ।

# अध्याय ६

## (६).आर्थिक अवस्था

यस अध्यायमा उत्तरदाताहरुको आर्थिक अवस्था वा आर्थिक स्थितीलाई देखाईएको छ । उत्तरदाताहरुको पेशा र पशुपालनको सख्या ,आम्दानिको स्रोतलाई समेत देखाईएको छ । यस प्रकारको कार्य सहित अन्य प्रकारको धेरैजसो कार्यमा महिलाहरुको नै उच्च सहभागिता रहेको हुन्छ । पुरुषहरुद्धारा गरीने विभीन्न कार्यहरु साथै महिलाको घरभित्रको निर्णय प्रकृयाको समेत यसमा अध्ययन गरिएको छ ।

(६).(१) पेशा

महिलाको सामाजिक र आर्थिक स्थितीको निर्धारणमा पेशा एक मूल सुचाङ्क हो । नेपालको सन्दर्भमा हेर्दा महिलाको मुख्य पेशा भनेको घरभित्रको कार्य हो । घरभित्रको विभीन्न कार्यहरुमा महिलाको हुने सम्लगंनता प्राय एक्लै रहेको हुन्छ । महिलाले प्रस्तुत गर्ने कृषिकार्य पुरुष सरह रहेको देखिन्छ । यस गा.वि .स.मा महिलाहरु वढि परिश्रम गर्ने खालको कार्य गरेको पाईन्छ । उनिहरु विहान देखि वेलुकासम्म विभीन्न कार्यमा सम्लगंन रहेको देखिन्छ । कृषि कार्य सहित व्यापार ,शेवा ,ज्याला जस्ता पक्षमा पनि सम्लगनं रहेको पाईन्छ । महिलाहरु आय आर्जन हुने विभीन्न कार्यहरु जस्तै घरेलु तथा साना आय आर्जन हुने कार्यमा समेत सम्लगनं रहेको पाईन्छ । आधा भन्दा वढि महिलाहरु घरको कार्य र कृषि कार्यमा सम्लगनं रहेको पाईन्छ । महिलाहरुले घरमा खाना पकाउने ,सरसफाई गर्ने ,लुगा धुने ,पानी ल्याउने ,वालवालिकालाई स्कूलको तयारी गर्ने ,वालवच्चा हेर्ने ,घासँ दाउरा ल्याउने जस्ता कार्यमा सम्लगंन रहेको पाईन्छ । यस क्षेत्रको मानिसहरुका प्रमुख पेशा कृषि हो । त्यसैले यहाँ बसोवास गर्ने मानिसहरुले कृषि कार्य गर्ने साथै यसवाट वर्षभरी खान नपुग्ने हुदा उनिहरु अन्य पेशा पनि गर्ने गर्दछन् । जस्तै ज्यालादारी ,शेवा ,व्यापार जस्ता अन्य कार्यहरु पनि गर्ने गर्दछन् । कुन पेशामा कति व्यक्ति लाागेका छन् भन्न कुराको यर्थात रेर्कड नभएता पनि स्थलगत अध्ययन वाट प्राप्त तथ्ययकलाई तल तालीकामा प्रस्तुत गरिएको छ ।

तलको तालिकाले उतरदाताको पेशालाई देखाईएको छ ।

तालिका नं १७ उतरदाताको पेशा

| कम .संख्या | पेशा | जनसख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि र घरदैलो | २८ | ५३ |
| २ | घरदैलो र अन्य | ११ | २१ |
| ३ | घरदैलो र ज्यालादारी | ५ | ९ |
| ४ | शेवा | ५ | ९ |
| ५ | व्यापार | ३ | ५ |
| | जम्मा | ५२ | १०० |

श्रोत ,स्थलगत सर्वेक्षण २०६४

गोदावरी गा.वि.स.मा रहेको मानिसहरु प्राय कृषिमा नै सम्लग्न रहेको छन भने महिलाहरु घर भित्रकै कार्यमा नै सम्लग्न रहेको पाईन्छ । कृषिबाट अधिकाशं मानीसहरुको जीवन यापन नहुने भएकोले उनिहरु अन्य सहायक पेशा समेत अपनाउने गरेको पाईन्छ । कृषि कार्यमा ३/४ महिना काम गरेर फूर्सद भएपछि उनिहरु व्यापार ,ज्यालादारी

,शेवा जस्ता कार्यमा समेत सम्लग्न रहेको पाईन्छ । केहि सरकारी कार्यमा नोकरी गर्ने गरेको पाईन्छ । यसरी तिनीहरु विभिन्न व्यवसायद्धारा आफ्नो गुजारा गर्ने गरेको पाईएको छ ।

(६).(२) आफ्नो जमिनको आकार

कृषि ग्रामिण क्षेत्रको मेरुदण्डको रुपमा लिईन्छ । खेति योग्य जमिनको आकार भन्नाले उत्तरदाताहरुसग के कति जमिन ,वा कृषि भूमि भन्ने वुझिन्छ । भू -स्वामित्व जसको अति निकट सम्वन्ध सामाजिक, आर्थिक स्थितीसग सम्वन्धित रहेको छ । गोदावरी गा.वि.स.मा वस्ने कृषकहरु प्राय सवैको आफ्नै भूमि रहेको देखिन्छ । यस गा.वि.स.मा कृषि उत्पादनको लागि यहॉको माटो ज्यादै गुणस्तरको देखिन्छ । तलको तालिकाले उत्तरदाताहरुको भू स्वामित्वको आकारलाई देखाईएको छ ।

नेपाल कृषि प्रधान देश हो यहाँका वहुसख्यक जनताहरु कृषिमा नै आश्रीत छन् । ग्रामिण जनताको मख्य आयस्रोत कृषि नै हो । तर पनि यहाँको कृषिवाट हुने उत्पादनले वर्ष भरी खान पुग्दैन । यस क्षेत्रमा वसोवास गर्ने मानिसहरुको पाखो जमिन ३० प्रतिशत रहेको छ । पाखो जमिनमा मुस्किलले २ वालि उत्पादन हुन्छ । भूमिहिन मानिसको सख्या र गोदावरीको खेतीयोग्य भूमिको कूल क्षेँत्रफल तथा वार्षिक खाद्यान्न उत्पादन के कति हन्छ भन्ने कुराको कुनैपनि निकायवाट आधिकारीक रुपमा तथ्याङ्क प्राप्त हुन सकेको छैन । स्थलगत अध्ययनमा ६ प्रतिशत भूमिहिन र ९६ प्रतिशत परिवारको भूमि रहेको पाइएको छ । भूमिलाई यहाँ तिन भागमा विभाजन गरिएको छ । कम , मध्यम , र धेरै । कममा २ रोपनी सम्म, मध्यममा २ देखी ४ रोपनी सम्म , र धेरैमा ४ रोपनी भन्दा माथि जसलाई तलको तालीकाद्धारा देखाईएको छ ।

गोदावरी क्षेँत्रको जमिनको वर्गिकरणलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं १८ गोदावरी क्षेत्रको जमिनको वर्गिकरण

| कम. सख्या | भूमिको क्षेँत्रफल | परिवार सख्या | प्रतिशत |
|---|---|---|---|
| १ | भूमिहिन किसान | २ | ६ |
| २ | १ देखि २ रोपनी सम्म | ९ | १७ |
| ३ | २ देखि ४ रोपनी सम्म | ३३ | ६३ |
| ४ | ४ रोपनि भन्दा माथि | ८ | १५ |
| | जम्मा | ५२ | १०० |

श्रोत ,स्थलगत सर्वेक्षण २०६४

माथिको तालिका अनुसार गोदावरी गा.वि.स.को स्थलगत सर्वेक्षणमा भूमिहिन किसान कूल ६ प्रतिशत ,१ देखि २ रोपनी सम्म भूमिहुने १७ प्रतिशत ,२ देखि ४ रोपनी सम्म भूमिहुने ६३ प्रतिशत र ४ रोपनि भन्दा माथि भूमिहुने १५ प्रतिशत रहेको छ । यहाँ भएको उक्त जमिनहरु वारी र खेतको समष्टिगत रुप हो ।

(६).(३) वार्षिक आम्दानी

महिलाको. सामाजिक आर्थिक स्थिती निर्धारणमा प्रभाव पार्ने आम्दानी पनि एक हो महिलाको विभीन्न आधारभूत आवश्यक्ता माथिको स्रोतको पहुँचमा घरभित्रको आर्थिक स्थितीले पनि प्रमुख भूमिका खेल्छ ।

उत्तरदाताको वार्षिक आम्दानीलाई यहाँ मुख्यतय तिन भागमा विभाजन गरिएको छ ।

तालिका नं १९ उत्तरदाताको वार्षिक आम्दानी

| सि.न. | वार्षिक पारीवारीक आम्दानि | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | ५०,००० भन्दा कम | २० | ३८.४६ |
| २ | ५०,०००- १,००,००० | २८ | ५३.८४ |
| ३ | १,००,००० भन्दा वढि | ४ | ७.६९ |
|  | जम्मा | ५२ | ९९.९९ |

श्रोत ,स्थलगत सर्वेक्षण २०६४

माथिको तालिका अनुसार गोदावरी गा.वि.स.को उत्तरदाताहरुको वार्षिक आम्दानीलाई हेर्दा ५०,००० भन्दा कम वार्षिक पारीवारीक आम्दानि ३८.४६ प्रतिशत ,त्यस्तै गरेर ५०,०००- १,००,००० वार्षिक पारीवारीक आम्दानि ५३ .८४ प्रतिशत ,र १,००,००० भन्दा वढि वार्षिक पारीवारीक आम्दानि ७.६९ प्रतिशत रहेको देखिन्छ । सवैभम्दा वढि आम्दानि ५०,०००-१,००,००० सम्म गर्ने ५३.८४ प्रतिशत र सवैभम्दा कम आम्दानि १,००,००० भन्दा वढि गर्ने ७.६९ प्रतिशत रहेको देखिन्छ ।

(६).(४) आफ्नो आम्दानि

आर्थिक आत्मनिर्भर जसले व्यक्तिको व्यक्तित्वमाथि प्रमुख भूमिका खेल्छ । ग्रामिण क्षेत्रमा प्रायजसो मानिसहरुले आफ्नो समय घरभित्रको कार्य गरेर विताउने गर्दछ भने अर्कोतिर उत्तिकै समयपनि कृषिजस्तो क्षेत्रमा खर्च गरेको पाईन्छ । जसको कुनै रेर्कड छैन् । यहाँ आफ्नो आम्दानीको केन्द्र भन्नाले घर र कृषिकार्य जस्तै अन्य दैनिक ज्याला र साना व्यवसाय वा सेवालाई लिन सकिन्छ । महिलाहरु जो साना आय आर्जन जस्तो कार्य गर्ने गर्दछन् । र उनिहरुले घरको व्यवसाय, उधोगलाई योगदान दिई रहेको हुन्छ । जसले उनिहरुको स्तर उच्च हुने आशा देखिन्छ । किनकी उनिहरुले आफ्नो साथि सरह आत्मनिभर हुने कार्य गरेको देखिन्छ ।

तलको तालिकामा उत्तरदाताको आम्दानिलाई देखाईएको छ ।

तालिका नं २० उत्तरदाताको आम्दानि

| सि.न. | आफ्नो आम्दानि | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | १००० सम्म | १२ | २३.०७ |
| २ | १००० - ३००० | २५ | ४८.०७ |
| ३ | ३,०००- ५,००० | १५ | २८.८४ |
|  | जम्मा | ५२ | ९९.९८ |

श्रोत स्थलगत सर्वेक्षण २०६४

तलको तालिकाले उत्तरदाताहरुको आफ्नो आम्दानिलाई देखाईएको छ । १,००० सम्म आम्दानि गर्ने २३.०७ प्रतिशत, १,००० - ३,००० सम्म आम्दानि गर्ने ४८.०७ र त्यस्तै ३,००० - ५,००० सम्म आम्दानि गर्ने २८.८४ रहेको छ । सवैभन्दा कम १००० सम्म आम्दानि गर्ने २३.०७ प्रतिशत त्यस्तै गरेर सवैभन्दा वढि आम्दानि गर्ने १,००० - ३,००० सम्म ४८.०७ प्रतिशत रहेको छ । उत्तरदाताहरु जो आफै आय आर्जनको क्षेत्रमा संलग्न छन् । उनिहरुको घरको कार्यको वोझ र आयआर्जन गर्ने पेशाको वोझ पनि उत्तिकै रहेको देखिन्छ । तर तिनीहरु मध्ये

केहिले आफूले आर्जन गरेको आम्दानिलाई आफनो चाहना अनुसार खर्च गरेको पाईन्छ । जस्तै. गरगहना , कपडा किन्न ।

(६).(५) व्यक्तिगत सम्पति

व्यत्तिगत सम्पति वा स्त्रीधन भन्नाले (दाईजो वा पेवा ) एक प्रकारको सम्पति जुन महिलाले आफै आर्जन गरेको , घरपरिवारवाट प्राप्त गरेको उपहारलाई महिलाको श्रीमान वा अन्यकुनै स्रोतवाट प्राप्त आम्दानीलाई पनि लीन सकिन्छ । जुन वस्तु (जमिन, गाईवस्तु,) नगद पनि हुन सक्छ ।

तलको तालीकाद्धारा उत्तरदाताहरुको व्यत्तिगत सम्पतिलाई देखाईएको छ ।

तालिका नं २१ उत्तरदाताहरुको व्यत्तिगत सम्पति

| सि.न. | व्यत्तिगत सम्पति | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | व्यत्तिगत सम्पत्ति( हुने) | ५० | ९६.१५ |
| २ | व्यत्तिगत सम्पत्ति (नहुने) | २ | ३.८४ |
| | जम्मा | ५२ | ९९.९९ |

श्रोत, स्थलगत सर्वेक्षण २०६४

माथिको तालिका अनुसार व्यत्तिगत सम्पत्ति हुने ९६.१५प्रतिशत त्यस्तै गरेर व्यत्तिगत सम्पति नहुने ३.८४ प्रतिशत रहेको देखिन्छ । महिलाको आफ्नो व्यत्तिगत सम्पतिको रुपमा हेर्दा यहाँ गरगहना, गाईवस्तु र दाईजो वा पेवालाई देखाईएको छ । यस गा.वि .स .मा कृषि व्यवसाय नै प्रमख रुपमा रहेका छन् ।जसमा प्रमुख उत्पादनमा धाँन , मकै , तोरी , गहुँ प्रमुख रुपमा रहेका छन् । त्यस्तैगरी मत्स्य पालन , मौरी पालन , पशुपालन पनि रहेको देखिन्छ ।

(६).(६.) पशुपालन

यस गा.वि.स.मा पशुँपालन पनि प्रमुख रुपमा रहेका छन् । पशुँपालन अन्तर्गत यहाँका मानिसहरुले गाई ,कुखुरा , वाखा ,हाँस , भैसी पालन गर्ने गरेता पनि बढि मात्रामा गाई , कुखुरा पालन गर्ने गर्दछन् । पशुपालनको लागि पशु चिकित्सालय र मत्स्य विकाश केन्द्र ,मौरी पालन , हर्वेरियम वनस्पति प्रयोगशाला ,कृषि शेवा केन्द पनि रहेका छन् । नेपालको कृषि अर्थतन्त्रमा पशुपालनको महत्वपूर्ण र ठूलो भूमिका रहेको हुन्छ । नेपाल एक पहाडि देश भएको हुनाले पशुपालन र कृषि अर्थतन्त्र विच प्रकार्यात्मक सम्वन्ध रहेको हुन्छ । कृषि क्षेत्रको उत्पादन वढाउन पशुपालनको मल शत्तिको आवश्यक्ता रहेको हुन्छ । त्यस्तै गरेर पशुपालनको उदेश्य दुध उत्पादन, मासु अण्डा उत्पादनमा पनि उत्तिकै रहेको छ ।

पशुपालन विवरणलाई तलको तालिकाद्धारा प्रस्तुत गरिएको छ ।

तालिका नं २२ <u>पशुपालन विवरण</u>

| सि .नं | पशुपालन | सख्या | प्रतिशत |
|---|---|---|---|
| १ | गाई, भैसी | ४८९ | ८.२७ |
| २ | भेडा, वाख्रा | ५५१ | ९.३२ |
| ३ | कुखुरा, हास | ४,८६९ | ८२.३४ |
| ४ | अन्य | ४ | ०.०७ |
| | जम्मा | ५,९१३ | १०० |

श्रोत, स्थलगत सर्वेक्षण २०५८ को रेर्कड

यसरी हेर्दा कुखुरा र हाँस पालन अत्याधिक रहेको छ भने गाई, भैसी र भेडा, वाख्रा पालन पनि केहि मात्रामा गर्ने गरेको पाईन्छ । यस अध्ययन क्षेत्रमा सर्वेलाई आधारमान्दा त्यस ठाउँमा बसोवास गर्ने व्यत्तिहरुले पशुपालन विभीन्न उदेश्यले पालेको देखिन्छ । पशुपालनको स्थितीलाई हेर्दा गाई, भैसीपालन ८.२७ प्रतिशत, भेडा, वाख्रा पालन ९.३२ प्रतिशत, कुखुरा, हाँस ८२.३४ प्रतिशत,र अन्य०.०७ प्रतिशत रहेको देखिन्छ । ५२ वटा घरपरिवारमा ७ जना उत्तरदाताहरुले केहि पनि पशुपालन गरेको देखिन्न ।

(६).(७) महिलाको सामाजिक स्तरको तह र प्रवृति

## <u>कृषि मौसममा उत्तरदाताहरुले प्रति दिन कार्य गर्ने समय</u>

घरको कार्य भन्दा वाहिर पनि महिलाहरु उत्तिकै समय अन्य क्षेत्रमा सहभागि भएको देखिन्छ । कृषिकार्यको मौशममा महिलाहरुको कार्यभार दोव्वर देखिन्छ । किनकी त्यसवेला उनिहरुले रोप्ने ,गोड्ने, काटने् ,आदिकार्य गरेको देखिन्छ । स्थलगत अध्ययनवाट प्राप्त तथ्याङ्कलाई हेर्दा उत्तरदाताहरुले कामगर्ने समय ६ देखि १५घण्टा सम्म रहेको देखिन्छ । महिलाले कार्य गर्ने समय जसले उनिहरुको सामाजिक, आर्थिक , स्तर अनुसार फरक फरक रहेको हुन्छ ।

तलको तालिकाले उत्तरदाताहरुले कृषि कार्य गर्ने समयलाई देखाईएको छ ।

तालिका नं २३ <u>उत्तरदाताहरुले कृषि कार्य गर्ने समय</u>

| सि .नं | उत्तरदाताहरुको कार्य गर्ने समय | सख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ८ घण्टा भन्दा कम कार्य गर्ने | १५ | २८.८४ |
| २ | ९ देखि १२ घण्टा कार्य गर्ने | ३२ | ६१.५३ |
| ३ | १२ घण्टा भन्दा वढि कार्य गर्ने | ५ | ९.६१ |
| | जम्मा | ५२ | ९९..९८ |

श्रोत, स्थलगत सर्वेक्षण २०५८ को रेर्कड

माथिको तालिकालाई हेर्दा कूल ५२ जना उत्तरदाताहरुमा ८ घण्टा भन्दा कम कार्य गर्ने महिला २८.८४ प्रतिशत, ९ देखि १२ घण्टा कार्य गर्ने महिला ६१.५३ प्रतिशत र त्यस्तै गरेर १२ घण्टा भन्दा वढि कार्य गर्ने महिला ९.६१प्रतिशत रहेको देखिन्छ । सवैभन्दा वढि ९ देखि १२ घण्टा कार्य गर्ने महिला ६१.५३ प्रतिशत रहेको देखिन्छ भने सवैभन्दा कम कार्य गर्ने ९.६१प्रतिशत रहेका देखिन्छ ।

कृषि कार्यको मौसममा महिलाले गर्ने कार्य भार झन दोव्वर भएको पाईन्छ । अन्य मौशममा समेत महिलाहरु खाली वस्ने गरेको पाईन्न । किनकी त्यस भन्दावाहिरको समय पनि व्यवसाय ,ज्याला ,घरेलु आय आर्जन , जस्तो कार्यमा महिलाहरु सम्लगंन रहेको पाईन्छ ।

(६).(८) पुरुषद्धारा कार्यको सहयोगको प्रकार

नेपाली समाजमा महिला, पुरुष र वालवालिकाको कार्यको वीचमा स्प्रष्ट वाडँफाडँ रहेको हुन्छ । नेपाली समाज सामान्यतय पुरुष प्रधान रहेको छ । जहा महिलाहरुले घरभित्रको विभीन्न कार्यहरुलाई सम्हालेको देखिन्छ । त्यस्तै गरेर महिलाहरुले उत्तिकै सहयोगिको रुपमा वाह् कृषि क्षेत्रमा र पुरुषसग कार्य गरेको देखिन्छ । घरभित्र पुरुषहरुले पनि केहि निश्चित प्रकारको कार्यहरुकमा आफ्नो सम्लगंनता जनाएको देखिन्छ । ति वीभीन्न कार्यहरुलाई यहाँ पाच प्रकारको कार्यमा विभाजन गरिएको छ । घरभीत्रको केहि निश्चीति कार्यमा महिलाहरुको मात्र संलग्नता रहेको हुन्छ भने केहि अन्य कार्यहरुमा कहिलेकाही महिला र पुरुषदुवैको समान सहभागिता रहेको हुन्छ ।

तलको तालिकामा पुरुषद्धारा महिलामाथि गरीएको कार्यको सहयोगलाई यहाँ प्रस्तुत गरीएकोछ ।

तालिका नं २४ पुरुषद्धारा महिलामाथि गरीएको कार्यको सहयोग

| सि .नं | कार्यको प्रकार | सख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषिमा सहयोगि | २५ | ४८.०७ |
| २ | गाईवस्तु हेरचाह गर्नु | ८ | १५.३८ |
| ३ | वालवच्चा हेरचाह गर्नु | ५ | ९.६१ |
| ४ | खाना पकाउने | ३ | ५.७६ |
| ५ | व्यापार व्यवसाय गर्ने | ११ | २१.१५ |
| | जम्मा | ५२ | ९९..९७ |

श्रोत स्थलगत सर्वेक्षण २०५८ को रेर्कड

माथिको तालिकालाई हेर्दा कूल ५२ जना उत्तरदातामा कहिलेकाहि महिलाद्धारा गरिएको विभीन्न कार्यहरुमा पुरुष र महिला दुवैको समान सहभागिता रहेको देखिन्छ । वीभीन्न कार्यहरुमा पुरुषको सहभागितालाई हेर्दा कृषिमा सहयोग ४८.०७ प्रतिशत , गाईवस्तु हेरचाह गर्नु १५.३८ प्रतिशत, वालवच्चा हेरचाह गर्नु ९.६१प्रतिशत, खाना पकाउने ५.७६ प्रतिशत र व्यापार व्यवसाय गर्ने २१.१५ प्रतिशत रहेको देखिन्छ । पुरुषद्धारा महिलामाथि गरीएको कार्यको सहयोगलाई हेर्दा सवैभन्दा वढि कृषिमा सहयोग अर्थात ४८.०७ प्रतिशत रहेको र सवैभन्दा कम सहयोग खाना पकाउनमा ५.७६ प्रतिशत रहेको पाईन्छ । पुरुषहरुले कृषिको मौशममा (वालि रोप्ने ,खन्ने ,मलको प्रयोग गर्दा ,जोत्ने ,काट्ने , ) आदि समयमा महिलासरह कार्य गरेको पाईन्छ ।

(६).(९) ऋण समस्या र कर्जा सुविधा

यस गा.वि.स.मा बैकिङ्ग सेवा उपलव्ध छैन् । यहाका मानिसहरुले कृषि विकाश वैंक टौखेलवाट नै सेवा लिईरहेका छन् । गाउँ विकाश कार्यकम लागू भए पश्चात यस गा.वि .स .को ऋण समस्या कम भएको छ । कर्जा लिन वैंक सम्म धाउनु परेको छैन् । यहाँका मानीसहरुले आफ्नै समुहको वचतवाट ऋण लिई काम चलाई रहेका छन् । नमुना महिला विकाश सहकारी संथा र स्वाभलम्वन विकाश केन्द्धलाई यसको उदाहरणको रुपमा लिन सकिन्छ । यस बचतले नपुगेमा स्थानिय टंष्ट कोषवाट ऋण लिई काम चलाउन पाउदा निकै सजीलो महसूस यहाका मानिसहरुले गरीरहेका छन् । यसरी स्थानिय टंष्ट कोषले बचतलाई आधार मानेर ऋण प्रवाह गर्दछ । यो ऋण

आयमूलक काममा वा छोटो  समयको आम्दानी हुने कामहरु  जस्तै  बाख्रा पालन ,कुखुरा पालन ,हाँस पालन , वंगुर पालन ,तरकारी खेती ,च्याउ खेति ,मौरी पालन,मत्स्य पालन , रअन्य छोटो अवधिमा तयार हुने खालको कामहरुमा लगानि गरिन्छ । यो रकम वा ऋण प्रवाह गर्दा  सामुहिक जमानतमा  गर्ने गरिन्छ भने बैंकले लगानी गर्दा लालपूर्जा धितो राखेर लगानी गर्ने गरिन्छ । बैकिङ्ग कारोवार  भन्दा  सामुदायीक  समुहको कारोवार निकै सजीलो भएको कुरा यहाका मानिसहरु वताउने गर्दछन् ।

श्रोत स्थलगत सर्वेक्षण  २०५८ को रेर्कर्ड

(६).(१०)  उधोग एवंम् सघंसंथा

यस  गा. वि. स .मा. विधुत केन्द्रिय प्रसारणवाट संचालन भएको छ भने खानेपानि पाईप लाईन वाट वितरण गरीएको छ । दुरसचांर  एक्सचेन्ज  प्रणालि ,एक स्वास्थ चौकि ,इलाका हुलाक कार्यालय ,वागवानी केन्द्र ,गोदावरी मत्स्य विकाश केन्द्र ,शाही वनस्पति उद्यान ,इलाका वन  कार्यालय, ,क्षेत्रीय वन तालिम केन्द्र ,मौरी पालन ,हर्वेरियम वनस्पति प्रयोगशाला ,सदुपयोग पाइलटशाखा ,कृषि शेवा केन्द्ध ,पशु चिकित्सालय ,आदि जस्ता सरकारी कार्यालयहरु ,रहेका छन् ।

गोदावरी मार्वल ईन्ड्ष्ट्रिज, हिमालयन ब्रुअरी लिमीटेड ,त्रिशत्ती डिस्ट्रीलरी ,फेलोसोप्याक, टिसुकल्चर, बुद्ध आश्रम, गोदावरी  भिलेज रीसोर्ट आदि जस्ता प्राइभेट कार्यालयहरु  तथा रीसोर्ट पनि यसै गा. वि. स  भित्र रहेको छ ।

श्रोत स्थलगत सर्वेक्षण  २०५८ को रेर्कड

## अध्याय सात

## (७).निर्णय प्रकृयामा महिलाको भूमिका

यस अध्यायमा घरभित्रको निर्णय प्रकृयामा महिलाको भूमिकालाई प्रस्तुत गरिएको छ । घरभित्रको निर्णय प्रकृयामा महिलाको भूमिका पत्ता लगाउन यस अध्ययनलाई तिन भागमा विभाजन गरिएको छ । पहिलो भागमा घरभित्रको कृयाकलापमा (पारिवारीक सम्वन्ध ,कृषि व्यवस्थापन सामाजिक र,सास्कृतिक) कृयाकलापमा महिलाको सहभागिता जुन लैगिंक विधीवाट व्याख्या गरिएको छ भने त्यस्तै गरेर दोस्रो भागमा घरभित्रको निर्णय प्रकृयाको कृयाकलापमा महिलाको भूमिकाको अध्ययन लैगिंक विधीवाट (पारिवारीक सम्वन्ध ,कृषि व्यवस्थापन र सामाजिक, सास्कृतिक) विश्लेष्ण गरिएको छ ।तेस्रो भागमा समान सम्पति ,महिलाको लागि शिक्षा र महिलाको लागि आम्दानि जस्ता पक्षमा उत्तरदाताहरुको आफ्नो विचारलाई देखाईएको छ ।

७.(१०) महिला कृयाकलाप

हाम्रो समाजमा पुरुषको कार्य र महिलाको कार्यहरु सामाजिक र सास्कृतिक रुपमा नै भिन्न छन्। घरभित्रको सम्पूर्ण कार्यहरु महिलाको नै रहेको हुन्छ । किनकी पुरुषहरु घर वाहिर अन्य आय आर्जनको कार्यमा सम्लगंन हुने गर्दछन् । पुरुष र महिलाहरु घरभित्रको विभीन्न कृयाकलापको तहहरुमा सहभागि भएको देख्न सकिन्छ । महिलाहरु घरभित्रको कृयाकलाप , पारीवारीक सम्वन्ध , कृषि व्यवस्थापन र सामाजिक ,सास्कृतिक कृयाकलापमा समेत सहभागि भएको देख्न सकिन्छ ।

(७).(क) घरभित्रको कृयाकलापमा महिलाको सहभागिता

महिलाहरु खाना पकाउने ,वालवच्चा हेर्ने , सरसफाई गर्ने , लुगा धुने , पानी ल्याउने , इन्धनको तयारी गर्ने जस्ता धरभित्रको विभीन्न कृयाकलापमा सम्लगंन रहेको पाईन्छ । यस्ता घरभित्रको कृयाकलापहरुमा प्राय पुरुषहरु सहभागि भएको पाईन्न। प्रायँ गरेर पुरुषहरु शारिरीक श्रम लाग्ने खालको कार्य गरेको देखिन्छ । तलको तालिकाले पुरुष र महिलाले गर्ने घरभित्रको कृयाकलापमा महिला र पुरुषको सहभागितालाई प्रस्तुत गरिएको छ । घरभित्रको कृयाकलापमा महिलाको सहभागिता लाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं २५ घरभित्रको कृयाकलापमा महिलाको सहभागिता

| घरभित्रका कृयाकलाप | कूल सहभागिता | | | जम्मा घरधूरी र(प्रतिशत) |
|---|---|---|---|---|
| | महिला | पुरुष | दुवै | |
| खानाको तयारी | ४० (७६.९२) | ४ (७.६९) | ८ (१५.३८) | ५२ (१००) |
| पानि ल्याउने | २८ (५३.८४) | ४ (७.६९) | २० (३८.४६) | ५२ (१००) |
| इन्धनको तयारी | १८ (३४.६१) | २२ (४२.३) | १२ (२३.०७) | ५२ (१००) |
| वालवच्चा हेर्ने | ३२ (६१.५३) | ५ ( ९.६१) | १५ (२८.८४) | ५२ (१००) |

स्रोत ,स्थलगत सर्वेक्षण २०६४

नोट : माथिको तालिकामा प्रतिशतलाई समेत प्रस्तुत गरिएको छ ।

माथिको तालीका अनुसार हेर्दा नमुना छनौट भित्रका ५२ वटा घरपरिवारमा खानाको तयारी गर्ने महिला मात्र ७६.९२ प्रतिशत, पुरुष ७.६९ प्रतिशत, र दुवै महिला र पुरुषले कार्य गर्ने १५.३८ प्रतिशत रहेको देखिन्छ ।

महिलाले धरभित्र गर्ने कार्यको तथ्याङ्क जस्तै पुरुषले घरभित्र गर्ने कार्यको कुनै तथ्याङ्क रहेको पाईन्न। घरमा प्रायँजसो महिलाहरु नभएको खण्डमा वा वालवच्चाहरु स्कूल गएको खण्डमा मात्र पुरुषहरुले नै खानाको तयारी गर्ने गरेको देखिन्छ ।

पानी ल्याउने कार्यमा कूल ५२ वटा नमुना छनौट भित्रका घरपरिवारमा प्रायँजसो पानि ल्याउने कार्य महिलाको रहेको पाईन्छ । जुन ५३.८४ प्रतिशत रहेको देखिन्छ । पानी ल्याउने कार्यमा पुरुषहरु ७.६९ प्रतिशत मात्र सम्लगंन रहेको छन् । दुवै पुरुष र महिला पानि ल्याउने कार्यमा ३८.४६प्रतिशत सम्लगंन रहेको देखिन्छ ।

माथिको तालिका अनुसार इन्धनको तयारी सम्वन्धि कूल ५२ वटा नमुना घरधूरिमा महिलाले मात्र गर्ने कार्य ३४.६१ प्रतिशत , पुरुष ४२.३प्रतिशत, र दुवै महिला, पुरुष २३.०७ प्रतिशत सम्लगंन रहेको देखिन्छ ।

त्यस्तै गरेर वालवच्चा हेर्ने कार्य सम्वन्धि कूल ५२ नमुना घरधूरिमा महिलामात्र ६१.५३ प्रतिशत, पुरुष ९.६१प्रतिशत,र दुवै महिला, पुरुष को सम्लगंनता २८.८४ प्रतिशत रहेको देखिन्छ । लैगिंक रुपमा हेर्दा कूल ५२ घरपरिवारमा खानाको तयारी,, पानि ल्याउने, र वालवच्चा हेर्ने कार्यमा प्राय जसो महिलाहरु नै वढि सकृय रहेको देखिन्छ । भने इन्घनको तयारी गर्ने पक्षमा पुरुषको सहभागिता वढि रहेको देखिन्छ । यसरी हेर्दा पुरुषको तुलनामा खानाको तयारी ,पानि ल्याउने, इन्धनको तयारी, वालवच्चा हेर्ने जस्तापक्षमा महिलाहरुको सम्लगंनता वढि रहेको देखिन्छ । नेपाल जस्तो विकाशोन्मुख राष्ट्रमा हेर्ने हो भने पनि परम्परागत सामाजिक,सास्कृतिक पक्षहरु ,पीतृ प्रधान समाजद्धारा निर्धारण गरिएको लैगिंक दृष्टिकोण र लैगिंक भूमिका जसले महिला र पूरुषप्रतिको घरभित्रको कृयाकलापलाई महत्वपूर्ण रुपमा प्रभाव पार्ने गरेको देखिन्छ ।

(७).(ख. पारिवारीक सम्वन्धमा महिलाको सहभागिता

नोट घरभित्रको केहि कृयाकलापहरुमा महिलाको आफ्नो भन्दा परिवारको चाहनाको भूमिका वढि देखिन्छ । जस्तै वालवच्चा हेर्ने ,औषधी उपचार ,परिवार नियोजनको प्रयोग ,आदि महिला सहभागिताको तह पत्ता लगाउन लैगिंक रुपमा ति विभीन्न कृयाकलापमा उनिहरुको भूमिकाको तहलाई हेर्नु पर्छ ।तलको तालिकामा नमुनामा छनौट भएका ५२ घरधूरीको सम्वन्धलाई लैगिंक विशिष्ट रुपमा प्रस्तुत गरिएको छ ।

पारिवारीक सम्वन्धको कृयाकलाप लाई तल तालिकामा प्रस्तुत गरिएको छ

तालिका नं २६ पारिवारीक सम्वन्धको कृयाकलाप

| कृयाकलाप | सहभागिता दर | | | जम्मा घरधूरि/प्रतिशत |
|---|---|---|---|---|
| | महिला | पुरुष | दुवै | |
| परीवार नियोजन | १४ (२६.९२) | १२ (२३.०७) | २६ (५०) | ५२ (१००) |
| वालवालिका शिक्षा | १२ (२३.०७) | १२ (३.०७) | २८ (५३.८४) | ५२ (१००) |
| औषधि उपचार | ८ (१५.३८) | १० (१९.२३) | ३४ (६५.३) | ५२ (१००) |

स्रोतः स्थलगत सर्वेक्षण २०६४

नोटः माथिको तालिकामा प्रतिशतलाई समेत प्रस्तुत गरिएको छ ।

माथि प्रस्तुत गरिएको नमुना छनौटको कूल ५२ जना उत्तरदाताहरुमा परिवार नियोजनको साघनको कूल महिला प्रयोगकर्ता २६.९२ प्रतिशत ,पुरुष प्रयोग कर्ता २३.०७ प्रतिशत र दुवै (महिला , पुरुष )परिवार नियोजनको साघनको प्रयोग कर्ता ५० प्रतिशत रहेको देखिन्छ । यहाँ पुरुषको दाजोमा परिवार नियोजनको साघनको महिला प्रयोगकर्ता उच्च भएको देखिन्छ ।

वालवालिकाको शिक्षा सम्वन्धि महिलाको सहभागिता २३.०७ प्रतिशत, पुरुष सहभागिता पनि २३.०७ प्रतिशत नै रहेको र दुवैको सहभागिता ५३.८४ प्रतिशत रहेको देखिन्छ । वालवालिकाको शिक्षाको सम्वन्धमा पनि कूल उत्तरदातामा महिला र पुरुष दुवैको उत्तिकै सहभागिता रहेको देखिन्छ ।

औषधि उपचारको सम्वन्धमा हेर्दा कूल ५२ जना उत्तरदातामा महिला र पुरुषको सहभागिता दर क्रमश १५.३८ र १९.२३ प्रतिशत रहेको देखिन्छ भने दुवैको समान सहभागिता दर ६५.३८ प्रतिशत रहेको देखिन्छ ।

यहाँ, महिला र पुरुष दुवैको पारिवारीक सम्वन्धको कृयाकलापमा प्रायँजसो महिला र पुरुषको समान सहभागिता रहेको देखिन्छ । समयको परिवर्तनसगै आएको व्यतिको सोच, जनचेतना र लैगिंक सोचमा आएको परीवर्तन,शैक्षिक दरमा आएको वृद्धि,साथै परिवार नियोजनको साधनको प्रयोग र प्रचारप्रसारको वीस्तार साथै पर्याप्ततामा आएको वृद्धिले गर्दा समेत परीवार नियोजन, वालवालिका शिक्षा सार्थै औषधि उपचारको प्रयोग जस्ता पारिवारीक सम्वन्धको कृयाकलापमा महिला र पुरुषको सहभागिता दर उच्च देखिन्छ ।

(७).(ग) कृषि व्यवस्थापनमा महिलाको सहभागिता

स्थलगत क्षेत्रको मानिसहरु कृषि क्षेत्रमा वढि संलग्न रहेको पाईन्छ । महिलाहरुले वढि समय कृषि व्यवस्थापनलाई दिएको पाईन्छ । तर पुरुषहरुले आफ्नो वढि समय अन्य वाह्य कार्यमा दिएको पाईन्छ । कृषि कार्यको लागि धैरै मात्रामा जनशत्तिको आवश्यक्ता रहेको हुन्छ । जस्तै , जोत्न ,खन्न ,मलको प्रयोग गर्न ,गोड्न ,काट्न,वालिनालिको हेरचाह गर्न आदि ।

कृषि व्यवस्थापनको कृयाकलापमा लैगिंक असमानता देखिन्छ । कृषि व्यवस्थापनको पक्षँहरुमा रोप्ने, विउको छनैाट मलको प्रयोग , वालि काट्ने, आदि पर्दछन् ।

कृषि व्यवस्थापनमा महिलाको सहभागिता दरलाई तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं.२७ कृषि व्यवस्थापनमा महिलाको सहभागिता दर

| कृयाकलाप | कृषि व्यवस्थापनमा सहभागिता दर | | | जम्मा घरधूरि र (प्रतिशत) |
|---|---|---|---|---|
| | महिला | पुरुष | दुवै | |
| रोप्न | २७ (५१.९२) | १० (१९.२३) | १५ (२८.८४) | ५२ (१००) |
| विउको छनौट | ९ (१७.३०) | ७ (१३.४६) | ३६ (६९.२३) | ५२ (१००) |
| कम्पोष्टको प्रयोग | १५ (२८.८४) | १२ (२३.०७) | २५ (४८.०८) | ५२ (१००) |
| काट्ने | १२ (२३.०७) | २२ (४२.३०) | १८ (३४.६१) | ५२ (१००) |

स्रोत: स्थलगत सर्वेक्षण, २०६४

नोटः माथिको तालिकामा प्रतिशतलाई समेत प्रस्तुत गरिएको छ ।

माथिको तालिकाद्धारा कूल ५२ वटा नमुनाको घरधूरिमा रोप्ने कार्यमा महिलाहरुको सहभागिता ५१.९२ प्रतिशत,पुरुषहरु १९.२३ प्रतिशत , र दुवै  महिला ,पुरुषको सहभागिता २८.८४ प्रतिशत रहेको देखिन्छ ।
विउको छनौट गर्दा महिला र पुरुष दुवै छलफल गरेर मात्र यसको प्रयोग गर्ने गरेको देखिन्छ । विउँको छनौट गर्दा महिलाहरु १७.३० प्रतिशत, पुरुषहरु १३.४६ प्रतिशत,र दुवैको सम्लगंनता ६९.२३ प्रतिशत रहेको देखिन्छ । विउको छनौट गर्दा पूरुषको दाँजोमा महिलाको सहभागिता दर उच्च देखिन्छ । किनकी महिलाहरुले विउको छनौट गर्दा वढि जाँच गर्ने गर्दछन्। त्यसैले विउको छनौट गर्दा महिलाहरुलाई नै वढि प्राथमिकता दिएको पाईन्छ।
कम्पोष्ट मलको प्रयोगमा महिला २८.८४ प्रतिशत, पुरुष सहभागिता २३.०७ प्रतिशत, दुवै महिला ,पुरुषको सहभागिता  ४८.०८ प्रतिशत रहेको देखिन्छ । कम्पोष्ट मलको प्रयोग गर्दा पनि पुरुषको दाँजोमा महिलाको सहभागिता दर वढि देखिन्छ । वालि काट्ने काीई  हेर्दा महिला सहभागिता  २३.०७ प्रतिशत, पुरुष सहभागिता ४२.३० प्रतिशत, दुवै महिला ,पुरुषको सहभागिता ३४.६१ प्रतिशत रहेको देखिन्छ ।
यी माथिका विभीन्न कृयाकलापको तहहरुमा रोप्न, विउँको छनौट, कम्पोष्टको प्रयोग, आदि कृयाकलापहरुमा महिलाको संलग्नता वढि रहेको देखिन्छ भने वाली काट्ने कार्यमा पुरुषको संलग्नता उच्च देखिन्छ ।
कृषि क्षेत्रको विकाशको लागि उच्च जनशक्तिको आवश्यकता पर्छ । जुन परिवारभित्रको सदस्यहरवाट पूर्ति गर्ने काम हुन्छ । माथिको यी कृषी व्यवस्थापनको वीभीन्न कृयाकलापहरु जस्तै रोप्ने ,विउको छनौट, कम्पोष्ट मलको प्रयोग वाली काट्ने आदिमा महिलाको उच्च सहभागिता रहेको माथिको तालिकाले प्रस्तुत गर्दछ । कृषि व्यवस्थापनमा महिलाहरु अझैपनि कृषि व्यवस्थापनको कार्यमा उच्च संलग्नता रहेको पाईन्छ ।

(७).(घ) सामाजिक ,सास्कृतिक  व्यवहारमा महिलाको सहभागिता

समाजको पहिचानको लागि सामाजिक ,सास्कृतिक कृयाकलाप प्रमुख आधार हुन्। प्रत्येक जातजातिहरुको आफ्नै परम्परा, मुल्य मान्यता नैतिकता रहेको हुन्छ । समाजमा रहेको विभीन्न जनजातिहरुको आ-आफ्नै सास्कृतिक पहिचान रहेको हुन्छ । जव उनिहरु आफ्नो चाडपर्व ,जन्म ,मृत्यु, विवाह , तथा धार्मिक सस्कारहरु मनाउँछन । त्यसवेला उनिहरुको आफ्नै  सामाजिक,सास्कृतिक  पहिचानहरु देखिन्छ । तलको तालिकाले महिला र पुरुषले मनाउने चाडपर्व, उत्सव ,धर्म, विवाह जस्ता संस्कार, आदि कृयाकलापको व्यवहारलाई देखाईएको छ ।
सामाजिक ,सांस्कृतिक व्यवहारमा महिला र पुरुषको सहभागितालाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका  नं. २८  सामाजिक ,सांस्कृतिक व्यवहारमा महिला र पुरुषको सहभागिता

| कृयाकलाप | सहभागिता दर | | | जम्मा घरधूरि |
|---|---|---|---|---|
| | महिला | पुरुष | दुवै | |
| चाडपर्व उत्सव | २० (३८.४६) | १५ (२८.८४) | १७ (३२.६९) | ५२ (१०० ) |
| धाार्मिक संस्कार | २० (३८.४६) | १७ (३२.६९) | १५ (२८.८४) | ५२ (१०० ) |
| वैबाहिक संस्कार | – | – | ५२ (१०० ) | ५२ (१०० ) |

स्रोतः स्थलगत  सर्वेक्षण  २०६४

नोटः माथिको तालिकामा प्रतिशतलाई समेत प्रस्तुत गरिएको छ ।

माथिको तालिका अनुसार चाडपर्व उत्सवमा महिलाको मात्र सम्लगंनता ३८.४६ प्रतिशत रहेको देखिन्छ भने पुरुष २८.८४ प्रतिशत संलग्नता रहेको पाईन्छ। दुवै(महिला पुरुष) ३२.६९ प्रतिशत चाडपर्व उत्सवमा समान सहभागिता रहेको देखिन्छ।

माथिको तालीकावाट हेर्दा धार्मिक उत्सवमा पुरुष ३२.६९प्रतिशत र महिला ३८.४६ प्रतिशत सहभागि रहेको देखिन्छ भन दुवै (महिला,पुरुष) २८.८४ प्रतिशत सहभागि रहेको देखिन्छ।

त्यस्तै माथिको तालिकावाट हेर्दा १०० प्रतिशत नै विवाहको उत्सव मनाउने कार्यमा दुवै (महिला र पुरुषका) वरावर सहभागि रहेको देखिन्छ यहाँ पारस्पारीक सहभागिता नै विशेषता वनेको छ । विवाहको उत्सवमा पारस्पारीक सहभागिता निकै आवश्यक वनेको छ। चाडपर्व, धार्मिक उत्सवमा महिलाको सहभागिता दर भने केहि उच्च देखिन्छ। महिलाहरु पूजाआजा, व्रतमा वढि सम्लगंन रहेको देखिन्छ। समाजमा परम्परागत मुल्य मान्यता साथै परम्परा देखि परिवारका अन्य सदस्यहरुले समेत गरेको धार्मिक कृयाकलापहरुको प्रभाव महिलामाथि परेको हुदा पनि उनिहरुको यस प्रति वढि झूकाव भएको हुन सक्छ।

(७).(२) घरधूरीको व्यवस्थापनमा निर्णय प्रकृयाको भूमिका

यस क्षेत्रमा घरभित्रको रुपैया पैसालाई राख्ने,वजार जाने ,भूमिका महिलाको नै रहेका देखिन्छ। सामान्यतया महिला हरुले वजारमा गएर स्वतन्त्र पूर्वक आफैले वस्तु किन्न सक्ने पहुच रहेको पाईन्न्।

श्यामा र अवस्थीले ले १९९३ को तथ्याङ्क अनुसार ६० प्रतिशत महिलाहरु कृषि उत्पादनहरु हाट वजारमा वेच्ने जिम्मेवारी रहेको पाईन्छ।

(आचार्य र वेनिट १९८१)का अनुसार सामान्यतया ग्रामिण वजारमा वस्तु वा शेवा किन्ने पहुचँ महिलाको रहेको पाईन्छ। कृषि उत्पादनको वस्तुहरु वेच्ने पहुच जनजाति ,पर्यावरण ,भू-स्वामित्व , आर्थिक पक्ष अनुसार फरक फरक रहेको हुन्छ।

उनका अनुसार पहाडि क्षेत्रमा ६० प्रतिशत महिलाहरुले अन्न वेच्ने गर्दछन्। तर तराईमा ४० प्रतिशत महिलाहरु अन्न वेच्ने गर्दछन्।साना कृषि जमिन हुने महिलाहरुले उत्पादित वस्तु वा सेवा वेच्ने वढि अधिकार प्राप्त गरेको हुन्छ र शिक्षीत महिलाहरुको यस प्रति वढि नियन्त्रण रहेको पाईन्छ। सामान्यतया न्यून सामाजिक , आर्थिक ,स्तर हुने परिवार भित्रका महिलाहरुको अन्न र पशु उत्पादनहरु वजारमा वेच्ने पहुँच रहेको हुन्छ।

(आचार्य र वेनिट १९८२) निकालेको निष्कर्ष अनुसार महोत्तरी जिल्लामा न्यून सामाजिक ,आर्थिक स्थिती भएका महिलाहरुको स्थानिय अर्थ वजारको कृयाकलापमा उच्च सहभागिता रहेको पाईएको छ। साथै कृषि जस्तै अर्थ वजारको क्षेत्रमा उच्च सम्लगंनता हुने महिलाको सामाजिक ,आर्थिक स्थिती उच्च रहेको पाईन्छ। यस घरधूरिको व्यवस्थापनमा घरको खर्च ,उधारो, कृषिवाट उत्पादित वस्तु विकी आदिको मुख्य रुपमा व्याख्या गरिएको छ।

घरधूरिको व्यवस्थापनको निर्णय प्रर्कयाको भूमिकालाई तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं .२९ घरधूरिको व्यवस्थापनको निर्णय प्रर्कयाको भूमिका

| कृयाकलाप | महिला | पुरुष | दुवै | कूल घरघूरि |
|---|---|---|---|---|
| किन्ने | ३० (५७.६९) | १५ (२८.८४) | ७ (१३.४६ ) | ५२ (१००) |
| उधारो | १८ (३४.६१) | २३ (४४.२३) | ११ (२१.१५) | ५२ (१०० ) |
| ऋण दिन | १० (१९.२३ ) | १२ (२३.०७) | ३० (५७.६९) | ५२ (१०० ) |
| कृषि उत्पादनको विकी | १० (१९.२३ ) | २० (३८.४६) | २२ (४२.३०) | ५२ (१०० ) |

स्रोत ,स्थलगत सर्वेक्षण २०६४

नोट, माथिको तालिकामा प्रतिशतलाई समेत प्रस्तुत गरिएको छ ।

माथिको तालिका अनुसार घरपरिवारको निर्णय कर्ता दुवै महिला ,पुरुष वस्तु वा सेवा किन्ने भूमिका १३.४६ प्रतिशत रहेको देखिन्छ । वस्तु किन्ने निर्णय प्रकृयामा महिलाको मात्र भूमिका ५७.६९ प्रतिशत रहेको देखिन्छ भने पुरुषको मात्र भूमिका २८.८४ प्रतिशत रहेको देखिन्छ ।

त्यस्तै गरेर उधारोको सम्वन्धमा हेर्दा २१.१५प्रतिशत घरधूरिमा निर्णय कर्ता दुव महिला र पुरुष रहेको छ भने यसै सम्वन्धमा महिला मात्र निर्णय कर्ता जम्मा ३४.६१ प्रतिशत र पुरुष मात्र निर्णय कर्ता जम्मा ४४.२३ प्रतिशत रहेको देखिन्छ । उधारोको सम्वन्धी भूमिकामा महिलाको तुलनामा पुरुषको सख्या वढि देखिन्छ ।

ऋण दिने सम्वन्धि निर्णय कर्तालाई हेदा महिला ,पुरुष दुवैको भूमिका ५७.६९ प्रतिशत रहेको र यसै सम्वन्धि महिलाको मात्र भूमिका १९.२३ प्रतिशत र पुरुषको मात्र भूमिका २३.०७ प्रतिशत रहेको देखिन्छ । ऋण दिने सम्वन्धि विषयमा महिला र पुरुषको सख्या वरावर नै रहेको देखिन्छ। कृषि उत्पादनको विकी सम्वन्धि निर्णय कर्तालाई हेदा महिला ,पुरुष दुवैको भूमिका ४२.३प्रतिशत रहेको, यसै सम्वन्धि महिलाको मात्र भूमिका, १९.२३ प्रतिशत र पुरुषको मात्र भूमिका ३८.४६ प्रतिशत नै रहेको देखिन्छ । कृषि उत्पादनको विकी सम्वन्धि निर्णय कर्तालाई हेदा महिला ,पुरुष दुवैको भूमिका पनि समान जस्तै रहेको देखिन्छ। अन्त्यमा लैगिंक रुपमा घरभित्रको निर्णय प्रकृयाको भूमिकाको व्यवस्थापनमा पारस्परीक भूमिका रहेको पाईन्छ । घरमूलि एक्लोको निर्णयको भूमिकालाई हेर्दा घरपरिवारको अन्य सदस्यको अभावमा भएका पाईन्छ। यस क्षेत्रमा किन्ने , ऋण दिन,उधारो लिन,कृषि उत्पादनको विकीको सम्वन्धमा हेर्दा लैगिंक विभेद रहेको पाईन्न । वस्तु किन्ने निर्णय प्रकृयामा महिलाको मात्र भूमिका उच्च रहेको देखिन्छ भने उधारो,ऋण दिन,कृषि उत्पादनको विकी गर्ने कार्यमा पुरुषहरुको नै उच्च सम्लगंनता रहेको देखिन्छ।

(७).(३) पारीवारीक सम्वन्धमा निर्णय प्रकृया

पारीवारीक सम्वन्धहरु जस्तै उपचार, वालवालिकाको लागि विध्यालय जान ,परिवार नियोजनको प्रयोग र महिला र पुरुषको यी प्रत्येक पक्षँमा फरकको भूमिकालाई देखाईएको छ। यस अध्यायमा महिला र पुरुषको निर्णय प्रकृयाको भूमिकाको समेत खोज गरिएको छ। त्यसैकारण हामीले महिलाको भूमिका पत्ता लगाउन सक्छौ । पारिवारीक सम्वन्धको कृयाकलापमा निर्णय प्रकृयाको भूमिकालाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका न .३०  पारिवारीक सम्वन्धको कृयाकलापमा निर्णय प्रकृयाको भूमिका

| कृयाकलाप | निर्णय कर्ता | | | जम्मा घरधूरि |
|---|---|---|---|---|
| | महिला | पुरुष | दुवै | |
| उपचारको खोजमा | ९ (१७.३०) | ९(१७.३०) | ३४ (६५.३८) | ५२ (१००) |
| वालवालिका विद्यालय जान | १२ (२३.०७) | १४ (२६.९२) | २६ (५०) | ५२ (१००) |
| परिवार नियोजनको प्रयोग | १५ (२८.८४) | ११ (२१.१५) | २६ (५०) | ५२ (१००) |

स्रोतः स्थलगत सर्वेक्षण २०६४

नोट : माथिको तालिकामा प्रतिशतलाई समेत प्रस्तुत गरिएको छ ।

माथिको तालिकाद्धारा उपचारको खोजको निर्णय प्रकृयाको कूल ५२ जना उत्तरदातामा दुवै महिला र पुरुषको भूमिका ६५.३८ प्रतिशत रहेको छ भने उपचारको खोजको निर्णय प्रकृयामा महिलाको मात्र भूमिका १७.३०प्रतिशत, र पुरुषको मात्र भूमिका १७.३० प्रतिशत रहेको छ । सामान्यतया निर्णय जस्तो पक्षमा दुवैको पारस्पारिकता रहेको देखिन्छ । घरमूलिको एक्लो निर्णय प्रायँ गरेर अर्को सदस्यको अभावमा हुने गर्दछ ।

त्यस्तै गरेर वालवालिका विध्यालय जान पारीवारीक निर्णय प्रकृया सम्वन्धि कूल ५२ जना उत्तरदातामा दुवै महिला र पुरुषको भूमिका ५० प्रतिशत अर्थात उच्च रहेको देखिन्छ । पुरुषको र महिलाको मात्र भूमिका कमश २६.९२ ,२३.०७ प्रतिशत रहेको देखिन्छ । परिवार नियोजनको प्रयोग सम्वन्धि कूल ५२ जना उत्तरदाताहरुमा दुवै महिला र पुरुषको भूमिका ५० प्रतिशत रहेको छ भने पुरुषको मात्र भुमिका २१.१५ प्रतिशत, महिलाको मात्र भुमिका २८.८४ प्रतिशत रहेको छ । परिवार नियोजनको प्रयोग गर्दा प्रायँ महिला र पुरुषले छलफलद्धारा नै निर्णय गर्ने गरेको पाईन्छ । उपचारको खोजमा बालबालिका बिद्यालय जान परिवार नियोजन बिधिका प्रयोग आदि जस्तो बिषय सम्वन्धि भुमिकामा घरमुली एक्लोको निर्णय अर्को ब्यक्ती नभएको ख्ण्डमा मात्र हुने गर्दछ ।

(७).(४) कृषि व्यवस्थापनमा निर्णय प्रकृया

तेस्रो राष्ट्रमा महिलाले गर्ने कृषिकार्य भनेको अदृष्य रहेको पाईन्छ । जनगणनाको तालिकामा र रोजगारको तथ्याङ्कमा मात्र न्यून रुपमा महिलाले गर्ने कृषि कार्य देखिन्छ । किनकी उनिहरुको कार्यलाई विनामुल्यको रुपमा हेर्ने गरिन्छ । महिला घरभित्र मात्र सिमीत वा आर्थिक रुपमा निष्कृय भएको पाईन्छ । महिलाको कृषि व्यवस्थापनको निर्णयमा घरभित्रको आम्दानि ,महिलाको लैंगिंक प्रतिको दृष्टिकोण , महिलाको उमेर, विवाहको उमेर , महिलाको आम्दानि आदिले प्रभाव पार्छ। व्राम्हण, क्षेत्रि समुदायमा महिलाहरुले पनि वालि रोप्ने निर्णयमा महत्वपूर्ण भूमिका खेलेको पाईन्छ । ५७ प्रतिशत महिलाहरुले स्वनिर्णय गर्दछन् । भने ४० प्रतिशत मैथली समाजको निर्णय प्रकृयामा पुरुषहरुको संलग्नता रहेको देखिन्छ भने तामाङ्ग र थारु समुदायमा भने महिला र पुरुषहरु निर्णय प्रकृयामा समान सहभागि रहेको पाईन्छ । (वेनिट,१९८१)

Acharya ले मैथलि महिलाहरुको अध्ययनमा वालि ,मल र विउको छनौटमा १८. ५० प्रतिशतले आफै छनौट गर्दछन् । १२.५० प्रतिशतले परिवारमा महिला र पुरुषको संलग्नता वाट गर्ने गरेको पाईन्छ भने मैथलि

समुदायमा वालिको छनौट र मलको प्रयोगमा ६९ प्रतिशत निर्णय भने पुरुषको हुन्छ। विउको छनौट र मलको प्रयोग ,वालि काट्ने आदि सम्वन्धि निर्णय प्रकृयाको भूमिकालाई तल तालिकामा देखाईएको छ ।

कृषि व्यवस्थापनमा निर्णय प्रकृयाको भूमिकालाई तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका न .३१ कृषि व्यवस्थापनमा निर्णय प्रकृयाको भूमिका

| कृषि कृयाकलाप | निर्णयकर्ता | | | कूल घरधूरि |
|---|---|---|---|---|
| | महिला | पुरुष | दुवै | |
| रोप्ने | २८ (५३.८४) | १० (१९.२३ ) | १४ (२६.९२) | ५२ (२१००) |
| विउँको छनौट | २४ (४६.१५) | १२ (२३.०७) | १६ (३०.७६) | ५२ (१०० ) |
| मलको प्रयोग | २० (३८.४६) | १० (१९.२३ ) | २२ ( ४२.३०) | ५२ (१०० ) |
| काट्ने | १० (१९.२३ ) | २३ (४४.२३) | १९ (३६.५३) | ५२ (१०० ) |

स्रोतः स्थलगत सर्वेक्षण २०६४

नोट : माथिको तालिकामा प्रतिशतलाई समेत प्रस्तुँत गरिएको छ ।

माथिको तालिका अनुसार रोप्ने कार्यको निर्णय प्रकृयामा कूल ५२ घरधूरिमा महिलाको मात्र संलग्नता ५३.८४ प्रतिशत ,पुरुष १९.२३ प्रतिशत, र दुवै ़महिला र पुरुष मात्र संलग्नता २६.९२ प्रतिशत रहेको छ । विउँको छनौट गर्दा महिलाको मात्र संलग्नता ४६.१५ प्रतिशत ,पुरुष२३.०७ प्रतिशत, र दुवै महिला र पुरुष मात्र सम्लगंनता ३०.७६ प्रतिशत रहेको छ । मलको प्रयोग सम्वन्धि निर्णय प्रकृयामा महिलाको मात्र संलग्नता ३८.४६ प्रतिशत ,पुरुष १९.२३ प्रतिशत, र दुवै महिला र पुरुषको मात्र संलग्नता ४२.३० प्रतिशत रहेको छ । त्यस्तै गरेर कृषि कार्यमा वालि काट्ने सम्वन्धको निर्णय प्रकृयामा महिलाको मात्र संलग्नता १९.२३ प्रतिशत ,पुरुष ४४.२३ प्रतिशत, र दुवै महिला र पुरुष मात्र संलग्नता ३६.५३ प्रतिशत रहेको छ ।

यहाँ माथिको तालिकावाट स्पष्ट हुन्छ कि रोप्ने, विउँको छनौट र मलको प्रयोगमा महिला निर्णय कर्ताको भूमिका उच्च देखिन्छ भने वालि काट्ने निर्णय प्रकृयामा पुरुषहरुको भूमिका नै उच्च देखिन्छ । किनकी पुरुषहरु शारिरीक रुपमा वलियो र यस प्रति वढि रुचि राख्ने देखीएको पनि पाईन्छ । यस गोदावरी गा,वि,स,मा मात्र नभई अन्य गामिण क्षेत्रहरुमा पनि रोप्ने ,विउँको छनौट ,मलको प्रयोग आदि जस्ता कृयाकलापमा महिलाको नै उच्च संलग्नता रहको पाईन्छ भने वढि शारिरीक श्रम लाग्ने कृयाकलापहरु जस्तै जोत्ने, खन्न र वालि काट्ने कार्यमा पुरुषको नै उच्च संलग्नता रहेको पाईन्छ ।

(७).(५) सामाजिक सांस्कृतिक व्यवहारमा निर्णय प्रकृया

सामाजिक, सास्कृतिक व्यवहारको प्रतिस्थापन समुदायको पहिचानको लागि हुन्छ । महिला र पुरुषको निर्णय प्रकृयाको भूमिकाले समुदाय र व्यत्तिलाई व्यत्तिगत रुपमा प्रभाव पार्छ । वालवालिकाको सामाजिक, सास्कृतिक ,पक्षँको सहभागिता सम्वन्धि कसले निर्णय गर्छ भन्ने कुराको यस अध्यायमा लैगिंक रुपमा निर्णय प्रकृयाको भूमिकालाई धर्म सस्कार सम्वन्धि र प्रभाववाट हेर्न सकिन्छ । साथै कसले धर्म र सांस्कृतिक चाडपर्वको व्यवस्थापनलाई व्यवस्थित गर्छ भन्ने कुराको समेत लैगिंक रुपमा विश्लेषण यँहा तल तालिकामा प्रस्तुत गरिएको छ । सामाजिक सास्कृतिक व्यवहारमा निर्णय प्रकृयाको भूमिकालाई तल तालिकामा प्रस्तुँत गरिएको छ।

तालिका नं .३२ सामाजिक,सास्कृतिक व्यवहारमा निर्णय प्रकृयाको भूमिका

| सामाजिक सास्कृतिक व्यवहार | निणर्य कर्ता | | | कूल घरधूरि |
|---|---|---|---|---|
| | महिला | पुरुष | दुवै | |
| चाडपर्वमाकेटीको सहभागिता | २२ (४२.३०) | १८ (३४.६१) | १२ (२३.०७) | ५२ (१००) |
| केटीको धार्मिक उत्सवमा सहभागिता | २० (३८.४६) | १६ (३०.७६) | १६ (३०.७६) | ५२ (१००) |
| धार्मिक उत्सवको र निमार्ण व्यवस्थापनमा | १० (१९.२३ ) | ९ (१७.३० ) | ३३ (६३.४६) | ५२ (१०० ) |

स्रोत : स्थलगत सर्वेक्षण २०६४

नोटः माथिको तालिकामा प्रतिशतलाई समेत प्रस्तुँत गरिएको छ ।

माथिको तालिका अनुसार कूल ५२ जना उत्तरदाताहरुमा सामाजिक,साँस्कृतिक व्यवहारको निर्णय प्रकृयाको भूमिकालाई हेर्दा ,चाडपर्वमा केटीको सहभागितालाई हेर्दा महिला निर्णयकर्ता ४२.३० प्रतिशत, पुरुष ३४.६१ प्रतिशत, दुवै पुरुष, महिला निर्णय कर्ता २३.०७ प्रतिशत सहभागि रहेको देखिन्छ । केटीको धार्मिक उत्सवमा सहभागितालाई हेर्दा महिला निर्णय कर्ता ३८.४६ प्रतिशत, पुरुष ३०.७६ प्रतिशत दुवै पुरुष र महिला सहभागिता ३०.७६ प्रतिशत रहेको छ । त्यस्तै गरेर धर्मिक उत्सवको निमार्ण व्यवस्थापनलाई हेर्दा महिला निर्णय कर्ता १९.२३ प्रतिशत, पुरुष १७.३० प्रतिशत, दुवै पुरुष, महिला सहभागिता ६३.४६ प्रतिशत रहेको छ । चाडपर्वमा सहभागिता , धार्मिक उत्सवमा सहभागिता ,धार्मिक उत्सवको र निमार्ण व्यवस्थापनमा महिला र पूरुष सहभागिता दरलाई हेर्दा पुरुषको तुलनामा महिला सहभागिता न्यून मात्रामा अगाडि देखिनुको पछाडि सहयोगी घरमूलि निर्णय कर्ताको अभावमा हुने गरेको पाईन्छ ।

माथिको तालिकाको प्रस्तुतिलाई हेर्दा चाडपर्व, धार्मिक उत्सव , धार्मिक उत्सवको निर्माण तथा ब्यवस्थापनमा दुवै महिला र पुरुषको सामाजिक ,सास्कृतिक रुपमा समान पारस्पारिक भूमिका रहेको देखिन्छ ।

## (७).(६) महिलाको आफ्नो स्तर सम्वन्धि उनिहरुको आफ्नो धारणा

तुलनात्मक रुपमा हेर्दा महिलाको स्तर पुरुषको भन्दा न्यून छ भन्ने प्रति महिलाहरु आफै समर्थन गर्दछन्। महिलाको अनुसार उनिहहरुको स्तर न्यून हुनुको पछाडि घरभित्रको अर्थ क्षेत्रमा असमानता हुनु ,अशिक्षा, र पीतृप्रधान समाज जहा छोरालाई प्राथमिकता दिनु आदि पक्षलाई लिन सकिन्छ । यस अध्यायमा वावुआमाको सम्पत्तिप्रति महिलाको अधिकार ,महिलाको लागि सम्पत्तीको महत्व, ,महिलाको लागि शिक्षा ,आदि पक्षमा उनिहरुको आफ्नो विचारलाई तल कमश प्रस्तुत गरिएको छ ।

(७).(क) महिलाको लागि समान सम्पतिप्रतिको अधिकार

यहाँको परिवारमा सम्पतिको अधिकारलाई हेर्दा वावुआमाको सम्पति छोराले प्राप्त गर्ने र छोरा नभएको खण्डमा छोरीले प्राप्त गर्ने चलन रहेको छ ।

छोरीको लागि सम्पत्ति प्रति अभिभावकको धारणा लाई तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं .३३ छोरीको लागि सम्पत्ति प्रति अभिभावकको धारणा

| कम स. | निर्णय कर्ता | घरधूरी सख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पक्ष | ५० | ९६.१५ |
| २ | विपक्ष | – | – |
| ३ | कुनै ज्ञान छैन् | २ | ३.८४ |
| | जम्मा | ५२ | १०० |

स्रोत ,स्थलगत सर्वेक्षण २०६४

यस अध्यायमा कूल ५२ घरधूरिमा ९६.१५ प्रतिशत उत्तरदाताहरु महिलाको लागि समान सम्पति प्रतिको अधिकारको पक्षमा र विपक्षमा शुन्य प्रतिशत र कुनै ज्ञान छैन् भन्ने पक्षमा ३.८४ प्रतिशत धारणा अभिभावकको रहेको देखिन्छ । उनिहरुको विचारमा सम्पत्तिको अधिकारले पनि महिलाहरु आफै निर्णय प्रकृयामा सहभागि हुन वढि मद्दत गर्छ भन्ने धारणा रहेको छ । महिलाको लागि सम्पत्तिको अधिकार प्रतिको विषयमा कोहि पनि महिलाहरु यसको विरुद्धमा रहेको देखिदैन् । व्यवहारिक पक्षमा हेर्दा यस समुदायमा केहि परिवारमा छोरीलाई समेत सम्पति दिएको पाईन्छ ।

यस समुदायमा शैक्षिक क्षेत्रमा आएको वृद्धि र जनचेतनामा आएको विकाशले समेत छोरीको लागि सम्पत्ति प्रति अभिभावकको धारणाले समेत महत्वपूर्ण भूमिका खेलेको पाईन्छ । परिवार र समुदायमा (पुरुष र महिलाले) महिलालाई हेर्ने दृष्ट्रिकोण र सोचमा आएको परिवर्तनले समेत महिलाको लागि सम्पत्ति प्रति अभिभावकको धारणामा परिवर्तन आएको देखिन्छ ।

(७).(ख) महिला शिक्षा प्रतिको धारणा

बर्तमान समयमा महिला शिक्षा अत्यन्त आवश्यक रहेको देखिन्छ । महिलाको सामाजिक स्तर निर्धारणमा शिक्षा अत्यन्त आवश्यक रहेको छ । एक शिक्षीत परिवार हुन महिलाको लागि शिक्षाको भूमिका अत्यन्त आवश्यक रहेको छ भन्ने कुरा सवै परिवारले स्विकारेको पाईन्छ । वर्तमान समयमा,नेपालमा शिक्षाको कमि रहेको देखिन्छ । साथै महिला र पुरुषको शिक्षामा असमानता रहेको छ । विगत समयमा महिला शिक्षालाई न्यून जोड दिएता पनि वर्तमान समयमा यसमा सुधार आएको छ । समयको परिवर्तन सगै समुदायमा व्यक्तिको धारणामा आएको परिवर्तन र जनचेतनामा आएको वृद्धि आदिले समेत महिला शिक्षाप्रतिको धारणामा परिवर्तन ल्याएको देखिन्छ ।

कूल ५२ जना उत्तरदाताहरुमा महिला शिक्षाको पक्षमा ५२ जना उत्तरदाताहरु नै पक्षमा रहेको पाईन्छ । शिक्षा जसले महिलालाई समान ज्ञान सहित सशक्त वनाउछ भन्ने धारणा रहेको पाईन्छ । त्यसैकारण शिक्षा त्यस्तो महत्वपूर्ण संयन्त्र हो जसले समाजको आमूल परिवर्तनमा जोड दिन्छ । साथै महिला र पुरुषलाई श-शक्तिकरण गर्न समेत शिक्षाले महत्वपूर्ण भूमिका खेल्छ ।

## (७).(ग) महिलाको लागि आम्दानिको महत्व

शिक्षाको शशक्तिकरणले गर्दा अर्थक्षेत्रमा महिलाको सहभागितामा वृद्धि हुन्छ । जसले परिवार र समुदायमा महिलाहरुले आफ्नो शक्ति प्राप्त गर्न सक्छ । परिवार र समुदायमा पुरुषले अर्थ क्षेत्रमा सहभागि भए जत्तिकैं

महिलाले पनि समान रुपमा अर्थ क्षेत्रमा योगदान दिन सक्छ । जसले महिलाहरुलाई परिवार र समुदायमा उनिहरुको स्तर निर्धारण र निणर्य प्रकृयामा सहभागि हुन जोड दिन्छ ।

कूल ५२ घरधूरिको उत्तरदाताहरुमा ५२ जना उत्तरदाताहरु नै महिलाको लागि आम्दानिको पक्षमा रहेको देखिन्छन् । यदि महिलाहरु आर्थिक रुपले आत्म निर्भर भएको खण्डमा परिवारमा पुरुषको आर्थिक वोझ कम हुने र अर्कोतिर महिला शशक्तिकरणलाई समेत सहयोग गर्छ । समुदायमा महिलाहरु आय आर्जन हुने विभीन्न कार्यहरुमा सम्लंगन रहेको  पाईन्छ । जस्तै :कुखुरा पालन ,पशुपालन मत्संयपालन र फलफूल खेती । यदि महिलाको आर्थिक स्तर वृद्धि भएको खण्डमा परिवार,समुदाय ,राष्ट्र् र व्यक्तिगत रुपमा महिलाको स्व-निर्णयको  प्रकृयाको भूमिकामा समेत वृद्धि हुनेछ ।

## (अध्याय आठ)

### (८).सांराश र निष्कर्ष

यस अध्यायमा गरिएको वर्णात्मक विश्लेषणको आधारमा यस गा.वि.स.को वार्ड नं.१, २, र ३ मा वसोवास गर्ने "महिलाहरुको घरायसी निर्णय प्रकृयाको भूमिकामा एक अध्ययन" सांराशमा निम्न पक्षलाई समेटेको छ । यस अध्यायमा सांराशको प्रस्तुति प्राप्त तथ्याङ्कको व्याख्यावाट विश्लेशण सहित यसको निष्कर्ष प्रस्तुत गरिएको छ ।

(८).१. सांराश

"महिलाहरुको घरायसी निर्णय प्रकृयाको भूमिकामा एक अध्ययन" तयार भएको सोधपत्रमा मुख्य रुपमा तिनवटा विशीष्ट उदेश्य रहेको देखिन्छ । महिलाको सामाजिक, पक्षको अध्ययन र त्यसको विश्लेषण ,महिलाको आर्थिक पक्षको अध्ययन र विश्लेषण,निर्णय प्रकृयामा महिलाको भूमिका र त्यसको विश्लेषण गर्ने,। यी उदेश्य प्राप्त गर्नको लागि ललितपुर महानगरपालिकाको गोदावरी गा.वि.स.को ३ वटा वार्डहरु छनौट गरिएको छन् भने त्यस क्षेँत्रको कूल जनसख्या ६,२५७, महिला ३,०८१,पुरुष ३,१७६, रहेको छ भने कूलघरधूरि १,३५३ रहेको छ । अध्ययनको नमुनाको लागि १,२ र ३ वार्डहरु छनौट गरिएका छन् । १,२ र ३ वार्डहरुको कूल जनसख्या क्रमश १,५००, ३६८ ,र ४२३ रहेको छ भने पुरुषको कूल जनसख्या क्रमश ७६७,१८२ र २१३ रहेको छ भने महिलाको कूल जनसख्या ३०८१, ७३३ र १८६ रहेको छ । नमुनाको रुपमा वार्ड नं.१ वाट ५ प्रतिशत, २ ,र ३ वाट २५/२५ प्रतिशत जनसख्यालाई नमुनाको रुपमा छनौट गरिएको छ। यस अध्ययन वर्णात्मक अध्ययन विधीमा आधारित छ। प्राथमिक साथै द्धितीय तथ्याङ्कको पनि प्रयोग गरिएको छ । प्राथमिक तथ्याङ्कहरु स्थलगत अध्ययन विधीवाट संकलन गरिएको छ ।

अध्ययन क्षेत्रको महिलाहरुको वैवाहिक स्थितीलाई हेर्दा नमुना छनौट भित्रका कूल ५२ जना उत्तरदाताहरुमा विवाहित ८८.४६ प्रतिशत, अविवाहित ५.७६ प्रतिशत, एक्लो १.९२ प्रतिशत, र विधवा ३.८४ प्रतिशत रहेको देखिन्छ । यस समुदायको शौक्षिक स्थितीलाई हेर्दा त्यस क्षेत्रको कूल जनसख्यामा ६ देखि १४ वर्षका विद्यालय नजाने वालिकाको सख्या १०५ ,६ देखि १४ वर्षका विद्यालय नजाने वालकको सख्या ४८ जना , साधारण लेखपढ गर्न जान्ने प्रौढ महिलाको सख्या ३३४ ,साधारण लेखपढ गर्न जान्ने प्रौढ पुरुषको सख्या ७७३ जना एस.एल.सी. वा सो भन्दा वढि उर्तिण महिलाको सख्या १२८ जना, एस.एल.सी. वा सो भन्दा वढि उर्तिण पुरुष सख्या ३२० रहेको छ । अध्ययन क्षेत्रमा दुई प्रकारको परिवार रहेको पाईन्छ । कूल ५२ जना उत्तरदाताहरुमा एकात्मक परिवार ४६ प्रतिशत ,सयुक्त परिवार ५४ प्रतिशत रहेको छ । यस क्षेत्रको वार्षिक पारीवारीक आम्दानिलाई हेर्दा कूल ५२ जना उत्तरदाताहरुमा ५०,००० भन्दा कम आम्दानि हुने ३८.४६ ,प्रतिशत, ५०,०००–१,००,००० वार्षिक पारिवारीक आम्दानि हुने ५३ .८४ प्रतिशत र १,००,००० भन्दा वढि वार्षिक पारिवारीक आम्दानि हुने ७.६९ प्रतिशत रहेको छ ।

पारिवारीक पेशालाई हेर्दा उनिहरु एउटै पेशामा मात्र सम्लगंन रहेको पाईदैन्। उनिहरुको जिवन यापनको प्रमुख स्रोत कृषि हो । कूल ५२ जना उत्तरदाताहरुमा कृषि र घरदैलोको कार्यमा ५३ प्रतिशत, घरदैलो र अन्यमा २१ प्रतिशत, घरदैलो र ज्यालादारीमा ९ प्रतिशत ,सेवामा ९ प्रतिशत , व्यापारमा ५ प्रतिशत संलग्न रहेको पाईन्छ ।

यस समुदायका महिलाहरु घरभित्रको कार्यमा प्रमुख रुपमा सहभागि रहेको पाईन्छ । खाना तयार गर्ने ,पानि ल्याउने ,वालवच्चा हेर्ने , सरसफाई गर्ने कार्यमा वढि सम्लगंन रहेको पाईन्छ। भने पुरुषहरु कृषि ,नोकरी ,ज्याला, व्यापार ,र अन्य क्षेत्रमा संलग्न रहेको पाईन्छ ।

यस क्षेत्रमा महिला र पुरुषको वालवालिकमको शिक्षा सम्वन्धि निर्णय प्रकृयालाई हेर्दा दुवैको वालवालिकाको शिक्षामा समान निर्णय ४७.०५ प्रतिशत नै ,रहेको छ ।

कृषि व्यवस्थापनमा रोप्ने ,विउको छनौट ,मलको प्रयोग ,आदि पक्षमा पुरुषको तुलनामा महिलाको सहभागिता उच्च देखिन्छ भने वालि काट्ने पक्षमा पुरुषको सहभागिता उच्च रहेको देखिन्छ । सामाजिक, सांस्कृतिक केहि कृयाकलापहरुमा परिवारको सम्पूर्ण सदस्यहरु सकृय रुपमा सहभागि रहेको पाईन्छ ।

महिलाको तुलनामा पुरुषको सहभागिता अर्थ क्षेत्रको उधारो र ऋण दिने सम्वन्धमा उच्च देखिन्छ । यद्यपी महिला र पुरुषको सयुक्त निर्णय प्रकृया उच्च रहेको दखिन्छ । वालवालिकाको शिक्षामा परिवारमा महिलाको एक्लो निर्णय २३.०७ प्रतिशत, पुरुष २६.९२ प्रतिशत,र महिला र पुरुष दुवैको निर्णय सहभागिता ५० प्रतिशत रहेको पाईन्छ । माथिको विश्लेषणवाट परिवार नियोजन सम्वन्धि मापनलाई हेर्दा दुवै महिला र पुरुषको पारस्परिक निर्णय ५० प्रतिशत ,पुरुष मात्र निर्णयकर्ता २१.१५, र महिला मात्र निर्णयकर्ता २८.८४ प्रतिशत रहेको देखिन्छ । भने उपचारको खोजमा महिला र पुरुषको एक्लो निर्णय क्रमश १७.३ र १७.३ प्रतिशत रहेको छ भने दुवैको पारस्परिक निर्णय ६५.३८ प्रतिशत रहेको छ ।

कृषि व्यवस्थापनमा महिलाको उच्च सहभागिता रहेको देखिन्छ । विउको छनौट ,रोप्ने,मलको प्रयोगमा महिलाको निर्णय उच्च देखिन्छ भने वालि काट्ने सम्वन्धि विषयको निर्णय प्रकृयामा पुरुषको सहभागिता उच्च रहेका देखिन्छ ।

सामाजिक र धार्मिक उत्सव मनाउन पुरुषको तुलनामा महिलाको निर्णय प्रकृया उच्च रहेको देखिन्छ। सामाजिक र सास्कृतिक व्यवहारहरुको व्यवस्थापनमा महिला मात्र निर्णय कर्ता ३८.४६ प्रतिशत,पुरुष मात्र निर्णयकर्ता २८.८४ प्रतिशत, र दुवैको सहभागिता दर ३२.६९ प्रतिशत रहेको देखिन्छ । धार्मिक सस्कारको व्यवस्थापनमा महिला मात्र निर्णय कर्ता ३८.४६ प्रतिशत ,पुरुष मात्र निर्णय कर्ता ३२.६९ प्रतिशत,र दुवैको सहभागिता दर २८.८४ प्रतिशत,रहेको छ भने बैवाहिक संस्कारमा दुवैको सहभागिता १०० प्रतिशत नै रहेको देखिन्छ ।

यस समुदायमा अभिभावकको सम्पत्ति छोराले प्राप्त गर्ने चलन रहेको र केहि परिवारमा छोरीलाई समेत अभिभावकले आफ्नो अशं समेत दिएको पाईन्छ । महिलाको लागि सम्पत्तिप्रर्ति अधिकारको निर्णयलाई हेर्दा १०० प्रतिशत अभिभावक नै यसको पक्षमा रहेको देखिन्छ । त्यस्तै गरेर महिला शिक्षा र आम्दानी प्रतिका निर्णय प्रकृयामा समेत १०० प्रतिशत अभिभावक नै यसको पक्षमा रहेको पाईन्छ ।

(८).२.निष्कर्ष

अनुसन्धानको निष्कर्षलाई हेर्दा यस गोदावरी गा.वि.स.को महिलाहरुको निर्णय प्रकृयालाई सामाजिक, आर्थिक , र धार्मिक रुपले अभिप्रेरित भएको देखिन्छ । महिलाहरुको सामाजिक ,सास्कृतिक स्तर न्यून हुनुमा अशिक्षा प्रमुख पक्ष रहेको छ। घरभित्रको निर्णय प्रकृयाको भूमिकामा महिलाको तुलनामा पुरुषको भूमिका उच्च रहेको देखिन्छ । पुरुषको तुलनामा महिलाको भूमिका खाना पकाउने ,वालवच्चा हेर्ने ,पनि ल्याउने कार्यमा वढि संलग्न रहेको

पाईन्छ भने ईन्धनको तयारी, वालि काट्ने,र उधारो जस्तो विषयमा पुरुषहरुको निर्णय वढि रहेको पाईन्छ । ( महिला र पुरुषको समान सहभागिता) वालवालिकाको शिक्षा , उपचारको खोज ,कृषि व्यवस्थापन ,सामाजिक ,सास्कृतिक पक्षमा समान रहेको पाईन्छ । यहाँ महिला र पुरुषलाई समाजमा समान महत्व दिएको पाईन्छ । समान शिक्षाको अवसर,समान आम्दानिको पक्षमा परिवारमा अभिभावकको समान समर्थन रहेको छ । भने घरभित्रको निर्णय प्रकृयाको विशेषतालाई हेर्दा पारस्परिक निर्णय रहेको छ ।

पुरुष र महिलाको भूमिकाको भिन्नताले निर्णय प्रकृयालाई प्रभाव पार्छ । उनिहरुको सहभागिताको भिन्नतालाई समान गर्न सल्लाहको वाटो समेत प्रस्तुत गरिएको छ । महिलाको घरभित्रको कार्यलाई अझैपनि अनुत्पादक कार्यको रुपमा हेरिन्छ । महिलाले गर्ने कृषिकार्य भार दुर्त रुपमा वृद्धि भएको पाईन्छ । यी स्रोतहरुको फाईदाको कुरा आउछ ,त्यसमा पुरुषको नै नियन्त्रण रहेको हुन्छ । महिलाहरु घरभित्रको जिम्मेवारि सहित कृषि कार्यमा पनि उत्तिकै मात्रामा सम्लगंन रहेको देखिन्छ । महिलाको स्रोत माथिको न्युन पहुँच जसले घरको निर्णय प्रकृयालाई प्रत्यक्ष प्रभाव पार्छ । महिलाहरु घरभित्र र उत्पादनको भूमिकामा उच्च सहभागिताले घरको अर्थ क्षेत्रको निर्णय प्रकृयालाई प्रमुख रुपमा प्रभाव पार्छ ।वाम्हण क्षेत्रि समुदायमा भन्दा जनजाति समुदायमा पुरुषहरु वाह् कार्यमा संलग्न भएको खण्डमा महिलाले घरभित्रको निर्णयमा महत्वपूर्ण भूमिका रहेको खेलेको पाईन्छ । प्रायँजसो एकात्मक परिवारमा महिलाले पुरुष सरह घरभित्र अन्तीम निर्णय प्रकृयामा निर्णय गरेको पाईन्छ भने सयुक्त परिवारमा घरमूलि निर्णय कर्ता पुरुष नै रहेको पाईन्छ । महिलाको आफ्नो नाममा जमिन न्यून मात्रामा रहेको पाईन्छ । महिला अवसरको अधिकारलाई हेर्दा सस्कृति र वैचारीक धारणा नै वाधक वनेको पाईन्छ । लैगिंक असमानताको प्रमुख कारण हिन्दु धर्म र त्यसवाट वनेको नेपालको कानूनी ऐन हो महिलाको पहिचानको लागि महिला अधिकार अत्यन्त आवश्यक रहेको छ । महिलालाई स्थानिय कृषि उत्पादनवाट प्रविधिको प्रयोग तर्फ लानु पर्छ । महिलाको आफ्नो अधिकारको पहिचान हुन र विश्व समुदायमा पुरुषको सहयात्रि हुन वर्तमानमा अत्यन्त आवश्यक भै सकेको छ ।

# सन्दर्भसुचि


Acharya,M(1979), ''Statistical Profile of Nepalese Women" : A Critical Review, The Status of Women in Nepal ''.Vol 1,Part1,Kathmandu CEDA:33-57.

(1997).''The Status of Women'' Vol. II,Part 4, kathmandu :CEDA:142

(1997)."Gender Equality & Empowerment in Nepal". A Status Reports Submitted to UNFPA , Kathmandu .

Acharya ,Mand Bennett Lynn (1981) ,"The Rural Women in Nepal. An Aggregate Analysis & Summary of Eight Village Studies: The Status of women in Nepal ."' Field Studies , Vol. II Part 9:127-143 CEDA/T.U . Nepal.

(1982).'"Women & the Subsistence sector Economic Participation &Household Decision –Making in Nepal", World Bank Staff Working papers 526, The World Bank USA .

Acharya ,M Ahooja–Patel,Krishna,(1982), '' Another Development with Women ,Development Dialogue A Journal of International Co-operation Published by the Dog Hammarskyold foundation Uppsala ,(1-2) : 17-28

Asian Development Bank 2001,''Women in Nepal ''ADB Prgram department & West & Office of Environment & Social Development .Country Briefing Paper .ADB: Kathmandu.

Bennett Lynn (1973),'Tradition & Change in the legal Status of Nepalese Women" CEDA

1979 Tradition & Change in the legal Status of Nepalese Women A Critical Review, ''The Status of women in Nepal'' Volume 1 Part 2

(1980), The Status of women in Nepal '' Vol I Part 1:89

1983. Dangerous Wives & Sacred Sister : Aocial & Symbolic Roles of high Caste Women in Nepal ,New York : Columbia University Press.

Bista ,D.B. (1st Published 1991& 7th 1992.''Sabai Jaat Ko Phulbari'', Sajha Publication

1982. "The process of Nepalization" Research Article,Document Analysis.

1989. "The Structure of Nepali Society '' Center for Nepal & Asian Studies.

1991,1st edition & 1999 2nd edition "Fatalism & Development"Orient Lognman.

Bruce,J.1989. "Home Divided ,'' (The Population Council ,New Work ),World Develoment Vol.17 ,no .7. pergamon Press Great Britain ,979-991

CBS (1989). "Women in Nepal. .Save Statistical Facts''.HMG National Planning Commission Secretarial ,KTM,Nepal .
(1995) .'' Population Management of Nepal HMG, KTM".
(2001), Population Census 2001,Westen Development Regions, CBS, Thapathali Kathmandu ,Nepal
(2002) Statistical Pocket Book Kathmandu:Central Bureau of Statistics
(2003), National Population Census ,2001, Selected Data (KTM,CBS)
(2004),Women In Nepal ,Some Statistical facts,Ramshah Path ,Kathmandu .

Grown C.A . ''(Guest editor N.Y.) & Sebstad J . (Consultant, Nairobi ) 1989,''Towards a Wider Perspective on women's Employment''.

Giggins J.(Consultant,The Netherlands) 1989. ''How Poor Women Earn Income in Sub –Saharan Africa What Works Against Them .'' World development ,Vol 17,No 7 Pergamon Press Plc., Great Britain, 953-963.

Kaur Satnam ,(1987), Women in Rural Development a Case Study ,Mittal,Delhi

Malla,S.& J.Pandey (2000) , Women in Power & Decision making ,KTM: Beijing Plus Five , Country Report ,HMG,MOWCSW

March, S Kathryan 1983,"Weaving Writing& Gender '' Cornell University. (University of the West Indies ,Bridge Town Barbados)

Massiah J. 1989 .''Womens lives & livelihoods: A View From the Commonwealth Carribean'' World Development ,Vol.17,No.7:Pergamon Press Plc., Great Britain .965-977

Majumdar Vina ,(1982), Another Development With Women : A View from Asia , Development Dialogue Dag Hammarskjold Foundation Uppsala, (1-2):65-73

Mope(2001), State & Environment (Forest & Agriculture ) KTM:Ministry of Population & Environment.

NPC( 1998), Ninth Five Year Plan 1997-2002 KTM: ,:National Planning Commission HMG (2002),Concept Paper of PRSP/10th Plan .National Planning Commission HMG/N Kathmandu ,Nepal.

O,Dear 1997. ''Gender Equality & Empowerement of Women

'',Kathmandu UNFPA.

Pandit ,Baburam 2003 '' Women Participation in Decision Making Activities

Pant,Mukunda Raj Jan.26,2003:4 The Sunday Post

Regmi ,Ray K.R.1999. ''Dimension of Nepai Society & Culture'' SANN Research Institute.

Rosa 1995,Friedrich– Ebert-Stifting (FES), , 'Women of SouthAaia" Ga:a academicpress p.w /57-65

Research /Stri Shakti 1996. ''Women Democracy & Development ''KTM

Sharma, P.R. 1977. ''Caste Social Mobility & Sanskritization " Kailash Magazine.

Shrestha,M (2003), ''Paradism Shift to Address Gender Issues in Development ", Vol .23 No.1, KTM

Subedi,Prativa(1993) . ''Nepal Women Raising'',KTM,Nepal.

Thakurathi ,M . Land entitlement patterns.The Kathmandu Post Daily,March09,2004,pp.5,Kathmandu,Nepal, Kantipur Publication Pvt.Ltd

Thapa ,L.2002, An Processiding – Gender , KTM : Sachetana

The Tenth Plan (2002). ''National Palnning Commission'', KTM NPC/HMG

UNDP (1995). ''Nepal Human Development Report'',New York : Oxford University Press.

UNFPA,1993. Population Profile of SAARC Countries Special Reference to Women ,Kathmandu ; Ministry of Labour & Social Welfare,Women Development ,SAARC Division ,pp.10

UNICEF(1987), ''Childern & Women of Nepal : A Situation Analysis '' KTM,Nepal.

UNICEF/ Nepal 1991. ''Situation analysis of Children & Women in Nepal ,Part The National Enviroment 1991.

United Nation (UN) World Conference of tenth International Women's year 2000,USA

Women's Services Co-Ordination Committee (2003).

# परिशिष्ट

प्रश्नावली :-गोदावरी गा.वि.स.को“महिलाहरुको घरायसी निर्णय प्रकृयाको भूमिकामा एक अध्ययन” सग सम्वम्धित

(क) सामान्य परिचय

(१) नाम ------------ जात ------------ उमेर ------------

(२) वैवाहिक स्थिती ----------------------------------

(३) तपाईको शिक्षा : (क) शिक्षित ☐ (ख) अशिक्षित ☐

(४) श्रीमानको शिक्षा : (क) शिक्षित (ख) अशिक्षित ------------

(५) तपाईको पेशा ------------------------------------------------------------

श्रीमानको पेशा :

(६) काम गर्ने समय : (क) पुरुष------------ (ख) महिला ------------

(७) तपाईको कतिवटा छोराछोरीहरु छन् ?

क) छोरा------------ (ख) छोरी------------ (ग) छैन------------

(८) परिवारमा सदस्य संख्याः

| | ०-२० | २०-३४ | ३५-५९ | ६० भन्दा माथि |
|---|---|---|---|---|
| पुरुष | ------------ | ------------ | ------------ | ------------ |
| महिला | ------------ | ------------ | ------------ | ------------ |
| विवाहको उमेर | ------------ | ------------ | ------------ | ------------ |

( ९) जग्गा/जमीनः

(क) खेतको जमीन------------(१) कम------------ (२)मध्यम------------(३) धेरै -----------

(ख) वारीको जमीन----------- (१) कम-----------(२)मध्यम-----------(३) धेरै -----------

(१०) महिलाको नाममा जग्गा छ कि छैन ? छ भने कति छ ?

(क) छ ----------- (१) कम ------ (२)मध्यम ------ (३) धेरै ------(ख) छैन-----------

(११) पशुपालनको संख्या :

क) गाई ------ (ख) साँढे ------ (ग) भैंसी ------ (घ) वाखाहरु ------(ङ) कुखुरा ------

(१२) शक्तिको प्रयोग : (क) दाउरा ------------ (ख) मट्टितेल ------

(ग) भिजा ----------- (घ) गुइठा ----------- (ङ) अन्य -----------

(१३) घरको प्रकार :

(क) माटोको घर ----------- (ख) काठको घर-----------

(ग)फूसको घर ----------- (घ) अरुकै घरमा वसेको-----------

(ख) आर्थिक पक्ष

(१) वालीको ढाँचा

| क्षेत्र | गर्मी | जाडो |
|---|---|---|
| वाली | ----------- | ----------- |
| उत्पादन | ----------- | ----------- |

(२) यस वालीको ढाँचालाई कसले निर्णय गर्छ ?

(३) के यस वालीले वर्ष भरी खान पुग्छ ?
(क) पुग्छ -------- (ख) पुग्दैन --------

(४) यसको उपयोग कसरी गरीन्छ ?

(५) यसको निर्णय कसले गर्छ ? --------------

(६) यदि उत्पादनमा ह्रास भएको खण्डमा समस्या संग कसरी समायोजन गर्नु हुन्छ ?
क) कृषि श्रमं-------------- (ख) निर्माण श्रमं--------------

(ग) आय आर्जनका कार्यहरु (डोको, नाम्लो आदि)-------------- (घ) अन्यं --------------

(७) तपाइको कूल वार्षिक आम्दानी कति छ ?
(क) ५०,००० सम्म (ख) ५०,००० - १,००,००० सम्म

(ग) १,००,००० भन्दा माथि

(८) के तपाई हप्तामा एकदिन आराम गर्नु हुन्छ ?
( ९) तपाईको मुख्य पेशा के हो ?
(क) कृषि--------------(ख) सेवा -------------- (ग) व्यापार--------------

(घ) घरदैलोको काम -------------- (ङ) ज्यालादारी --------------

(च) अन्य --------------

(ग) पशुपालन व्यवस्थापन

| पशुपालन खरीद | यो विचार पहिले कसको हो ? | सल्लाह कसले दिएको थियो | कसले किन्ने र विकि गर्ने निर्णय गऱ्यो ? |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| पशुपालनको विकि र पशुपालनको उत्पादनहरु | | | |
| १ | | | |
| २ | | | |
| ३ | | | |

(१) के तपाई आफ्नो गोरु (यदि छ भने) अरुलाई ज्यालामा दिनुहुन्छ ?
(क) दिन्छु ----------- (ख) दिन्न -----------

(२) यदि दिनु हुन्छ भने कसले निर्णय गर्छ ?-----------------------------------------------------

(३) पशुपालनको लागि घाँसपात कसले संकलन गर्छ ?-------------------------------------------------
--

(४) सम्पूर्ण पशूहरुको रेखदेख कसले गर्छ ? --------------------------------------------------------

(घ) शक्तिको प्रयोग र त्यसको समायोजन

| श्रोत | दाउरा | मट्टितेल | झिजा संकलन | गुइठो | अन्य |
|---|---|---|---|---|---|
| यो कसले ल्याउँछ ? | | | | | |
| आवश्यकताको कूल दैनिकीय | | | | | |

(१) यस्तो शक्तिको प्रयोगको निर्णय कसले गर्छ ? ------------------------------------------------

(ङ) श्रम उपयोगिताको ढाचाँ

| निर्णयका तहहरु | शुरुवात | व्यक्तिगत सल्लाह | अन्तिम निर्णय कर्ता |
|---|---|---|---|
| १. श्रमको साटासाट (पर्मा) | | | |
| २. श्रमको ज्याला (कृषिमा) | | | |
| ३. श्रमको ज्याला (अन्य क्षेत्रमा) | | | |
| ४. विना ज्याला (सहयोगको रुपमा) | | | |

(च) परिवारको सम्पूर्ण उधारो, नगद र खर्चको नियन्त्रण

(१) प्रायँ गरी घरको रुपैयाँलाई कसले राख्ने गर्छ ? ------------------------------------------------
(२) प्राँय जसो किन्नको लागि को वजार जाने गर्छ ?-----------------------------------------------

| निर्णयका वस्तुहरु | शुरुवात | व्यक्तिगत सल्लाह | अन्तिम निर्णय |
|---|---|---|---|
| १. खाद्य वस्तुहरु | | | |
| २. साथीभाई छिमेकिको लागि सानो तिनो ऋणहरु | | | |
| ३. कपडा | | | |
| ४.औषधी उपचार (परम्परागत र आधुनिक) | | | |
| ५.सामाजिक, धार्मिक उत्सव | | | |
| ६. लगानीहरु | | | |

(छ) सामाजिक पक्ष

(१) यहाँ प्राय कस्तो खालको विवाह सम्पन्न हुन्छ ?

(२) यदि मागी विवाह भएको खण्डमा प्रायँजसो जोडी छनौट कसले गर्छ ?

(३) तपाईको विचारमा महिलालाई वावुआमाको सम्पत्ति दिन आवश्यक छ,, छैन ?

(क) छ ---------- (ख) छैन----------

(४) तपाई आफ्नो वच्चाहरुलाई के मा महत्व दिनुहुन्छ ?

क) शिक्षा -----------(ख) सम्पत्ति -----------

(५) के तपाई अझै दाइजो प्रथालाई व्यवहारमा लागु गर्नु हुन्छ ? -----------
(६) यदि गर्छु भने दाइजो कति दिनु पर्छ भन्ने निर्णय कसले गर्छ?-----------
(७) यदि कम दाइजो दिइएको खण्डमा महिला तल पर्छ ?
क) पर्छ ----------- ख) पर्दैन -----------
(८) के परिवार भित्र वालविवाह अझै व्यवहारमा लागु छ ?
क) छ -----------ख) छैन -----------
(९) के परिवार भित्र अझै वहुपत्नी व्यवहारमा लागु छ ?
क) छ -----------ख) छैन-----------
(१०) के तपाई अझै यस्तो कुरालाई समर्थन गर्नुहुन्छ ?
क ----------- ख) गर्दिन-----------
(११) के परिवार भित्र सम्वन्ध विच्छेद लागु भएको पाइन्छ ?
क) पाइन्छ ----------- ख) पाइदैन -----------
(१२) यदि छ भने कसको र किन ?
(१३) के तपाईलाई परिवार नियोजनको साधन वारे थाहा छ ?
क) छ ----------- ख) छैन -----------

(१४) यदि छ भने, कुन श्रोतवाट थाहा पाउनु भयो ?
क) सञ्चार----------- ख) साथीभाई तथा छिमेकवाट----------ग) स्कूलवाट-------
१५) के तपाई परिवार नियोजनको साधन प्रयोग गर्नु हुन्छ ?
क) गर्छु----------- ख) गर्दिन -----------
(१६) यदि गर्नुहुन्छ भने कुन परिवार नियोजनको साधन प्रयोग गर्नु हुन्छ ?

(१) स्थायी ----------- (२) अस्थायी -----------

(१७) यसको प्रयोगमा कसले निर्णय गर्छ ?-----------

(१८) तपाईको श्रीमान कति वच्चा चाहनु हुन्छ ?

(क) दुई----------- (ख) तीन----------- (ग) धेरै -----

(१९) परिवार नियोजनको साधनको निर्णय प्रकृयामा महिलाको अवस्थालाई सुधार गर्न के गर्नुपर्छ ?

(क) महिलाको विचारलाई सम्मान गर्नुपर्छ। -----------

(ख) परम्परागत सांस्कृतिक विश्वासलाई भत्काउनु पर्छ। -----------

(ग) महिला आफै आत्म निर्णय र अधिकारको लागि जागरुक हुनुपर्छ। -----------

(घ) अन्य कारण -----------

(ङ) माथिका सबै-----------

(२०) परिवारको आकारको निर्णय कसले गर्छ ?-----------

(२१) तपाईले वच्चा कहाँ जन्माउनु भयो ?

क) घरमा ----------- ख) अस्पतालमा -----------

(२२) स्वास्थ्य सुविधाको निर्णयमा के तत्वले वाधा ल्याउँछ ?

क) परिवार----------- (ख) आर्थिक -----------

ग) संस्कृति -----------

(२३) के तपाईले परिवारमा पुरुष सरह स्वास्थ्य सुविधा पाउनु भएको छ ?

क) छ ----------  (ख) छैन ----------

(२४) यदि छैन भने, स्वास्थ्यको क्षेत्रमा समान अवसर प्राप्त गर्न तपाई के चाहनु हुन्छ ?

(क)--------------------------------------------------------

--------------------------------------------------------

--------------------------------------------------------

(ख)---------- ---------- ---------------------------- - --------

-- --------------------------------------------------------

--------------------------------------------------------

(ग)--------------------------------------------------------

--------------------------------------------------------

--------------------------------------------------------

(२५) के तपाई डाक्टर वा धामी झाक्रीमा विश्वास गर्नु हुन्छ ?

क) डाक्टर ---------- ख) धामी झाक्री ---------- ग) दुवै ----------

(२६) पानीको मुख्य श्रोत के हा

क) धारा ---------- ख) कलधारा---------- ग) साझा कलधारा----------

घ) खोला ------

(२७) तपाईलाई कस्तो प्रकारको परिवार मन पर्छ ?

क) एकल परिवार ---------- ख) संयुक्त परिवार ----------

(२८) तलको कुन विचारलाई तपाई समर्थन गर्नुहुन्छ ?

(क) वच्चाहरु भगवानका उपहार हो त्यसैले हामी सवै वच्चा स्वीकार गर्नुपर्छ । ---------

(ख) परिवारमा वच्चाको आकारलाई हामी आफैले निर्धारण गर्नुपर्छ । ----------

(ग) वच्चाहरुको जन्ममा परिवार नियोजनको साधनको गलत तरीकाले नियन्त्रण गर्छ । ---------

(२९) तलको कुन विचारलाई तपाई प्रमुख रुपमा समर्थन गर्नुहुन्छ ?

(क) भविष्यमा छोरीले भन्दा छोराले हेरचाह गर्छ । ----------

(ख) समाजले छोराको जन्मलाई महत्व दिन्छ । ----------

(ग) छोरा र छोरी समान छन् । ----------

(३०) तपाईको विवाह कहिले भएको थियो ?

क) किशोर अवस्था----------- ख) २० - ३० वर्षको -----------ग) ३० वर्ष भन्दा माथि-----------

(३१) सडक निर्माण पछि के तपाईको वाली उत्पादनमा परीवर्तन भएको छ ?

क) छ----------- ख) छैन -----------

(३२) के रोड निर्माणले रोजगारमा वृद्दि गरेको छ ?

क) छ ----------- (ख) छैन -----------

(३३) तपाई कुन मातृभाषा  वोल्नु हुन्छ ? -------------------------------------------------------

(३४) परिवारको निर्णय प्रकृयामा महिलाको समान अधिाकारलाई कुन तत्वले महत्वपुर्ण भूमिका खेल्छ ?

क) सम्पत्तिमा अधिकार -----------	(ख) लैगिंक शिक्षा-----------

ग) सामाजिक सहभागिता-----------	(घ) प्रजनन् अधिकार -----------

(ङ) माथिका सबै  -----------

(३५) के तपाई कुनै NGO'S / INGO'S संगठनसंग सम्वन्धीत हुनु हुन्छ ?

क) छु-----------  ख) छैन -----------

(३६) कति जना महिलाहरु यस समुदायवाट प्रत्यक्ष रुपमा राजनितीमा सहभागि छन् ?

क) एक  -----------	(ख) दुई  -----------

ग) तीन -----------	(घ) धेरै -----------

(३७) यदि छ भने, तपाईको घरवाट महिलाहरु स्थानिय सरकारको चुनावमा छनौट भएका छन् ?

क) छ  -----------	(ख) छैन -----------

(३८) के महिलालाई यस्तो राजनितीमा सहभागि हुन तपाईको परिवारले अनुमति दिएको छ ?

क) छ  -----------	(ख) छैन -----------

(३९) लैगिंक समानताको वारेमा सुन्नु भएको छ ?

क) छ	–––––––––––(ख) छैन –––––––––––

(४०) यदि छ भने , कुन समान अवसर महिला र पुरुषलाई दिनु पर्छ ?

(क) सम्पुर्ण निर्णय प्रकृयामा समान सहभागिता –––––––––––

(ख)महिला विरुद्धको सम्पुर्ण विभेदको अन्त्य

(ज) शैक्षीक अवस्था

(क) लेख्न र पढ्न नसक्ने -----------

(ख) लेख्न र पढ्न सक्ने -----------

(ग) S.L.C. (भन्दा तल)

(घ) S.L.C. -----------

(ङ) उच्च शिक्षा -----------

(१)के तपाईको वच्चाहरु स्कूल जान्छन् ।

क) जान्छ-----------  ख) जाँदैन -----------

(२) के केटीलाई भन्दा केटालाई स्कूल जानको लागि महत्व दिइएको छ ?

क) छ----------- ख) छैन----------- ग) वरावर -----------

(३) के केटी लाई स्कूल जान दिनु पर्छ ?-----------

क) पर्छ -----------　　　　ख) पर्दैन -----------

(४) यदि दिइनु पर्दैन भने किन पर्दैन ?-------------------------------------------

(५) वच्चाहरु स्कूल जानुपर्छ भन्ने निर्णय कसको हुन्छ ?---------------------------------

(६) के तपाई युवाहरुको शैक्षिक कक्षामा सहभागि हुनु भएको छ ?

क) छ -----------ख) छैन-----------

(७) यदि छ भने यो निर्णय कसले गर्छ ? --------------------------------------------

(८) अन्त्यमा महिलाको घरदैलो निर्णय प्रकृयाको भूमीकाका सुधार गर्न तपाई के सल्लाह दिनुहुन्छ ?